# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कोहलपुर नगरपालिका
## बाँके

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कोहलपुर नगरपालिका
## बाँके

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कोहलपुर नगरपालिका

## बाँके

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ९५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

**कोहलपुर** नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बाँके।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १३ करोड ६६ लाख ५३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३५ लाख ८१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ७७ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ५८ हजार, नियमित गर्नुपर्ने रु. ५ करोड ३६ लाख ९० हजार, पेश्की बाँकी रु २ करोड १५ लाख ३३ हजार समेत गरी यस वर्ष रु. १३ करोड ३० लाख ७२ हजार बेरुजू कायम रहेको छ । नगरपालिकाको गतवर्ष सम्मको सम्परिक्षण पश्चात रु. ३७ करोड ११ लाख १० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५० करोड

४१ लाख ८२  हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **कोहलपुर** नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **कोहलपुर** नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
**नायब महालेखापरीक्षक**

## कोहलपुर नगरपालिका, बाँके जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५९ | ४५९ | १३६६५३ | ० | ५ | ३५८१ | ५९ | ४५४ | १३३०७२ | १७७९१ | ५३६९० | ४००५८ | ० | ० | ९३७४८ | २१५३३ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कोहलपुर नगरपालिका, बाँके जिल्ला | ४५२८०१ | ० | ८१६९१ | ३७१११० | ० | १३३०७२ | ५०४१८२ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २६ | पेश्की फछ्यौट | ३५७४६२५ |
| २ | ०७९।०८० | १५१.७ | प्रमाण पेश | ६३०० |
| | चालु वर्षको जम्मा | | | **३५८०९२५** |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | बिभिन्न | | ४११६५५२३ |
| | २०७७।७८ | बिभिन्न | | ४०५२५४४९ |
| | गत विगतको जम्मा | | | **८१६९०९७२** |
| | कुल जम्मा | | | **८५२७१८९७** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १५ वडा, ७६ सभा सदस्य १८४.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा १००२८९ जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

३ **लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२६ देखि २०८०।९।६ सम्म रहेको छ ।

४ **लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

५ **लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

६ **संचित कोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय/व्यय हिसाबको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| विवरण | टिप्पणी | यस वर्ष रु. |
|---|---|---|

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | १४४१३३०२९८.७ | ११३८२५८४७५.६९ | | ११३८२५८४७५.६९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १२८३००९०००. | ९४२३४२७०७.९४ | ० | ९४२३४२७०७.९४ |
| ११००० कर | ११ | ३३१०७४०००. | २४८०१७६७९. | ० | २४८०१७६७९. |
| १३००० अनुदान | | ७१५२२५०००. | ६५२८९९३०१. | ० | ६५२८९९३०१. |
| संघीय सरकार | १२ | ६६३७०९०००. | ६१११४१८११. | ० | ६१११४१८११. |
| प्रदेश सरकार | १२ | ५१५१६०००. | ४१७५७४९०. | ० | ४१७५७४९०. |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ३६४१००००. | ४१४२५७२७.९४ | ० | ४१४२५७२७.९४ |
| ३२००० वित्तीय सम्पत्ति | | १५०३०००००. | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १५८३२१२९८.७ | १९५९१५७६७.७५ | | १९५९१५७६७.७५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १५८३२१२९८.७ | १६१८६४४०१.७५ | ० | १६१८६४४०१.७५ |
| धरौटी | | ० | ३४०५१३६६. | ० | ३४०५१३६६. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १४४१३३०२९८.७ | ११४९५७३६३०.७ | | ११४९५७३६३०.७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १२८३००९०००. | १००२८९४२०९.८७ | | १००२८९४२०९.८७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२१८२६०००. | ११८००५९४५.१२ | ० | ११८००५९४५.१२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५८५०६०९९२. | ४७७९७१११७.२२ | ० | ४७७९७१११७.२२ |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | ६०००००. | ६०००००. | ० | ६०००००. |
| २६००० अनुदान | १८ | ५००००००. | ४९९९१४८. | ० | ४९९९१४८. |
| २७००० सामाजिक सुरक्षा | १८ | २८६९०००. | २४०४२७०. | ० | २४०४२७०. |

| | | | | | |
|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | ८५००००. | ७९०८१०. | ० | ७९०८१०. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५६६८०३००८. | ३९८१२२९१९.५३ | ० | ३९८१२२९१९.५३ |
| घ. अन्य भूक्तानी | | १५८३२१२९८.७ | १४६६७९४२०.८३ | | १४६६७९४२०.८३ |
| कोषहरु | | १५८३२१२९८.७ | १३३५९५३६७.८३ | ० | १३३५९५३६७.८३ |
| धरौटी | | ० | १३०८४०५३. | ० | १३०८४०५३. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -११३१५१५५.०१ | | -११३१५१५५.०१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २१५३८४२४१.५ | | २१५३८४२४१.५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २०४०६९०८६.४९ | | २०४०६९०८६.४९ |
| बैक तथा नगद बाँकी | | | १६२६५६२४३.१२ | | १६२६५६२४३.१२ |

७ **अन्तर सरकारी वित्तीय हस्तान्तरण-** पालिकाले तयार गरेको आर्थिक विवरणमा निम्नानुसारको कारोबार समावेश गरिएको छैन ।

| बजेट उप शिर्षक | निकासा | खर्च |
|---|---|---|
| भाषा तथा संस्कृति कार्यक्रम | २८३६६९० | २८३६६९० |
| सामाजिक सुरक्षा तथा संरक्षण | २३८८८२३४२.६८ | २३८८८२३४२.६८ |
| एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २८३५१६५२ | २८३५१६५२ |
| स्थानीय तह भवन पुर्वाधार विकास कार्यक्रम | १००००००० | १००००००० |
| जम्मा | २८००७०६८४.६८ | २८००७०६८४.६८ |

८ **आर्थिक कारोबारको स्थिति-**पालिकाको अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. १६३१२८९६४.१६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ९ **वित्तीय विश्लेषण**

९.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

९.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

९.३ प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.१ अर्व १३ करोड ८२ लाख ५८ हजार र गत वर्षको मौज्दात रु. २१ करोड ५३ लाख ८४ हजार समेत जम्मा रु. १ अर्व ३५ करोड ३६ लाख ४२ हजार र कुल भुक्तानी रु.१ अर्व १४ करोड ९५ लाख ७३ हजार देखाई रु. २० करोड ४० लाख ६९ हजार अन्तिम मौन्दात देखिन्छ ।

९.४ पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

९.५ जिम्मेवारी फरक परेको — स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । लेखापरिक्षणको अवधिमा सुत्र प्रणालीमा देखिएको म ले प फारम नं २७२ अनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु. २२ करोड १७ लाख ८२ हजार मौज्दात कायम देखाएकोमा यो बर्षको शुरुमा रु. २१ करोड ५३ लाख ८४ हजार जिम्मेवारी सारेको देखियो साथै हाल परिवर्तित म ले प फारम नं २७० अनुसार रु २५ करोड ८७ लाख ४७ हजार जिम्मेवारी सारेको देखिन्छ । यसरी म ले प फारम अनुसार फरक तथ्याङ्कको बारेमा सुधार हुनुपर्दछ ।

९.६ खर्च बिश्लेषणः- पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु.४ करोड १४ लाख २५ हजार राजस्व बाँडफाँटबाट रु. २४ करोड ८० लाख १७ हजार र अनुदानबाट रु.६५ करोड २८ लाख ९९ हजार र अन्य आयबाट रु.१९ करोड ५९ लाख १५ हजार समेत रु. १अर्व १३ करोड ८२ लाख ५८ हजार आम्दानी भएकोमा चालु तर्फ रु.६० करोड ४७ लाख ७२ हजार ( ६० प्रतिशत) र पूँजिगत तर्फ रु. ३९ करोड ८१ लाख २२ हजार (४० प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४ करोड १४ लाख

२५ हजार (४) प्रतिशत रहेको छ ।यसबर्ष प्रशासनिक खर्च वापत रु. ११ करोड ८० लाख ०५ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३ गुणा बढी खर्च हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६० प्रतिशत चालु र ४० प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।

१० **क्षेत्रगत बजेट** - पालिकाको कुल बजेट ६९ करोड ९८ लाख १९ हजार र खर्च ४९ करोड ५४ लाख ७३ हजार खर्च भई समग्रमा ७०.८ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क स | क्षेत्रगत बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ९४०७७१९.०५ | १.९ |
| २ | सामाजिम विकास | १८६५४२२६०.४८ | ३७.६५ |
| ३ | पूर्वाधार विकास | ११५६७८५२७.०१ | २३.३५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८५४११११.१२ | १.७२ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १७५३०३५११.७ | ३५.३८ |
| जम्मा | | | १०० |

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३७.६५ प्रतिशत, पूर्वाधार विकासमा २३.३५ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा ३५.३८ प्रतिशत, आर्थिक विकास तर्फ १.९० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.७२ प्रतिशत प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

११ **चैमासिक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल पूजिगत खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | पुँजिगत | १५००९३ | २४२५६ | ३१६९६ | ९४१४० | ६२५७८ |

१२ **योजना बर्गिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।

| क्र. सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाखसम्म | २६ |
| २ | १ लाख देखि ५लाख सम्म | १२९ |
| ३ | ५ लाख देखि २० लाख सम्म | ३१ |
| ५ | २० लाख भन्दा माथीका योजना | ७ |
| | जम्मा | १९३ |

१३ **कर्मचारी पदपूर्ति** =स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई, करार र ज्यालादारी गरी १५८ जना पदपूर्ती भएको देखिन्छ। कर्मचारी व्यवस्थापन कार्यलाई दुरुस्त बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- वडा कार्यालयतथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।
- भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिई निजहरु मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।

- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१५ **करार कर्मचारी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७७ जना कर्मचारीहरु करारमा राखि रु १४३००००० खर्च लेखेको छ ।

१६ **तलवी प्रतिवेदन** - निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

१७ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । यस वर्ष पालिकाले आर्थिक सहायता शिर्षकमा रु २१ लाख ९४ हजार विनियोजन गरी रु १९ लाख ३ हजार खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २ करोड ६५ लाख ८ हजारको ७.१८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१८ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु ३२ लाख विनियोजन गरी रु. १७ लाख ९२ हजार खर्च लेखेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा अधिकांशमा गरेको देखिएन । पालिकाले आगामी दिनमा यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **राजस्व अनुमान र प्राप्ती-**

१९.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४४ करोड ८२ लाख ४६ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ११ करोड ९५ लाख ०३ हजार प्राप्त गरी प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | २५०००००० | ११२४१०३९.१८ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १५६०००००० | २६४१४१५७.६ |
| ११३२१ वहाल कर | ११५००००० | ५३०४९८६.७१ |
| ११३२२ वहाल विटौरी कर | १०००००००० | ३१४७२४५.९ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १४७२६३००० | ३४७३२०६३.७६ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | २१४०५७६८.९५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ११३८३११२ | ४८४६२१३.२४ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ८००००० | ० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४०००००००० | ८,०००.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ५००००० | १३७५०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १०००००० | २८०८२९.९५ |
| १४२४२ नक्सापास दस्तुर | १५०००००० | ४६२७१३७.०९ |

| | | |
|---|---|---|
| १४२४३ सिफारिश दस्तुर | ६०००००० | २५५५९४०.९७ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३६७५०० | ११८०४७ |
| १४२४५ नाता प्रमाणित दस्तुर | १५७५०० | ८१,७५०.०० |
| १४२४९ अन्य दस्तुर | ४२००००० | ८७०३५१.२२ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०००००००० | ३३८३३०५ |
| १४२६५ अन्य क्षेत्रको आय | ८३२९६९७.९८ | २४,५००.०० |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | २१०००० | २७३०७३ |
| १४५२९ अन्य राजस्व | ५३५५०० | ५१,४३७.४९ |
| जम्मा आन्तरिक राजस्व | ४४८२४६३०९.९८ | ११९५०३३४७.०६ |

पालिकाले २१ वटा विभिन्न शिर्षकमा आय प्राप्त गर्ने लक्ष्य लिएकोमा १९ वटा शिर्षकमा मात्र तोकिए भन्दा न्यून मात्रामा राजश्व संकलन भएको छ भने २ वटा शिर्षकमा राजश्व संकलन भएको देखिएन। पालिकाले आगामी दिनमा बास्तविक रुपमा लागत अनुमान तयार गरी राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

१९.२ **व्यवसाय करः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रकम प्राप्त नभएको हुदा पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

१९.३ **मनोरन्जन करः** स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन।आगामी दिनमा यस कर संकलनमा ध्यान दिनुपर्दछ।

१९.४ **ईट्टा व्यवसायीः** स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा रहेका विभिन्न व्यवसायीलाई दर्ता गर्न प्रोत्साहन गरी बार्षिक रुपमा संस्था दर्ता नविकरण गरेरमात्र कार्य गर्ने व्यवस्था गर्नुपर्नेमा पालिका क्षेत्रमा विभिन्न इट्टा व्यवसायीहरु रहेकोमा पालिकामा कुनै पनि इट्टा व्यवसायी दर्ता भएको देखिएन। जनताको जनजीवनमा प्रत्यक्ष असर पार्ने इट्टा व्यवसायीलाई पालिकाले दर्ता गर्न लगाई करको दायरामा ल्याउनुपर्दछ ।

१९.५ नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

१९.६ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष कुनै पनि कर संकलन भएको देखिएन। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (**HOUSEHOLD SURVEY**) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

१९.७ पालिकाको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।पालिका वडामा संकलन भएको राजश्व नियमानुसार दाखिला गर्नुपर्नेमा प्रत्येक महिनाको १५ दिन देखि १ महिना पछि संकलित रकमको दाखिला गरेको देखिएको हुदा नियमानुसार समयमै संकलित रकम दाखिला गर्नुपर्दछ ।

१९.८ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श

समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

२० **योजनाको दोहोरोपना** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो पर्न सक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

२१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नगराइ बार्षिकरुपमा गरेको देखियो। । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिकरुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२२ **भम्रण अभिलेख खाता** - सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म. ले. प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

- पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन साथै समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।
- पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. १३६८०००.०० खर्च गरेकोमा सवै किसिमको मर्मतको अवस्था देखिने गरी मर्मत अभिलेख राखेको छैन । साथै मर्मत वापतको रकम सिधै सम्बन्धित पार्टिलाई भुक्तानी दिनु पर्नेमा सो नगरि कर्मचारीले विल पेश गरि कर्मचारीको नाममा भुक्तानी भएको छ। यसले भुक्तानी लिएको कर्मचारीले मर्मत गराए।नगराएको यकिन हुन सकेन। साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।

२३ **भम्रण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ ।

- भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फारम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फारम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा रु.६००००० खर्च गरेको देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमणको यथार्थपरकम अवस्था देखिने गरी भम्रण अभिलेख प्रतिवेदन तयार गरी पेश गरेको देखिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा दैनिक भ्रमण भत्ताको नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा अवस्यकता तथा औचित्यको आधारमा भुक्तानी दिनु पर्नेमा औचित्य पुष्टि हुनेगरि दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिएन। पालिकाले यस तर्फ सुधार गर्नुपर्दछ।

२४ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ५ ऐन, १ नियमावली, १३कार्यविधि २ निर्देशिका १ आचरण सहिता र २ मापदण्ड समेत २४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

२५ **मुद्दाको अध्यावधिक विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपप्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| ० | १२९ | १२९ | ९३ | ० | ३६ |

२६ **पेश्की बाँकी**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. २९४१८ र म्याद सकिएको पेश्की रु २१५३३३२५ गरी कुल पेश्की रु.२१५६२७४३ फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु

| | | चालु आ. व. | | |
|---|---|---|---|---|
| पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको | फछ्यौंटको अन्तिम म्याद | म्याद ननाघेको |

| | | | | |
|---|---|---|---|---|
| ०५/३०/२०७९ | एसोसियट । जय भवानी । रन्जितकार जे भि | ८७००००० . | ०७/०१/२०७९ | ० |
| ०९/०१/२०७९ | एसोसियट । जय भवानी । रन्जितकार जे भि | ३९७०००० . | १०/०६/२०७९ | ० |
| ०९/१७/२०७९ | के.बि.गुरुङ्ग कन्स्ट्रक्सन प्रा.लि | ७३७५०० . | १०/२२/२०७९ | ० |
| १०/०४/२०७९ | के.बि.गुरुङ्ग कन्स्ट्रक्सन प्रा.लि | ७३७५०० . | ११/१०/२०७९ | ० |
| ११/२१/२०७९ | मां त्रिपुरासुन्दरी निर्माण सेवा | ५०५००० . | १२/२६/२०७९ | ० |
| ११/२८/२०७९ | शोभा लक्ष्मी कन्सट्रक्सन | ९८२००० . | ०१/०३/२०८० | ० |
| ०१/१९/२०८० | शोभा लक्ष्मी कन्सट्रक्सन | ९९४६१२ . | ०२/२३/२०८० | ० |
| ०१/१९/२०८० | शोभा लक्ष्मी कन्सट्रक्सन | ७१६३२५ . | ०२/२३/२०८० | ० |
| ०१/१९/२०८० | बि एण्ड बि कन्ष्ट्रक्सन | ४८०५८५ . | ०२/२३/२०८० | ० |
| ०१/२०/२०८० | खुशी विल्डर्स | ४७४६२४ . | ०२/२४/२०८० | ० |
| ०१/२८/२०८० | बि एण्ड बि कन्ष्ट्रक्सन | ४८०५८५ . | २०८०/०२/३२ | ० |
| ०१/२९/२०८० | पार्वति निर्माण सेवा | १३००००० . | ०३/०१/२०८० | ० |
| ०२/११/२०८० | शोभा लक्ष्मी कन्सट्रक्सन | ७१६३२५ . | ०३/१४/२०८० | ० |
| ०७/२२/२०७९ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | १३७१७८ . | ०८/२७/२०७९ | ० |
| ०८/२७/२०७९ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ३५,८७६.०० | १०/०३/२०७९ | ० |
| ०९/१८/२०७९ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ५०,८२६.०० | १०/२३/२०७९ | ० |
| १२/१६/२०७९ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | २५,४१५.७५ | ०१/२१/२०८० | ० |
| १२/२०/२०७९ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | १३९१५४ . | ०१/२५/२०८० | ० |
| ०१/२४/२०८० | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | १२७९९५.८ | ०२/२८/२०८० | ० |

| | | | | |
|---|---|---|---|---|
| ०१/२४/२०८० | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | २२१८२३.२५ | ०२/२८/२०८० | ० |
| ०३/१९/२०८० | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ० | ०४/२३/२०८० | २९,४१८.६२ |
| | | २१५३३३२४.८ | | २९,४१८.६२ |

*५...........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्र्यौटको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।९ को निर्णयबाट रु. ३५७४६२५ ।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| पेश्की | २,१५,३३,३२४.८ |

२७ **कवाडी कर -** पालिकाले आ व २०७९।८० को लागि नगरपालिका क्षेत्र भित्रका कवाडी माल, जडिबुटी विक्रि वितरण तथ उपयोगमा लाग्ने कर संकलनका लागि प्रथम पटक मिति २०७९।४।१ गते सुचना प्रकासन गर्दा न्यूनतम ठेक्का कवोल अंक रु.४२३२४१५ राखेकोमा कुनै पार्टिले ठेक्का कवोल नभएकोले पुनः दोस्रो पटक रु १९५०००० को न्यूनतम कवोल अंक कायम गरी मिति २०७९।५।२२ मा सुचना प्रकासन गरेकोमा त्यसमा पनि कुनै पनि व्यक्तिले कवोल नगरेको हुदा तेस्रो पटक कार्यपालिकाको निर्णय अनुसार न्यूनतम कवोल अंक रु १२००००० कायम गरी मिति २०७९।७।६ मा सुचना प्रकासन गरेकोमा रु. १९२७९८७।८९ कवोल गर्ने कृष्ण विल्डर्सले ४० प्रतिशत रु ७७११९६ बुझाई बाँकी रहेको ११५६७९३ लाई २ किस्तामा बुझाउने गरी २०७९।८।२९ मा सम्झौता गरी बाँकी रकम बर्षान्तमा (२०८०।३।३१) एकमुष्ट रु ५ लाख भुक्तानी गरेको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) आ व २०७८।७९ को लागि रु १९९९९९९ को न्यूनतम कवोल अंक कायम गरी ठेक्का सुचना जारी भएकोमा अनुदिप विल्डर्सले रु ६४१२७५० मा ठेक्का सकार गरेको अवस्थामा यस वर्ष रु ४२३२४१५ को न्यूनतम कवोल अंक कायम गरी प्रथम पठक सुचना प्रकासन ठेक्का नपरेको भनी न्युनतम अंक घटाई ठेक्का आव्हान गर्दा गत बर्षको भन्दा यस बर्ष रु ४४८४७६२ घटि राजस्व असुल भएको देखियो।

ख) सम्झौता अनुसार बाँकी रकम रु ११५६७९३ लाई दुइ किस्तामा बुझाउने गरी सम्झौता भएकोमा ३।३१ मा ५ लाख र बाँकी रकम २०८०।९।३ गते मात्र बुझाएको देखिएकोले सम्झौता अनुसार तोकिएको समयमा नबुझाएको रु ११५६७९३ को १० प्रतिशतले जरिवाना रु ११५६७९ असुल गर्नुपर्ने रु

ग) मू अ कर बारे सम्झौतामा कुनै कुरा उल्लेख नभएको र सम्झौताको बुदा नं ४ अनुसार कवाडी कर संकलन कार्यको सम्पूर्ण कर दायित्व ठेक्का सकार गर्ने पक्षको हुने उल्लेख भएकोले सम्झौता रकम रु १९२७९७८ को १३ प्रतिशत भ्याट बापत रु २५०६३८ सम्वन्धित कृष्ण विल्डर्सले पालिकाको नाममा आन्तरिक राजस्व कार्यमालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी मु अ कर खातामा दाखिला गर्नुपर्ने रु

घ) कृष्ण विल्डर्सले पौषको महिना सम्म कर उठाई रहेको विल विजकद्धारा देखिएकोले सुचना प्रकासन आ व २०७९।८० लागि भएको हुदा २०८० अषाढ ममान्त भन्दा पछि संकलन गरेको कवाडी करको हिसाव यकिन गरी दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६६,३१७ |

२८ **सामाजिक सुरक्षा** - पालिकाले यस बर्ष सामाजिक सुरक्षा शीर्षकमा रु करोड लाख हजार निकासा दिई पहिलो किस्तामा बाल पोषण भत्ता बितरण नगरी दोस्रो किस्तामा ढिलो गरी बितरण गरेको देखियो। दोस्रो किस्तामा २४९० जना बालबालिकालाई बाल पोषण भत्ता रु ३८ लाख २८ हजार तथा अन्य १५८७ लाभग्राहिलाई १ करोड ६६ लाख ६२ हजार गरी जम्मा रु २ करोड ४ लाख ९० हजार गरी दुइ किस्तामा जम्मा ३ करोड ८० लाख २७ हजार वितरण भएकोमा तेस्रो र चौंथो किस्तामा अनुमानित बजेट ऋमश २ करोड ६ लाख १३ हजार र २ करोड ९ लाख ७४ हजार गरी ४ करोड १५ लाग ८७ हजारको विवरण सहित बैंकमा पठाएकोमा हालसम्म बैंकले के कति वितरण भइ के कति फिर्ता पठाउनुपर्ने हो सो को विवरण पेश नगरेको कारण कार्यालयले यथासिघ्र सो विवरण माग गरि पेश गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **मनोरन्जन कर** - स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष लुम्विनि प्रादेशिक महोत्सव कोहलपुर मा मिति २०७९।११।५ देखि २०७९।११।१३ सम्म संचालन गरेकोमा मनोरन्जन कर बापत रु.१२७००० कर दाखिला गरेको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) महोत्सवमा विक्रि गर्ने टिकट पालिकाबाट प्रमाणित गरी बिक्रि भएको टिकटको आधारमा मनोरन्जन कर दाखिला गराउनुपर्नेमा यस सम्वन्धमा प्रभावकारी रुपमा टिकट विक्रि र स्टल भाँडाको बारेमा नियमित रुपमा डाटा संकलन गरी सो को आधारमा व्यवसाय कर , मनोरन्जन कर र बहाल कर दाखिला गर्नुपर्नेमा सो गरेको देखिएन। जसबाट लुम्विनि प्रादेशिक महोत्सव कोहलपुरले पेश गरेको आम्दानी त्यति नै हो भनि बिस्बस्त हुने आधार भएन।

ख) लुम्विनि प्रादेशिक महोत्सव कोहलपुर ले तयार गरेको आय व्यय विवरण अनुसार बाल उद्यान को रु. २०५०००० र टिकट बापत रु. ३५८५८१८ गरी कुल रु. ५६३५८१८ को ५ % ले मनोरन्जन कर बापत रु २८१७९० र स्टल बुकिङ्ग बापत को रु. ४९००२९५ को बहाल कर बापत १० % ले रु. ४९००२९ गरी रु. ७७१८२० दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने र मनोरन्जन कर रु. २८१७९० को ४० प्रतिशत रु.११२७१६ प्रदेश संचित कोषमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८४,५३५ |

३० **विज्ञापन कर** - प्रदेश आर्थिक ऐन २०७९ को दफा नं ५ अनुसार प्रदेशभित्र विज्ञापन सामाग्री बापतको कर सम्वन्धित स्थानीय तहले कानून बमोजिम निर्धारण गरी असूल उपर गरी संकलित कर प्रचलित कानून अनुसार

प्रदेश र स्थानीय तह बीच बाँडफाँड गर्नुपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार पालिकाले विद्युतिय विज्ञापन वोर्ड जडान एंव संचालन तथा व्यवस्थापन कार्यको लागि सूचना प्रकासन गरी छनौट भएको कोहोलपुर एग्रोमिट प्रोसेसिंग सप्लायर्स प्रा लि सँग डिजिटल प्रविधियुक्त विज्ञापन विज्ञापन कर संकलन गर्ने कार्यको लागि बार्षिक रुपमा रु. ५००००० र आ व २०७६।७७ देखि प्रति वर्ष १० प्रतिशतका दरले कर बृद्धि हुने गरी आ व २०७५।७६ देखि आ व २०८०।८१ सम्मको लागि बार्षिक रुपमा ३ किस्तामा रकम बुझाउने गरी सम्झौता भएको श्रेष्ताको अध्ययन गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) निजि साझेदारी अवधारणा अनुसार नगर क्षेत्रभित्र भएका डिजिटल, एसिपि, विद्युतिय विज्ञापन गर्न, सोलार जडित आधुनिक वोर्ड, ट्राफिक आइलैण्डमा डिजिटल घडि समेत जडान गरी विज्ञापन सामाग्री राखी रोयल्टी बुझाउने गरी सम्झौता गरेकोमा सो तर्फ पालिकाले ध्यान दिएको नदेखिएकोले सो तर्फ ध्यान दिनुपर्दछ ।

ख) प्रदेश आर्थिक कार्यविधि ऐन २०७९ दफा ११(२) अनुसार कर छुट दिनु पर्दा प्रत्येक वर्ष आर्थिक मामिला तथा सहकारी मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था विपरित हुने गरी कार्यपालिकाले कर छुट दिने निर्णय गरी २५ प्रतिशत हुने रु १७५००० छुट दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७५,००० |

३१ **ढिलो कर दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा नं २८ (१ र २) अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलीपल्ट दाखिला गर्नुपर्ने सो नगरेमा तालुक कार्यालयले १० दिन सम्म ढिला दाखिला गर्नेको अवस्थामा सो दाखिला गर्न बाँकी रकमको १० प्रतिशतले हुने जरिवाना समेत असुल गरी दाखिला गर्ने र १० दिन भन्दा ढिला भएको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कमूरको मात्रा अनुसार प्रचलित कानून अनुसार विभागीय कारवाही समेत गर्न लगाउन सक्ने व्यवस्था रहेको छ । पालिका मातहत विभिन्न वडामा संकलन भएको राजस्व नियमानुसार समयमै दाखिला भएको देखिएन। श्रावण महिनाको नमुना परिक्षण गर्दा ढिला दाखिला गरेको देखिएकोले समयसिमा भित्र दाखिला गर्ने कानुनी ब्यबस्थाको पुर्णरुपमा पालना हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **डकुमेन्ट्री निर्माण** - पालिकाले कृषि सम्वन्धि डकुमेन्ट तयार गरेको भनी संगम मल्टिमिडिया हव प्रा लि लाई गो भौ नं ४३०।०८०।३।१८ बाट रु. ६०००० भुक्तानी दिएकोमा संघीय ससर्त बजेट शिर्षकबाट स्वीकृत कार्यक्रम बेगर पालिकाको निर्णयबाट डकुमेन्ट्रि तयार गरे बापत भुक्तानी दिएको रकम संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

३३ **फोहोर मैला संकलन** - कोहलपुर नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा नगरपालिका भित्रको फोहोरमैलाको उचित र दिगो व्यवस्थापनको लागि रु २९८२२०१०.९८ को लागत अनुमात तयार गरी १५ वर्षको लागि पालिकाले शहरी फोहर मैला व्यवस्थापन तथा स्रोतको परिचालन केन्द्रको निर्माण स्वीकृत

इन्जिनियरिङ्ग डिजाइन अनुसार दोस्रो पक्ष( जटायू रिसाईकलर्स प्रा लि) लाई रु २०२८७९१४ र दोस्रो पक्षले त्यसमा रु ९५३४०९६ समावेश गरी निर्माण कार्यको भुक्तानी दिने गरी मिति २०७७।३।२६ गते भएको सम्झौता अनुरुप कार्यादेश भई यस बर्ष भएको कार्यको भुक्तानी श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पेश्की जोखिममा: पालिकाले फोहोर मैला व्यवस्थापन कार्यको इजाजत पत्र नै नभएको जटायु रिसाइक्लर्स प्रा लि ( मिति २०७४।९।१४ मा प्यानमा दर्ता हुदा हवाई यातायात तथा सहायक सेवा प्रदान गर्ने, ट्राभल ऐजेन्टको रुपमा काम गर्ने र मिति २०७७।३।२४ मा भ्याटमा दर्ता हुदा मल विउ विजन सम्वन्धि कारोबार, मर्मत सम्वन्धि कार्य र सफाई सम्वन्धि सेवा प्रदान गर्ने) सँग २०७७।३।३१ मा सम्झौता भई निर्माण कार्य गर्ने कार्यादेश दिएकोमा उक्त प्रा लि लाई अग्रिम पेश्की जमानत पत्र पेश नै नगरी पालिकाले गो भौ नं २।०७७।३।३० बाट पेश्की बापत रु ७४५५०००, भुक्तानी गरेकोमा ,गो भौ नं १३।०७८।३।३० बाट दोस्रो रनिङ्ग विल बापत रु २३३०५५१ भुक्तानी गर्दा रु ७०००००) , मात्र पेश्की फछ्यौट भइ पेश्की फर्यौट हुन बाँकी रु ६७५५००० देखिन्छ। फछ्यौट हुन बाकी रु ६७५५००० को बैंक जमानत समेत नरहेको हुदा उक्त पेश्की रकम नियमानुसार असुल गरी पेश्की फछ्यौट गर्नुपर्ने रु

(ख) सम्झौता कार्यान्वयन नगरेको: विगत बर्ष सम्म जटायु लाई पेश्की बाहेक कुल रु ९२९९२२२ भुक्तानी भएकोमा उक्त प्रा.लि. को सम्झौता अनुसार फोहरमैला ब्यबस्थापन कार्य अगाडि नबढाइ उक्त क्षेत्रमा स्थानीयबासीको अवरोध भएको भनी पालिकाले यस बर्ष अर्को स्थान सरस्वती सामुदायिक वनको जगगामा फोहरमैला ब्यबस्थापन गर्न सम्झौता गरी कार्यान्वयन गरेको देखियो। यसरी पालिकाले निजी जग्गामा वातावरण प्रभाव मूल्याङ्कन तथा स्थानीय जनताको चाहना तथा भावी दिनमा आइपर्ने जोखिमको आकलन नै नगरी ठेक्का ब्यबस्था गरी हाल उक्त प्रा लि सँग भएको सम्झौता नतोडी पुनः अर्को पार्टिलाई सोहि कार्यको लागि रकम भुक्तानी गर्ने गरी निर्णय गर्ने जिम्मेवार पदाधिकारी र सम्झौता गरी फोहोर ब्यबस्थापन नगर्ने जटायु रिसाइक्लर्स प्रा लिलाइ जिम्मेवार बनाइ सम्झौता कार्यान्वयन गरेको देखिएन।

(ग)अर्को पार्टीसँग सम्झौता: पालिकाले १५ वर्षलाई फोहोरको व्यवस्थापन गर्नको लागि जटायु रिसाइक्लर्स प्रा लि को निजी जग्गामा प्लान्ट निर्माण गर्दा पेश्की बाकी समेत रु १६७५४२२२ खर्च गरिसकेको अवस्थामा उक्त क्षेत्रमा स्थानीयबासीको अवरोध भएको भनी पालिकाले यस बर्ष सरस्वती सामुदायिक वनको जग्गामा २।२ बर्षमा १० प्रतिशतका दरले शुल्क बढ्ने गरी) १२ वर्षको लागि पालिकाले सरस्वती सामुदायिक वन उपभोक्ता समुहले उपभोक्ता समितिको प्रस्तावित कार्यक्रममा खर्च गर्न सक्ने गरी उक्त सामुदायिक वनको कर्णाली विकास बैकको खाता नं ००९००९७००००४३१५००००१ का मासिक रु १ लाख ५० हजारको दरले बार्षिक रु १८ लाख भुक्तानी दिने गरी मिति २०७९।४।२३ गते सम्झौता भई कायदिश दिएको देखियो। यस बर्ष सरस्वती सामुदायिक वनमा डम्पिङ्ग साइटमा खनेर खाल्डो तयार गरेको भनी गो भौ नं ६८।०७९।८।१९ बाट रु ४६४३० र रकम संकलनको विवरण तयार गर्नको लागि सफ्टवयर खरिद बापत गो भौ नं ९०।०७९।८।२८ बाट रु १५०००० भुक्तानी भएको देखिन्छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,५५,००० |

३४ **नर्म्सभन्दा बढी दरमा भुक्तानी** - अर्थ मन्त्रालयद्धारा जारी कार्यसंचालन निर्देशिका २०७७ अनुसार सार्वजनिक निकायले कुनै कार्यक्रम संचालन गर्दा कार्यविधिले तोके अनुसारको दरमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका मातहतमा संचालित निम्नानुसारको कार्यक्रमहरुमा तोकीएको दर भन्दा बढी भुक्तानी भुक्तानी गरी पालिकालाई बढी व्ययभार परेको हुदा आगामी दिनमा यस प्रकारको खर्चमा सुधार गर्नु पर्दछ।

| भौ नं मिति | कार्यक्रम | संचालनकर्ता ।भुक्तानी पाउने | भत्ताको प्रकार | दिनुपर्ने | दिएको | बढी रकम करबाहेक |
|---|---|---|---|---|---|---|
| १३१।०६।०२ | न्यायिक मेलमिलापक र्ताहरुको पुनर्ताजगी कार्यक्रम | सुभाष पौडेल | यातायात | १२००० | ३०००० | १८००० |
| ३०२।०८।१९ | पशु स्वास्थ्य तथा परजीवि घुम्ती शिविर | लोकेन्द्र बुढा | यातायात | ३२०० | ८००० | ४८०० |
| ३७६।०९।१८ | डेङ्गु रोग नियन्त्रण सम्बन्धि सचेतनामुलक कार्यक्रम | प्रदिप कुमार रावत | यातायात | ७००० | १७५०० | १०५०० |
| ४१२।२०७९।१०।०३ | कृतिम गर्भाधारण कार्यक्रम | दिपा शर्मा | कर्मचारी यातायात | 0 | २५०० | २५०० |
| ३३८।२०७९।०९।०३ | पशु स्वास्थ्य तथा परजिवी नियन्त्रण घुम्ती | दिपा शर्मा | यातायात | ३२०० | ८००० | ४८०० |
| ३८०।२०७९।०९।१९ | पशु स्वास्थ्य तथा परजीवि घुम्ती शिविर | नविना थापा | यातायात | ३२०० | ८००० | ४८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५८३।२०७९।११।३० | करदातालाई करशिक्षा कार्यक्रम | पुरूषोत्तम पोखेल | सहभागी भत्ता | ३०४०० | १२९२०० | ९८८०० |
| | करदातालाई करशिक्षा कार्यक्रम | पुरूषोत्तम पोखेल | प्रशिक्षण भत्ता | १२००० | २०००० | ८००० |
| | करदातालाई करशिक्षा कार्यक्रम | पुरूषोत्तम पोखेल | अनुगमन | 0 | ६८०० | ६८०० |
| | करदातालाई करशिक्षा कार्यक्रम | पुरूषोत्तम पोखेल | संयोजक | ८०० | २००० | १२०० |
| १२३०।२०८०।३।२१ | आत्मरक्षा न्युनिकरण तथा रोकथाम सम्वन्धी सचेतनामुलक कार्यक्रम | घटना शाह | पदाधिकारी अनुगमन | ० | १७००० | १७००० |
| | आत्मरक्षा न्युनिकरण तथा रोकथाम सम्वन्धी सचेतनामुलक कार्यक्रम | घटना शाह | संयोजक | ६००० | १५००० | ९००० |
| | आत्मरक्षा न्युनिकरण तथा रोकथाम सम्वन्धी सचेतनामुलक कार्यक्रम | तारा भण्डारी | सहयोगी संयोजक | २२५० | ७५०० | ५२५० |
| | जम्मा | | | ८००५० | २७१५०० | १९१४५० |

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **शिक्षक अनुदान** - स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय तहले वित्तीय समानिकरण अनुदानबाट शिक्षक तलव भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्था रहेकोमा पालिकाले विद्यालयको दरवन्दी मिलान तथा ओ एण्ड एम सर्भे नगरि यस बर्ष २१ वटा विद्यालयलाई विभिन्न तहका शिक्षक तथा कर्मचारीको लागी मासिक तलव भत्ता र चाडपर्व खर्च शीर्षकमा रु ३११८६६१० निकासा दिएको देखियो। शिक्षकको तलव भत्तामा शशर्त तर्फ बजेट बिनियोजन भएकोमा बिद्यार्थि संख्याको आधारमा शिक्षकको दरबन्दी एकिन नगरी बिभिन्न बिद्यायालयहरुलाइ समानिकरण अनुदानबाट थप अनुदान दिएको नियमित नदेखिएको रु.

| अनियमित भएको | ३,११,८६,६१० |
|---|---|

३६ **व्यक्तिको नाममा भुक्तानी-** पालिकाले कुनै पनि भुक्तानी बिद्युतिय प्रणाली मार्फत वा एकाउन्टपेयी चेकबाट गर्नुपर्ने कानुनी ब्यबस्था भएकोमा लेखापरीक्षणको क्रममा नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरि वडा कार्यालयको संचालन खर्च वडाका कर्मचारीहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको देखियो। यसरी भुक्तानी भएको रकम सम्बन्धितले पाए नपाएको तथा जुन कार्यको लागि भुक्तानी लिएको हो सो कार्य भएको हो भनि यकिन गर्न सकिएन। वडा कार्यालयमा छुट्टै अख्तियारी नदिएको अबस्थामा वडामा आबश्यक पर्ने सामाग्री तथा प्रशासनिक खर्च पालिकाबाट नै सम्बन्धित ब्यक्ति वा पार्टीको नाममा भुक्तानी गर्नुपर्दछ। यसका केहि उदाहरणहरु

| भौ नं. मिति | कार्यक्रम | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ११३।२०७९।०६।०२ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | प्रकाश खत्री (वडा नं.३) | १७९६३४ |
| ११३।२०७९।०६।०२ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | बखत बहादुर कार्की वडा नं. १३ | ८२९१० |
| १६९।२०७९।०७।०२ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | हरि कृष्ण थारु (वडा नं.१५) | १७५००० |
| १८८।२०७९।०७।०३ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | सुनिता चौधरी(वडा नं.४) | ८९०६५ |
| १८९।२०७९।०७।०३ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | पुजा वोहोरा(वडा नं.७) | १६४४६४ |
| १९०।२०७९।०७।०३ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | घुमलाल थारु(वडा नं.६) | १४३१४८ |

३७ **अन्य कार्यालयको खर्च -** सरकारी कार्यालयले सम्पादन गर्नुपर्नेकार्यका लागि आफै एल.एम.बि.आइ.एस. मार्फत बजेट माग एवम विनियोजन गरी बजेटको सिमा भित्र रहेर खर्च गर्नु पर्दछ।एउटा कार्यालयलाई प्राप्त बजेट अर्को निकायलाई स्वीकृत कार्यक्रम बेगर अनुदानको रुपमा दिन मिल्दैन। कार्यक्रम बेगर अनुदान दिदा एउटै निकायलाई एउटै कामकालागि बिभिन्न निकाय बाट दोहोरो/तेहरो/भुक्तानी हुन् सक्ने सम्भावना देखिन्छ। पालिकाले निम्नानुसार मातहतमा नरहेका अन्य कार्यालयको खर्च भुक्तानी गरेको देखियो। यस्ता खर्चमा नियन्त्रण गरी खर्च नियमित गर्नुपर्ने रु

| गो.भौ.नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| १२-२०७९।५।१७ | न्यू चौधरी विजुली भण्डार | वडा नं. १ प्रहरी कार्यालय | ७८७५ |
| २३०-२०७९।७।२३ | घरभाडा, इन्धन | इ.प्र.का. कोहलपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय | १०३२२७ |
| ३९३-२०७९।०९।२१ | व्यारेक भवन निर्माण सहयोग | इ.प्र.का. कोहलपुर | ४१८६७९ |
| ४७४-२०७९।१०।१७ | व्यारेक भवन निर्माण सहयोग | इ.प्र.का. कोहलपुर | ५२३६०७ |
| ५१०-२०७९।११।०२ | कम्प्युटर खरिद | मालपोत कार्यालय | २०३५४९ |
| १२६८-२०८०।०३।२२ | सिमेन्ट खरिद | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत | १४६९०० |
| जम्मा | | | १४०३८३७ |

| | |
|---|---|
| अनियमित भएको | १४,०३,८३७ |

३८ **विद्युत महशुलमा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा कार्यालय, हेल्थ पोष्ट, स्वास्थ्य चौकी

तथा हाइमस्ट लाईनहरुको विद्युत महशुल समयमा तिरी महशुलमा छुट पाउनु पर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा विद्युत महशुल भौ नं १०० मिति २०७९।५।३० बाट रु ९७४७, भौ नं ५५१ मिति २०७९।११।२१ बाट रु.१५८२७५, भौ.नं . ६२० मिति २०७९।१२।०६ बाट २५२२० गरी रु. १९३२४२।०० जरिवाना भुक्तानी गरी पालिकालाई थप व्ययभार परेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,९३,२४२ |

३९ **तोकिएकोभन्दा फरक पदमा कर्मचारी नियुक्ती** - लुम्बिनी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था नगरेको साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख भएको अवस्थामा पालिकाले मेयर स्वकीय सचिव तथा कानुनी सल्लाहकार नियूक्ति गरी रु. १०२५४९० भुक्तानी भएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ तथा प्रदेश सरकारले तयार गरेको कानूनमा व्यवस्था नभएको अवस्थामा पालिकाले O AND M सर्भे नगरी विना प्रतिष्पर्धा कर्मचारी भर्ना गरी संघ तथा प्रदेश कानून विपरित भुक्तानी दिएको रकम अनियमित देखिएको रु

| नाम | पद | वार्षिक भुक्तानी |
|---|---|---|
| गोपिलाल शर्मा | मेयर स्वकीय सचिव | ४७५४९० |
| कर्ण बहादुर के.सी. | कानुनी सल्लाहकार | ५५०००० |
| | जम्मा | १०२५४९० |

| | |
|---|---|
| अनियमित भएको | १०,२५,४९० |

४० **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यसका केहि उदाहरण देहाय अनुसार छन्।

| गो.भौ.नं.मिति | विवरण | रकम | लाभान्वित समुह/ वर्ग |
|---|---|---|---|
| १०९।५।३१ | हिँउदे घाँस वितरण | ४९५००० | १५५४ कृषक तथा फर्म |
| १९१।०७।०४ | पशु बीमा कार्यक्रम | ५२३५८ | ५९ कृषक |

| | | | |
|---|---|---|---|
| १९३।०७।०४ | पशु सुत्केरी भत्ता कार्यक्रम | २४२००० | १२१ पशु- गाई भैंसी |
| ४०९।१०।०३ | पशु सुत्केरी भत्ता वितरण | २६६००० | १३३ पशु- गाई भैंसी |
| ४११।१०।०३ | ५०प्रतिशत अनुदानमा पशु बीमा | ५७०४१ | २७९ पशु |
| ११४७।२०८०।०३।१८ | ५० प्रतिशत अनुदानमा पशु बीमा | ५९४२० | २९९ पशु |
| ११६३।२०८०।०३।१९ | पशु सुत्केरी भत्ता वितरण कार्यक्रम | १६८००० | ५६ कृषक |
| जम्मा | | १३३९८१९ | |

४१ **नियमित प्रकृतिको बैठकमा बैठक भत्ता** - लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४ (ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४ (ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा वडा कार्यालयहरूको मासिक बैठकमा स्पष्ट प्रयोजन र विषयवस्तु नखुलेको तथा कार्यालयको नियमित क्रियाकलापसंग सम्वन्धित विषयवस्तुमा समेत बैठक भत्ता बुझेको देखिएकोले पालिकाले कानून अनुसार बैठक भत्ता भुक्तानी गर्नुपर्दछ ।

४२ **परामर्शसेवा** - सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो भौ नं र मिति | डि पि आर | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १२५२।२०८०।०३।२१ | आइ.ई.ई | ब्रिक कन्सल्ट प्रा.लि. | ४२४८८० |
| १२७८।२०८०।०३।२३ | राम मा.वि.को डिपिआर | सुगी कन्सल्टेन्सी प्रा.लि. | ४८०२५० |
| ३५८।२०७९।०९।०६ | कोहलपुर डिजिटलाईजेशन कार्यक्रम | प्रोटोकल इन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि. | ३७५१६० |
| ४९४।२०७९।१०।२५ | स्वेत पत्र निर्माण कार्य | नेटिजन मिडिया प्रा.लि. | ७४८६२५ |

क. यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

ख. परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा २० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

ग. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

घ. सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

४३ **बालविकास शिक्षकलाई प्रोत्साहन भत्ता** - पालिकाले मिति २०७९।४।२९ गते बसेको नगर कार्यपालिकाको निर्णयबाट निर्णय नं ६ अनुसार हिमालय मदरसा गरिव नवाज प्रा वि मा कार्यरत २ जना बाल विकास शिक्षकलाई राधिका मल्ल र बृन्दा वली लाई मासिक रु ३००० का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णयको आधारमा बार्षिक जनही रु ३९००० का दरले रु ७८००० भुक्तानी भएकोमा प्रोत्साहन भत्ता वितरण गर्दा अतिरिक्त कार्य गरेको प्रमाणित हुने कागजात पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,००० |

४४ **सहलेखापाल नियुक्ति** - स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार बिद्यालयका कर्मचारीका लागी शशर्त तर्फ बजेट ब्यबस्था भएकोमा पालिकाले नगर कार्यपालिकाको निर्णयबाट ७ वटा विद्यालयलाई मासिक १८५०० का दरले सहलेखापाल तलवका लागी बार्षिक( चाडपर्व खर्च सहित) रु १६८३००० भुक्तानी दिएको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १६,८३,५०० |

४५ **करार कर्मचारीलाई महङ्गी भत्ता -** सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्नहुन निर्देशन गरेको छ । पालिकाले कार्यपालिकाको निर्णय गरी करार तर्फका देहाय बमोजिम ११५ जना कर्मचारीलाई महङ्गी भत्ता बापत यस वर्ष रु. २५८४०००/- खर्च लेखेको छ । यसरी परिपत्र विपरित कार्यपालिकाद्वारा निर्णय गरी खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको रकम असुली हुनुपर्ने रू

| क्र.सं. | कर्मचारीको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | दिपक शर्मा | २४००० | असिस्टेन्ट ल्याव टेक्निसियन |
| २ | मन्जु रावत | २४००० | महिला वैद्य |
| ३ | राजकुमार चौधरी | २४००० | वडा कार्यालय तर्फ |
| ४ | राधेश्याम थारु | २४००० | वडा कार्यालय तर्फ |
| ५ | रिता थारू | २४००० | वडा कार्यालय तर्फ |
| ६ | लिला वली | २४००० | वडा कार्यालय तर्फ |
| ७ | श्रीराम थारु | २४००० | वडा कार्यालय तर्फ |
| ८ | सन्तोष चौधरी | २४००० | वडा कार्यालय तर्फ |
| ९ | सुरेश कुमार चौधरी | २४००० | वडा कार्यालय तर्फ |
| १० | सिमा कुमारी बस्फोर | २४००० | वडा कार्यालय तर्फ |
| ११ | उर्मिला शाही | २४००० | वडा कार्यालय तर्फ |
| १२ | कल बहादुर शाही | २४००० | वडा कार्यालय तर्फ |
| १३ | जमुना डुम्रे | २४००० | वडा कार्यालय तर्फ |
| १४ | देवी रावत | २४००० | वडा कार्यालय तर्फ |
| १५ | दिपेन्द्र सापकोटा | २४००० | वडा कार्यालय तर्फ |
| १६ | दिपा राजी | २४००० | वडा कार्यालय तर्फ |

| | | | |
|---|---|---|---|
| १७ | धर्मेन्द्र थारु | २४००० | वडा कार्यालय तर्फ |
| १८ | भरतलाल चौधरी | २४००० | वडा कार्यालय तर्फ |
| १९ | भिम बहादुर खत्री | २४००० | वडा कार्यालय तर्फ |
| २० | रञ्जिता थारु | २४००० | वडा कार्यालय तर्फ |
| २१ | सुधन बुढाथोकी | २४००० | शहरी स्वास्थ्य केन्द्र |
| २२ | खगीसरा खड्का रावत | २४००० | शहरी स्वास्थ्य केन्द्र |
| २३ | कृष्ण थारु | २४००० | शहरी स्वास्थ्य केन्द्र |
| २४ | सागर चौधरी | २४००० | नगरपालिकातर्फ |
| २५ | करूणा विष्ट | १०००० | नगरपालिकातर्फ |
| २६ | सुदिप थारु | २४००० | नगरपालिकातर्फ |
| २७ | उमेश रिजाल | २४००० | नगरपालिकातर्फ |
| २८ | डम्वर बहादुर बुढा क्षेत्री | ८००० | नगरपालिकातर्फ |
| २९ | यमराज गुरुङ्ग | २४००० | नगरपालिकातर्फ |
| ३० | खड्ग बहादुर खत्री | २४००० | नगरपालिकातर्फ |
| ३१ | दिनेश बहादुर डाँगी | २४००० | नगरपालिकातर्फ |
| ३२ | मनोज कुमार थारू | २४००० | नगरपालिकातर्फ |
| ३३ | सुमित्रा रोकाया | २४००० | नगरपालिकातर्फ |
| ३४ | अम्मर बहादुर वादी | २४००० | नगरपालिकातर्फ |
| ३५ | चक्र बहादुर शाही | २४००० | नगरपालिकातर्फ |
| ३६ | धुरूप कुमार बस्फोर | २४००० | नगरपालिकातर्फ |
| ३७ | रविन्द्र थारु | २४००० | नगरपालिकातर्फ |
| ३८ | सुमित्रा थारु | २०००० | नगरपालिकातर्फ |

| | | | |
|---|---|---|---|
| ३९ | आदित्य चौधरी | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४० | आसिफ खान | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४१ | कृष्णा आले | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४२ | दिल बहादुर घर्ति मगर | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४३ | नरेन्द्र थापा क्षेत्रि | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४४ | भुमिका लम्साल | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४५ | रंजिता वि.क. | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४६ | सेलेस गिरी | ६००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४७ | सस्मिता सिंह ठकुरी | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४८ | सुस्मिता वराल | ६००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ४९ | कृष्ण बहादुर खड्का | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५० | नविन भण्डारा | १४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५१ | निर्मला कुमारी भण्डारी | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५२ | पदम बहादुर थारू | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५३ | माया रेग्मी | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५४ | लक्ष्मण चौलागाई | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५५ | सपना थापा | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५६ | गंगा दमाई | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५७ | ज्योति रिजाल क्षेत्रि | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५८ | डिला पुन मगर | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ५९ | तारा के.सी. | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६० | देवि कुमारी थारु | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |

| | | | |
|---|---|---|---|
| ६१ | प्रिति देवि वि.क. | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६२ | बावुराम मेनाल | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६३ | मोति कुमारी बुढा आले | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६४ | विमला नेपाली | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६५ | सुरज श्रेष्ठ | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६६ | सीमा थापा जैसी | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६७ | यस कुमार थारु | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६८ | सुनिता सुनार | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ६९ | टेक माया योगी | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ७० | जुना कुमारी महतारा | २४००० | आधारभूत स्वास्थ्य केन्द्रतर्फ |
| ७१ | वालकुमारी भुषाल | २४००० | सामाजिक परिचालक |
| ७२ | माया गुरूङ्ग | २४००० | सामाजिक परिचालक |
| ७३ | आशिष शाह | १०००० | मेडिकल अधिकृत |
| ७४ | सन्तोष वि.सी. | ८००० | मेडिकल अधिकृत |
| ७५ | श्रीकुमार थारु | २४००० | मेडिकल अधिकृत |
| ७६ | गुञ्जा सुनार | २४००० | स्वास्थ्य सहायतातर्फ |
| ७७ | राजकुमार थारु | २४००० | स्वास्थ्य सहायतातर्फ |
| ७८ | मेघा वि.क. | २४००० | स्वास्थ्य सहायतातर्फ |
| ७९ | मोहन चौधरी | २४००० | स्वास्थ्य सहायतातर्फ |
| ८० | फुलनदेवी चौधरी | २४००० | स्वास्थ्य सहायतातर्फ |
| ८१ | डोङ्गाली थारु | २४००० | मेलमिलाप सहजकर्ता |
| ८२ | गैगा शाही | २४००० | मेलमिलाप सहजकर्ता |

| | | | |
|---|---|---|---|
| ८३ | अञ्जली धामी | २४००० | सिकलसेल ल्यावतर्फ |
| ८४ | लक्ष्मी अधिकारी | २४००० | सिकलसेल ल्यावतर्फ |
| ८५ | शिव गौतम | २४००० | सिकलसेल ल्यावतर्फ |
| ८६ | सुनिता थारु | २४००० | सिकलसेल ल्यावतर्फ |
| ८७ | वालकुमारी परियार | २४००० | सिकलसेल ल्यावतर्फ |
| ८८ | शरिफ अलि जुगर | २४००० | सिकलसेल ल्यावतर्फ |
| ८९ | राजु के.सी. | ६००० | स्वास्थ्य |
| ९० | नर्मदा कुमारी रावत | २४००० | नगरपालिकातर्फ |
| ९१ | देवा शर्मा | २४००० | पशु प्राविधिक |
| ९२ | वीर बहादुर थापा | २२००० | नगर प्रहरीतर्फ करार |
| ९३ | डिल्ली बहादुर चन्द | २२००० | नगर प्रहरीतर्फ करार |
| ९४ | कर्ण चन्द ठकुरी | २२००० | नगर प्रहरीतर्फ करार |
| ९५ | यम बहादुर तिमिल्सिना | २२००० | नगर प्रहरीतर्फ करार |
| ९६ | राजेन्द्र बहादुर सुनार | २२००० | नगर प्रहरीतर्फ करार |
| ९७ | सन्तुराम चौधरी | २२००० | नगर प्रहरीतर्फ करार |
| ९८ | हेमन्त खड्का | २२००० | नगर प्रहरीतर्फ करार |
| ९९ | पुर्ण बहादुर डाँगी | २२००० | नगर प्रहरीतर्फ करार |
| १०० | सम्झना आले मगर | २२००० | नगर प्रहरीतर्फ करार |
| १०१ | लक्ष्मण माझी क्षेत्री | २२००० | नगर प्रहरीतर्फ करार |
| १०२ | वाल्मिकी थापा | २२००० | नगर प्रहरीतर्फ करार |
| १०३ | सन्तोष चौधरी | २२००० | नगर प्रहरीतर्फ करार |
| १०४ | टेक बहादुर वली | २२००० | नगर प्रहरीतर्फ करार |

| | | | |
|---|---|---|---|
| १०५ | सरिता थापा | २२००० | नगर प्रहरीतर्फ करार |
| १०६ | दुर्गा थापा क्षेत्री | २२००० | नगर प्रहरीतर्फ करार |
| १०७ | यमी कुमारी थापा मगर | २२००० | नगर प्रहरीतर्फ करार |
| १०८ | शुसोभन थारु | २२००० | नगर प्रहरीतर्फ करार |
| १०९ | रवि नाउँ | २२००० | नगर प्रहरीतर्फ करार |
| ११० | लोकेन्द्र राज शाही | २२००० | नगर प्रहरीतर्फ करार |
| १११ | निशा देवकोटा | २२००० | नगर प्रहरीतर्फ करार |
| ११२ | गंगा कुमारी जैशी | २२००० | नगर प्रहरीतर्फ करार |
| ११३ | गिता कुमारी डाँगी | २२००० | नगर प्रहरीतर्फ करार |
| ११४ | जय बहादुर कामी | २२००० | नगर प्रहरीतर्फ करार |
| ११५ | ऐसर अलि जुगर | २२००० | नगर प्रहरीतर्फ करार |
| | जम्मा | २५८४००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,८४,००० |

४६ **त्रिपक्षीय सम्झौता र लगानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।लागत सहभागिताका योजनामा लागत बेहोर्ने सबै पक्षको एकिकृतबिल भर्पाइ संलग्न गरी खर्च एकिन गरी भुक्तानी गर्नु पर्दछ। यस बर्ष गैर सरकारी सस्था बिल्ड अन नेपाल, समुदाय र कोहलपुर नगरपालिका बिच भएको त्रिपक्षीय सम्झौता अनुसार निम्नानुसारका बिद्यालयमा भौतिक पुर्वाधारको कार्य गरी नगरपालिकाले रु २०४९८५४ भुक्तानी गरेको देखियो। परियोजना नेतृत्व समिति , बिल्ड अन नेपाल र नगरपालिका बिच भएको सम्झौतामा बिल्डअन नेपालले योजना निर्माण गर्दा खर्च हुने सामाग्रीको रेकर्ड राखि अनुगमन र मुल्यांकन गर्ने ,निर्माणका लागी दक्ष मिस्त्री उपलब्ध गराउने , समुदायले भौतिक पुर्वाधारको कार्य शुरु भए देखी प्रत्येक दिनको लागी १५ जना र

आबश्यकता अनुसार निर्माण कार्य सम्पन्न नहुनेबेला सम्म जनश्रमदान जुटाउनुपर्ने ,छत ढलान बाहेक अन्यठाउमा प्रयोग हुने सटरिङका सामाग्रीहरु र स्थानियरुपमा प्रयोग हुने सामाग्री जुटाउने , समुदायले निशुल्करुपमा गरेको श्रमदानको रेकर्ड राख्ने र भवन निर्माणमा परियोजनाबाट प्राप्त भएको सामाग्रीहरु र समुदायले लगानी गरेको श्रमदान र स्थानिय सामाग्रीहरुको हिनामिना तथा दुरुपयोग हुन नदिने गरी पारदर्शी र स्पस्ट किसिमले अभिलेख राख्नुपर्ने जिम्मेवारी समुदायलाइ तोकेको देखियो। सम्झौता अनुसारको जिम्मेवारी पुरा गरेको प्रमाणित अभिलेख र खर्चका सम्पुण बिलभर्पाइ बेगर नगरपालिकाले बेहोर्नुपर्ने रकम बराबरको मात्र बिल भर्पाइ र प्राबिधिक मुल्यांकनको आधारमा मात्र नगरपालिकाले भुक्तानी गरेकोले अनुदान खर्च पुष्टी हुने बास्तबिक लागत पुष्टी हुन सकेन।

| बिद्यालय को नाम | सम्झौता मिति | सम्झौता रकम | सस्थाले बेहोर्ने रकम | समुदायले बेहोर्ने रकम | नगरपालिकाले बेहोर्ने रकम | अन्तिम मुल्यांकन रकम | बिल भर्पाइ पेश | नगरपालिकाबाट भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल राष्ट्रीय आधारभुत बिद्यालय चटार÷वडा नं १०, ३ कोठे भवन तथा २ कोठे शौचालय | २०७९।१२।१७ | ४११९४०४ | २९७१६३१ | ४४७७७२ | ७००००० | ४१३३९०९ | ७००३६१ | ६९४३१३ |
| सृजना बाल प्रा.बि. ३ कोठे भवन तथा २ कोठे शौचालय | २०७९।११।२६ | ४११९४०४ | २९७१६३१ | ४४७७७२ | ७००००० | ४१४२३६१ | ७०१२०९ | ६७५५८४ |
| जनचेतना आधारभुत बिद्यालय वडानं ÷४, ३ कोठे भवन तथा २ कोठे शौचालय | २०७९।११।२५ | ४११९४०४ | २९७१६३१ | ४४७७७२ | ७००००० | ४०५८२११ | ७४९६६७ | ६७९९५७ |
| जम्मा | | १२३५८२१२ | ८९१४८९३ | १३४३३१६ | २१००००० | १२३३४४८१ | २१५१२३७ | २०४९८५४ |

४७ **कार्य मुल्यांकन तथा उपयोग** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका

निर्माण सामाग्री खरिद गरी सप्लायर्सलाइ भुक्तानी गरेको देखियो। खरिद गरिएको निर्माण सामाग्रीको ज्याला सहितको कार्य मुल्यांकन तथा उपयोग स्थितिको प्रमाण पेश हुनुपर्ने रु

| गो.भौ.मिति | निर्माण सामाग्री | परिमाण | सप्लायर्स | रकम |
|---|---|---|---|---|
| ५६२÷२०८०।३।२२ | एन.पि.थ्री ९०० एम. एम. ह्युमपाइप | २.५ थान | बागेश्वरी ह्युमपाइप एन्ड बिद्युतपोल उद्योग प्रा.लि. कोहलपुर | १८५८२८ |
| | एन.पि.थ्री ६०० एम. एम. ह्युमपाइप | ७.५ थान | | |
| | एन.पि.थ्री ४५० एम एम ह्युमपाइप | १० थान | | |
| ५६३÷२०८०।३।२२ | हेन्डपम्प धारा र जडान सामाग्री | एचडिपिइ पाइप ÷२८६५मि. | भैरब इन्टरप्राइजेज प्रा.लि. | १२२५१९५ |
| | | जी आइ युनियन १५एमएम÷ १५००पिस | | |
| | | जआइएल्भो १५एमएम÷ ३०००पिस | | |
| | | गैट भल्ब ÷१००पिस, जि आइ निप्पल ÷२९०० पिस , जि एम फेरवल÷४५० पिस , ब्रास टयाप हेभि÷३७० , सिल | | |

| | | | | |
|---|---|---|---|---|
| | | टेप÷४००० पिस | | |
| जम्मा | | | | १४११०२३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,११,०२३ |

## ४८ सहिद स्मृति भवन निर्माण

४८.१ आयकर ऐन २०५८ को दफा ८९(३क) अनुसार उपभोक्ता समितिबाट काम गराउने गरी गरिएको ५० लाख भन्दा बढीको भुक्तानी रकममा १.५ % का दरले कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्थाप रहेकोछ । पालिकाले माथी उल्लेखित भवनको लागि कुल रु. ११४२०८२२।५ को भुक्तानी गर्दा कर बापत रु.१७१३१२.३३ कट्टी गरी भुक्तानी दिनुपर्नेमा गत बर्ष रु १२१६२ र यस वर्ष रु९३६८६ गरी जम्मा रु ९४९४८ मात्र कर कट्टी गरेको हुदा थप रु. ७६३६४ को कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

ग) स्थलगत रुपमा अवलोकन गर्दा भवनमा सीमित पार्टिको मात्र लाभ हुने गरी प्रयोग भएको देखियो। साथै भवन निर्माणमा कुनै बिस्तृत अध्ययन नभएको तथा नया भवन निर्माण गर्दा अनावस्यक छेउमा प्रयोग विहिन तवरले निर्माण गरेको साथै एकै भवनमा २ वटा भर्याङ् निर्माण गरेको साथै अनावस्यक ठाँउमा सकेत टायल तथा फोलोरिङ्गको कार्य भएको देख्दा बर्षान्तमा आयको बजेट सहि सदुपयोग गर्ने भन्दा पनि खर्च गर्ने प्रोभिजनको साथ कार्य गरेको देखिन्छ । संघीय सरकारले आन्तरिक ऋणबाट बिनियोजन भएको रकमको सहि सदुपयोग हुनुपर्दछ ।





| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,३६४ |

४८.२ पालिकाले सहिद स्मृति भवन निर्माण कार्यको लागि पटकै पिच्छ लागत अनुमान तयार गरी उपभोक्ता समितिवाट कार्य गराई हालसम्म विभिन्न बजेट शिर्षकबाट बजेट विनियोजन भएकोमा आ व २०७८।७९ मा गो भौ नं ३१७।०७९।१।१९ बाट वडा नं.११ को शहिल स्मृति केन्द्र पुर्वाधार निर्माण कार्यको उ.स लाई रु. ९९९७२०, आ व २०७९।८० प्रदेश ससर्त बजेट अन्तर्गत गो भौ नं १२।०८०।१।८ बाट रु.

११५८७८४, गो भौ नं २०।०८०।३।१२ बाट रु.६८७६४६ र संघीय ससर्त बाट गो भौ नं ३२३।०८०।३।१२ बाट रु. २४८३००० र गो भौ नं ४५८।०८०।३।२४ बाट ४६०२००० गरीआव२०७९।८० मा रु. ८९३१४३० र समग्रमा हालसम्म रु९९३११५० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

सीमा भन्दा बढीको कार्यः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार सार्वजनिक निकायले श्रममुलक कार्यमा मू अ कर, ओभरहेड, कन्टिन्जिन्सी र जमश्रमदानको अंश समेत गरी १ करोड सम्मको कार्य उपभोक्ता बाट गराउन सकिनेमा पालिकाले यस बर्षको मात्रै १२७७२००० लागत अनुमान भएको भवन निर्माण जस्तो जटिल कार्य समेत उपभोक्ता समितिबाट गराएको नियमित देखिएन।

४९ **म्याद थप तथा कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अबस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत,बिमा र पेश्की सम्बन्धि जमानत तथा संशोधित कार्यतालिका सहित आबश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिइ अधिकार प्राप्त अधिकारीले म्याद थपको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी काबू बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको मनासिब कारण देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्बन्धि कारवाही प्रकृया खरिद सम्झौताको अवधि भित्रै टुङ्ग्याउनु पर्ने व्यवस्था छ। ठेक्का नं NCB-3-2078/79 सरस्वती माध्यमिक बिद्यालयको ४ कोठे भवन निर्माण कार्यको सम्झौता रकम रु ३८६१४०१।३४ को कार्य २०७९।०३।२५ भित्र सम्पन्न गर्ने गरी मिति २०७८।८।१४ मा निर्माण ब्याबसायी के.आर कन्ट्रक्सनलाइ कार्यदिश दिएकोमा दोस्रो विल सम्मको रु १५४८३१३।०० (सम्झौता रकमको ४०.०९ प्रतिशत) को कार्यमुल्याङ्कन गरी भुक्तानी गरेको देखियो । पालिकाले प्रथम पटक निर्माण ब्याबसायिको २०७९।३।४ को निबेदन अनुसार २०७९।३।१९ को कार्यपालिकाको निर्णयले २०८० जेष्ठ मसान्त सम्म म्याद थप गरेकोमा उक्त म्याद भित्र पनि कार्य सम्पन्न हुन नसकेकोमा सार्वजनिक खरिद नियमावली अनुसार अधिकार प्राप्त अधिकारीबाट नियमानुसार पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी म्याद थप तथा कार्यसम्पन्न गराउनु पर्नेमा लेखापरिक्षण अवधि सम्म म्याद थपको निवेदन तथा म्याद थप स्वीकृत समेत नगरी अधुरो राखेको देखियो । तसर्थ नियमानुसार म्याद सकिएको मितिदेखि सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले अधिक्तम १० प्रतिशत ले रु३८६१४० पूर्व निर्धारित क्षतिपूर्ति रकम असुल गरी म्याद थप तथा कार्यसम्पन्न गराउनुपर्ने देखिन्छ।

५० **समयमा बिमा नगरेको** - गो भौ नं ३०३ ।२०७९।१२।२० बाटः सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण ब्याबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खन्ड वा अंशमा उपनियम (२ )मा उल्लेख भएको कारण बाहेकअन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानी वा क्षतिको पुर्णप्रतिश्थापन खर्च समेट्ने गरि निर्माण ब्याबसायीले बिमा गराउनुपर्ने ब्यबस्था छ। ठेक्का नं ९÷२०७९।८० को बि एल एन कन्ट्रक्सनलाइ २०८०।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०७९।८।२८ मा सम्झौता भइ प्रथम विलको रु ३००९५२४ मुल्यांकन गरी भुक्तानी गर्दा बिमा बापतको रु ६७९९६ भुक्तानी गरेकोमा संलग्न सगरमाथा लुम्बिनी इन्सुरेन्स कम्पनि लिमिटेडको सन २०२३।३।२२ अर्थात बि.स.२०७९।१२।८ को

बिमालेख अनुसार सोही मितिदेखी लागु हुनेगरी सन् २०२३।६।१३ सम्मको रु ६७९९६ प्रिमियम तिरेको बिजक पेश गरी रु भुक्तानी लिएको देखियो। सम्झौता अनुसार कार्य सुरु हुनेबेला नै २०७९।८।२८ देखि त्रुटि सच्चायने अवधि २०८१।२।३० सम्म बिमा गरी कर बिजक अनुसार भुक्तानी लिनु पर्नेमा कार्य सम्पन्न हुने अवधि भन्दा २.५ महिना अगाडिको बिमालेख संलग्न गरी भुक्तानी लिएको नियमित देखिएन।

५१ **समयमा बिमा नगरेको** - गो भौ नं ४०६ ।२०८०।०२।२ बाटः सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण ब्याबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खन्ड वा अंशमा उपनियम (२ )मा उल्लेख भएको कारण बाहेकअन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानी वा क्षतिको पुर्णप्रतिश्थापन खर्च समेट्ने गरि निर्माण ब्याबसायीले बिमा गराउनुपर्ने ब्यबस्था छ। ठेक्का नं १४÷२०७९।८० को जे.एन्ड जे. कन्ट्रक्सनलाइ २०८०।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०७९।१०।९ मा सम्झौता भइ प्रथम विलको रु ५६३३२९ मुल्यांकन गरी भुक्तानी गर्दा बिमा बापतको रु १४४४५ भुक्तानी गरेकोमा संलग्न सगरमाथा लुम्बिनी इन्सुरेन्स कम्पनि लिमिटेडको सन २०२३।५।१० अर्थात बि.स.२०८०।१।२७ को बिमालेख अनुसार सोही मितिदेखी लागु हुनेगरी सन् २०२४।५।९ सम्मको रु १००२० प्रिमियम तिरेको बिजक पेश गरी रु १४४४५ भुक्तानी लिएको देखियो। सम्झौता अनुसार कार्य सुरु हुनेबेला नै २०७९।१०।९ देखि त्रुटि सच्चाउने अवधि २०८१।२।३० सम्म बिमा गरी कर बिजक अनुसार भुक्तानी लिनु पर्नेमा कार्य सम्पन्न हुने अवधि भन्दा १.५ महिना अगाडिको बिमालेख संलग्न गरी भुक्तानी लिएको नियमित देखिएन।

५२ **मुल्यांकन परिमाण भन्दा घटि परिमाण खरिद** - सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मुल्यांकन बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले उपभोक्ताले खरिद गर्ने निर्माण सामाग्रीको स्थानिय बजारको मुल्यलाइ बिचार गरी ढुवानिको उपयुक्त लिड तोकी दर बिश्लेषण गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले मुल्यांकन गरेको परिमाण भन्दा घटिपरिमाण खरिद गरेको हुदा बास्तबिक खरिद भन्दा बढि परिमाण मुल्यांकन भएको देखियो। उपभोक्ता समितिले मुल्यांकन भन्दा निम्नानुसारका निर्माण सामाग्री घटि परिमाणमा खरिद गर्दा उपभोक्ताको लागत भन्दा बढि मुल्यांकन भइ बढि भुक्तानी भएको रकम उपभोक्ताको अंश कट्टी गरी असुल गर्नुपर्ने रु

| गो.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री | मुल्यांकन परिमाण | खरिद परिमाण | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ४६०÷२०८०।२।२९ | वडा न २ महेन्द्र राजमार्ग वाट उत्तर तर्फ खैरापुर लेगपिस हुदै महेश खतिवडाको घर सम्म वाटो स्तरउन्नति | माटो | ३०० घ.मि. | २७८ | १०७४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४३÷२०८०।२।२२ | ९ नं वडा स्थित मधेशी टोलमा माटो पटान तथा पक्की नाली निर्माण | माटो | ५३ घ.मि. | १५ | १७६०३ |
| ४४६÷२०८०।२।२३ | १४ नं वडा स्थित सिर्जना बाल प्रा वि विद्यालयमा अपुप पक्की पर्खाल तथा शमरसेल धारा जडान र माटो पटान | माटो | १९.८ घ.मि. | १२ | ३४२१ |
| ३९२÷२०८०।१।२४ | ३ नं वडाको विभिन्न स साना बाटोहरु निर्माण तथा मर्मत | माटो | २०५ घ.मि. | १९३ | ५६१० |
| ४३०÷२०८०।२।१४ | ५ नं वडा स्थित श्री जगदन थारुको घरदेखि रमेश थारुको घरसम्म सडक मर्मत सडक बोर्ड समेतको भुक्तानी रु ७५६५४० | माटो | १२५ घ.मि. | ११३ | ५६२३ |
| जम्मा | | | | | ४२९९९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,९९९ |

५३ **घटी करकट्टी** - आयकर ऐन २०५८ को दफा ८८ मा सेवाशुल्क भुक्तानीमा कर विजक पेश गरेमा १.५ प्रतिशत र कर विजक पेश नगरेकोमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका सेवा शुल्क वापत भुक्तानी गर्दा कर विजक पेश नभएकोमा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरेको देखिएकोले घटी कर रकम असुली गर्नुपर्ने रु

| गों.भौ.नं.मिति | कार्य बिबरण | भुक्तानी पाउने | भुक्तानी रकम | घटी कर रकम |
|---|---|---|---|---|
| ४७२÷२०८०।२।३१ | सुचना प्रकाशन | रेडियो प्रतिबोध एफ एम १०२.४ मेगाहर्ज ( ३००७२८४०२ ) | २०००० | २७०० |
| ५३२÷२०८०।३।१८ | सुचना प्रकाशन | रेडियो प्रतिवोध एफ एम १०२.४ मे.ह. ( ३००७२८४०२ ) | ५००० | ६७५ |
| ४७२÷२०८०।२।३१ | सुचना प्रकाशन | संगम मिडिया हब प्रा.लि( ६०९९६१९०० ) | १०००० | १३५० |
| ५३२÷२०८०।३।१८ | सुचना प्रकाशन | संगम मिडिया हब प्रा.लि | ५००० | ६७५ |
| ४३७÷२०८०।२।२१ | भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको फारमहरुको | एटिएम इन्फोटेक कम्प्यूटर इन्ष्ट्रिच्यूट | ३०४८० | ४११५ |

| | | | | |
|---|---|---|---|---|
| | अनलाईन इन्ट्रि | | | |
| ५४३÷२०८०।३।२० | सुचना प्रकाशन | मिसन मल्टीमिडिया प्रा.लि. ( ६०९८७४५८२ ) | ५००० | ६७५ |
| ५२२÷२०८०।३।१७ | सुचना प्रकाशन | कोहलपुर टाइम्स ( ३०४१५६४२५ ) | ५००० | ६७५ |
| ४७२÷२०८०।२।३१ | सुचना प्रकाशन | संचारिका समुह नेपाल ( ३०१५५०६५५ ) | ५००० | ६७५ |
| ५१४÷२०८०।३।१३ | सुचना प्रकाशन | राजेश्वरी मिडिया हाउस प्रा.लि. | ५००० | ६७५ |
| जम्मा | | | | १२२१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,२१५ |

५४ **लागत सहभागिताका योजना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।लागत सहभागिताका योजनामा लागत बेहोर्ने सबै पक्षको एकिकृतबिल भर्पाइ संलग्न गरी खर्च एकिन गरी भुक्तानी गर्नुपर्नेमा गो.भौ.४२७ मिति २०८०।२।१४ बाट शगरमाथा ज्ञानपुन्ज मा.बि. ४ कोठेभवन निर्माण कार्यको लागत

अनुमान रु ४८६२७८९ मा नगरपालिकाले रु १० लाख जिल्ला समन्वय समितले रु ३१०२०६१ र जनसहभागिता रु ७६०७२८ बेहोर्ने गरी गत बर्ष २०७८।११।१० मा सम्झौता भइ यस बर्ष कुल रु ४६७५८६६ अन्तिम मुल्यांकन गरी रु १८६५१६५ का मात्र बिल भर्पाइ संलग्न गरी नगरपालिकाले रु ८४१२५० भुक्तानी गरेको देखियो। गत बर्षको भुक्तानी बिबरण तथा एकिकृत बिल भर्पाइ संलग्न गरी भुक्तानी एकिन गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४१,२५० |

५५ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न जात्रा पर्वमा आर्थिक सहयोग, सामाग्री खरिद गरी बितरण जस्ता कार्यक्रममा रु. भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.मिति | खर्च बिबरण | भुक्तानी पाउने | भुक्तानी रकम | खर्च लेखांकन |
|---|---|---|---|---|
| ३९६÷२०८०।१।२७ | नगरपालिकास्तरिय फुटवलकप | युवा एकता क्लब कोहलपुर बांके | ५०००० | वडा न १२ को भैपरि आउने पुँजिगत खर्च |
| ३७६÷२०८०।१।२० | १४ नं कोहलपुर रेसिङ्ग सहारा क्लब | कोहलपुर रेसिङ्ग सहारा क्लब | ५५००० | मर्मत सम्हार खर्च |

५६ **जिल्ला दररेट भन्दा बढिमा खरिद -** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११ मा निर्माण सामाग्रीको लागत अनुमान जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने ब्यबस्था छ। उपभोक्ता समितिबाट गराउने कार्यमा समेत उपभोक्ताले जिल्ला दररेट भन्दा बढि नहुने गरी खरिद गर्नुपर्दछ। नमुना छनौटको आधारमा परिक्षणगर्दा निम्नानुसारका उपभोक्ता समितिले २०७९।८० को स्वीकृत जिल्ला दररेट भन्दा बढि दरमा निर्माण सामाग्री खरिद गरेको बिल पेश गरेको देखिएकोले जिल्ला दररेटभन्दा बढि दरमा खरिद गरेको मु.अ.कर समेतको रकममा उपभोक्ताको अंश कट्टी गरि असुल गर्नुपर्ने रु

| गौ.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री र परिमाण | जिल्ला दररेट मु अ कर बाहेक | सप्लायर्सको नाम र खरिद दर मु अ कर बाहेक | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ४६१÷२०८०।२।२९ | रामजाली को घर देखी भिम खत्रीको | एन. पि. श्री. ९०० एम. एम. ÷५ र.मि. | प्रति र.मि. १२६३८ | सिद्धार्थ हार्डवयर्स प्रा.लि.ने.ग. | ६४१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | घर सम्म बाटो ग्राबेल तत्बन्धन होमपाइप र पशुपति शर्माको घर नेर तत्बन्धन तथा वाल | | | प्रति र.मि. १३७७४ | |
| ४६२÷२०८०।२।२९ | ५ नं वडा स्थित वेष्टर्न स्कुलको कल्भर्टदेखि टेक्टर स्ट्याण्ड रझेना जोड्ने बाटो स्तरोन्नती | एन .पि. श्री. ६०० एम. एम. ÷५ र.मि. | प्रति र.मि. ७१२१ मु अ कर बाहेक | बालाजी ह्युमपाइप तथा बिद्युतपोल उद्योग प्रा.लि.ने.ग. प्रति र.मि. ७९६५ | ४७६८ |
| ५१०÷२०८०।३।१३ | १ नं वडा स्थित क लाईन, मुसिकोट लाईन , मौवा टोल , सिद्धार्थनगर टोल र ख लाईन टोलका भित्री बाटोहरु मर्मत | एन .पि. श्री. ४५० एम. एम. ÷५ र.मि. | प्रति र.मि. ५२३१ | प्रति र.मि. ५७५९ | २९८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७१÷२० ८०।१।१ ९ | ६ नं वडाको विभिन्न स्थानहरुमा माटो पटान, ग्राभेल तथा ह्युम पाईप जडान | एन .पि. श्री. ४५० एम. एम. ÷२.५ र.मि. | प्रति र.मि. ५२३१ | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीयल प्रा.लि. प्रति र.मि. ५७५९ | १४९१ |
| ३७१÷२० ८०।१।१ ९ | ६ नं वडाको विभिन्न स्थानहरुमा माटो पटान, ग्राभेल तथा ह्युम पाईप जडान | एन .पि. श्री. ६०० एम. एम. ÷७.५ र.मि. | प्रति र.मि. ७१२१ | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीयल प्रा.लि. प्रति र.मि. ७९४९ | ७०१७ |
| ३८३÷२० ८०।१।२ १ | ५ नं वडा स्थित बबिता के सी को घरदेखि धनराज बरालको घर सम्म सडकमा ह्युम पाईप | एन .पि. श्री. ६०० एम. एम. ÷७.५ र.मि. | प्रति र.मि. ७१२१ | प्रति र.मि. ७९४५ | ६९८३ |
| ३५७÷२० ८०।१।१ ३ | १ नं वडा अन्तर्गत फुलबारी टोल र परिवर्तन | एन .पि. श्री. ४५० एम. एम. ÷१२.५ र.मि. | प्रति र.मि. ५२३१ | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीयल प्रा.लि. प्रति र.मि. ५७६० | ७४७२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | टोलको भित्री बाटोहरु मर्मत | एन .पि. श्री. ३०० एम. एम. ÷१२.५ र.मि. | प्रति र.मि. ३६७५ | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीयल प्रा.लि. प्रति र.मि.४२०४ | ७४७२ |
| ३८१÷२० ८०।१।२ १ | ७ नं वडा मा कृष्ण थारुको घरदेखि भुतैया ताल सम्मको बाटो माटो पटान तथा ग्राभेल | एन .पि. श्री. ४५० एम. एम. ÷२.५ र.मि. | प्रति र.मि. ५२३१ | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीयल प्रा.लि. प्रति र.मि. ५७६० | १४९४ |
| ३८१÷२० ८०।१।२ १ | ७ नं वडा मा कृष्ण थारुको घरदेखि भुतैया ताल सम्मको बाटो माटो पटान तथा ग्राभेल | एन .पि. श्री. ६०० एम. एम. ÷२.५ र.मि. | प्रति र.मि. ७१२१ | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीयल प्रा.लि. प्रति र.मि. ७९२५ | २२७१ |
| जम्मा | | | | | ४८३६९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,३६९ |

५७ **मुल्यांकनको दर भन्दा घटि दरमा खरिद -** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मुल्यांकन बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले उपभोक्ताले खरिद गर्ने निर्माण सामाग्रीको स्थानिय बजारको मुल्यलाइ बिचार गरी ढुवानिको उपयुक्त लिड तोकी दर बिश्लेषण गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले दर बिश्लेषणमा समाबेश गरेको निर्माण सामाग्रीको मुल्य भन्दा घटि दरमा खरिद गरेको हुदा बास्तबिक लागत भन्दा बढि दरले मुल्यांकन भएको देखियो। उपभोक्ता समितिले लागत अनुमान र दर बिश्लेषणमा समाबेश भएको दररेट भन्दा घटि दरमा

निम्नानुसारका निर्माण सामाग्री खरिद गर्दा उपभोक्ताको लागत भन्दा बढि मुल्यांकन भइ बढि भुक्तानी भएको रकम उपभोक्ताको अंश कट्टी गरी असुल गर्नुपर्ने रु

| गो.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री | दर बिश्लेषण र मुल्यांकन दररेट | खरिद दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ४६०÷२०८०।२।२९ | वडा न २ महेन्द्र राजमार्ग वाट उत्तर तर्फ खैरापुर लेगपिस हुदै महेश खतिवडाको घर सम्म वाटो स्तरउन्नति | ग्राभेल÷३२४.८५ घ.मि. | १८००.५१ | १६९५ मु.अ कर समेत | २८८८३ |
| ४६१÷२०८०।२।२९ | रामजालीको घरदेखि भिम खत्रीको घरसम्म बाटो ग्राभेल | ग्राभेल÷९१.८२ घ.मि. | १८००.५१ | १३३४ मु.अ कर समेत | ३४६७५ |
| ४६२÷२०८०।२।२९ | ५ नं वडा स्थित वेष्टर्न स्कुलको कल्भर्टदेखि टेक्टर स्टयाण्ड रझेना जोड्ने बाटो स्तरोन्नती | ग्राभेल÷२८१.६२ घ.मि | १८००.५१ | १३२७ मु.अ कर समेत | ११३२११ |
| ४३०÷२०८०।२।१४ | ५ नं वडा स्थित श्री जगदन थारुको घरदेखि रमेश थारुको घरसम्म सडक मर्मत सडक बोर्ड समेतको भुक्तानी रु ७५६५४० | ग्राभेल÷४५२.७३ घ.मि | १८००.५१ | १३५६ मु.अ कर समेत | १६३३४६ |
| ४३१÷२०८०।२।१४ | ११ नं वडा स्थति पेन्सन क्याम्पको गेट देखि पश्चिम प्रेमा शाहीको घर | ग्राभेल÷७० घ.मि | १८००.५१ | १२०९ मु.अ कर समेत | ३५१६० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जाने बाटोमा आर सि सि नाली निर्माण कार्य | | | | |
| ४१९÷२०८०।२।१० | १२ नं वडामा श्री दाउन्न कलभर्टदेखि श्री ने रा मा वि स्कुलको उत्तरपट्टीको चोकसम्म बाटो ग्राभेल | ग्राभेल÷१२६ घ.मि | १८००.५१ | १३५६ मु.अ कर समेत | ४७४१२ |
| ४२१÷२०८०।२।११ | १० नं वडा स्थित समाबेशि टोलमा माटो पटान तथा ग्राभेल | ग्राभेल÷६९ घ.मि | १८००.५१ | १२४९ मु.अ कर समेत | ३१०९० |
| ३८३÷२०८०।१।२१ | ५ नं वडा स्थित बबिता के सी को घरदेखि धनराज बरालको घर सम्म सडकमा ह्युम पाईप तथा ग्राभेल | ग्राभेल÷५५ घ.मि | १८००.५१ | १४९७मु.अ कर समेत | १३८५५ |
| ३७३÷२०८०।१।१९ | १० नं वडा स्थित मेट्रोमार्टदेखि उत्तर कुसुम रावतको घरसम्म बाटो ग्राभेल | ग्राभेल÷२४.९७ घ.मि | १८००.५१ | ९४३.५मु.अ कर समेत | १७३६६ |
| ३९२÷२०८०।१।२४ | ३ नं वडाको विभिन्न स साना बाटोहरु निर्माण तथा मर्मत | ग्राभेल÷१२६ घ.मि | १८००.५१ | १६९५ मु.अ कर समेत | १०७२९ |
| ३७१÷२०८०।१।१९ | ६ नं वडाको विभिन्न स्थानहरुमा माटो पटान , ग्राभेल | ग्राभेल÷२२६ घ.मि | १८००.५१ | १२०९ मु.अ कर समेत | ९७६८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८१÷२०८०।१।२१ | ७ नं वडा मा कृष्ण थारुको घरदेखि भुतैया ताल सम्मको बाटो माटो पटान तथा ग्राभेल | ग्राभेल÷१४१ घ.मि | १८००.५१ | १३५६ मु.अ कर समेत | ५३०३५ |
| ३२७÷२०७९।१२।२४ | ६ नं वडा स्थित बालविद्याटोलमा टिकाराम ढकालको घरदेखी महादेव श्रेष्ठको घरसम्म माटो पटान र ग्राभेल | ग्राभेल÷१३६ घ.मि | १८००.५१ | १५८२ मु.अ कर समेत | २५०७८ |
| ५५४÷२०८०।३।२१ | १५ नं वडा स्थित महाकाली रोडदेखी बागेश्व्री डाँगी मन्दिर जाने बाटोमा माटो पटान तथा ग्राभेल | ग्राभेल÷१११ घ.मि | १८००.५१ | १२०० मु.अ कर समेत | ५६४२५ |
| ५८१÷२०८०।३।२४ | १० नं वडा का विभिन्न स्थानमा ग्राभेल कार्य | ग्राभेल÷५३.६४ घ.मि | १८००.५१ | १३४८ मु.अ कर समेत | २४२४५ |
| ५४९÷२०८०।३।२१ | १ नं वडा मा क लाईन, मुसिकोट लाईन , मौवा टोल , सिद्धार्थनगर टोल र ख लाईन टोलका भित्री बाटोहरु ग्राभेल | ग्राभेल÷५०२ घ.मि | १८००.५१ | १५४६ मु.अ कर समेत | १०७८९५ |
| ५३८÷२०८०।३।१९ | ३ नं वडाको काली बहदाुर के.सी.को घर | ग्राभेल÷५७ घ.मि | १८००.५१ | १३५६ मु.अ कर समेत | २१९६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | उत्तर प्रगतिनगर बाटो ग्राभेल | | | | |
| ५१६÷२०८०।३।१३ | ८ नं वडा स्थित बिक्रम वलीको घरदेखि दक्षिण वडा नं. १४ बैजानाथपुरको नहर पुलसम्म सडक मर्मत सडक बोर्ड समेत | ग्राभेल÷६१६ घ.मि | १८००.५१ | १४३५ मु.अ कर समेत | १८९७८० |
| ५०६÷२०८०।३।११ | ६ नं वडाको विभिन्न स्थानहरुमा बाटो ग्राभेल तथा मर्मत | ग्राभेल÷१०६ घ.मि | १८००.५१ | १२४३ मु.अ कर समेत | ५०१६२ |
| ५१०÷२०८०।३।१२ | १ नं वडा स्थित क लाईन, मुसिकोट लाईन , मौवा टोल , सिद्धार्थनगर टोल र ख लाईन टोलका भित्री बाटोहरु मर्मत | ग्राभेल÷४३२ घ.मि | १८००.५१ | १४०१ मु.अ कर समेत | १४६२६३ |
| ४७८÷२०८०।२।३२ | १५ नं वडा कार्यालय देखि शंकरपुर सडक मर्मत कार्य सडक बोर्ड | ग्राभेल÷३१७ घ.मि | १८००.५१ | १२०३ मु.अ कर समेत | १५९९८४ |
| ४९४÷२०८०।३।७ | १५ नं वडाको विभिन्न टोलमा माटो पटान तथा बाटो ग्राभेल | ग्राभेल÷१३४ घ.मि | १८००.५१ | १४६९ मु.अ कर समेत | ३७५३० |
| ५१२÷२०८०।३।१२ | १२ नं वडा स्थित मुगाल टोलदेखी | ग्राभेल÷८९ घ.मि | १८००.५१ | ११३० मु.अ कर समेत | ४९४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | शान्ती टोल हुँदै मसुरीखेत जाने बाटो र सुमित्रा खड्काको घर हुँदै नारायण शर्माको घरसम्म बाटो ग्राभेल | | | | |
| ५०४÷२०८०।३।१० | ३ नं वडा अन्तगर्त महेन्द्र हाइवेदेखि उत्तर रिता जैसीको घरतर्फको सडक नाली निर्माण | ग्राभेल÷६७ घ.मि | १८००.५१ | १६७२ मु.अ कर समेत | ७१२२ |
| ४९८÷२०८०।३।७ | १० नं वडा अन्तर्गत विद्युतरोड डुण्डुवा नहरसम्म बाटो ग्राभेल | ग्राभेल÷११९ घ.मि | १८००.५१ | १३४७ मु.अ कर समेत | ५३१७० |
| ५१८÷२०८०।३।१५ | २ नं वडा स्थित सिद्धनगर साबित्रा थापाको घरदेखि बल बहादुर पौडेलको घरसम्म सडक मर्मत सडक बोर्ड | ग्राभेल÷६३.९२ घ.मि | १८००.५१ | १३५६ मु.अ कर समेत | २१२७७ |
| ४२९÷२०८०।२।१४ | ४ नं वडा स्थित श्री इन्द्रचोक चौतारामा माटो पटान | माटो ढुवानी गरी फिलिङ÷२६८.९१ घ.मि | ३८२ | ३२५ | १३०११ |
| ५५१÷२०८०।३।२१ | ३ नं वडा कार्यालय परिसरमा माटो पटा | माटो ढुवानी गरी फिलिङ÷९७५.७१ घ.मि | खरिद र ढुवानी प्रति घ.मि. रु ५७६.५ | खरिद र ढुवानी प्रति घ.मि. रु ४७४ | ८३८५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | | | | १६९३६ ११ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,९३,६११ |

## ५८ जिन्सी आम्दानी

५८.१ (४१४-२०८०-२-७): -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम कार्यालयले खरिद गरि कुनै सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानि बाँधी लागत अधवाधिक गर्नु पर्ने व्यवस्था छ। भरैया स्कुलमा घेराबार तथा गेट निर्माण,नेरामाबि खडकवारमा गेट निर्माण र पंखा जडान,बाल शीक्षा बिधालय घेरा बार धारा र शौचालय निर्माण,सिमरी बिधालयमा शौचालय निर्माणमा खर्च लेखि ने.रा. प्रा.बि.का लागी डेष्क बेन्च-१६ सेट,स्टिल चेयर- १२ सादा टेबुल- २ कम्प्युटर टेबुल- १सिलिङ पंखा -४ समेत खरिद गरी एस एस फर्निचर एन्ड सप्लायर्सलाइ रु २४९५१० भुक्तानी गरेको देखियो। खरिद गरेका जिन्सी कार्यालयको जिन्सी खातामा आम्दानी गरी बिद्यालयमा हस्तान्तरण गरी बिद्यालयको खप्ने जिन्सी खातामा आम्दानी गरेको प्रमाण संलग्न नदेखिएकोले जिन्सी आम्दानी तथा दाखिला प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४९,५१० |

५८.२ (३१२-२०७९-१२-२३):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम कार्यालयले खरिद गरि कुनै सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानि बाँधी लागत अधवाधिक गर्नु पर्ने व्यवस्था छ। वडा नम्बर ४ को भैपरिआउने पुजिगतमा खर्च लेखि हिमालय मदरसा गरिवनवाज प्रा.बि.का लागी सामसुङ एल.इ.डि टिभि ÷१, डेल आइ थ्री ल्यापटप÷१, स्टयान्ड÷१ खरिद गरी एस इलेक्ट्रोनिक्स लाइ रु १२०००० भुक्तानी गरेको देखियो। खरिद गरेका जिन्सी कार्यालयको जिन्सी खातामा आम्दानी गरी बिद्यालयमा हस्तान्तरण गरी बिद्यालयको खप्ने जिन्सी खातामा आम्दानी गरेको प्रमाण संलग्न नदेखिएकोले जिन्सी आम्दानी तथा दाखिला प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

५८.३ (५७४-२०८०-३-२४):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम कार्यालयले खरिद गरि कुनै सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानि बाँधी लागत अधवाधिक गर्नु पर्ने व्यवस्था छ। विद्यालय तथा सार्वजनिक स्थलहरुमा खानेपानी, रगंरोहन , पुर्वाधार निर्माण तथा खानेपानी ब्यवस्थामा खर्च लेखि ज्ञानज्योति मा .वि. बगियालाई फर्निचर खरिद डेष्क बेन्च÷७२ सेट, खरिद गरी आले ग्रिल उधोगलाइ रु ५ लाख भुक्तानी गरेको देखियो। खरिद गरेका जिन्सी बिद्यालयमा हस्तान्तरण गरी बिद्यालयको खप्ने जिन्सी खातामा आम्दानी गरेको प्रमाण संलग्न नदेखिएकोले जिन्सी आम्दानी तथा दाखिला प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५८.४ (५२८-२०८०-३-१७):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम कार्यालयले खरिद गरि कुनै सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानि बाँधी लागत अधवाधिक गर्नु पर्ने व्यवस्था छ। विद्यालय तथा सार्वजनिक स्थलहरुमा खानेपानी, रगंरोगन , पुर्वाधार निर्माण तथा खानेपानी ब्यवस्थामा खर्च लेखि सिद्यार्थ मा .बि.लाई फर्निचर खरिद डेष्क बेन्च÷२३ सेट, खरिद गरी डांगी स्टील एण्ड आल्मुनियम वर्क्सलाइ रु १९९९८५ भुक्तानी गरेको देखियो। खरिद गरेका जिन्सी बिद्यालयमा हस्तान्तरण गरी बिद्यालयको खप्ने जिन्सी खातामा आम्दानी गरेको प्रमाण संलग्न नदेखिएकोले जिन्सी आम्दानी तथा दाखिला प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,९८५ |

५९ **बढि भुक्तानी** (४३०-२०८०-२-१४):- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले गो.भौ. ४३०÷२०८०।२।१४ बाट ५ नं वडा स्थित श्री जगदन थारुको घरदेखि रमेश थारुको घरसम्म सडक मर्मतको सडक बोर्ड समेतको रु ९५१५२३ को सम्झौता रकममा अन्तिम कार्य मुल्यांकन रु ९३०९९१ हुदा रु ७४०२१५ भुक्तानी हुनुपर्नेमा सम्झौता अनुसारको पुरै रकम रु ७५६५४० भुक्तानी गरेको देखिएकोले अनुपातिक बढि भुक्तानी रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३२५ |

६० **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने तथा आयकर ऐन २०५८ अनुसार दर्ता भएको करदाताले प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त (म्याद थप बाहेक) सम्म आयबिबरण बुझाउनुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु आय बिबरण तथा मु.अ. कर विवरण नबुझाई मु.अ.कर तथा आय करमा नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले आय बिबरण तथा कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू

| गो.भौ.मिति | योजनाको नाम | सप्लायर्स | स्था.ले.न. | भुक्तानी रकम | मु.अ.कर रकम ७०प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ५५५÷२०८०।३।२१ | कालोपत्रे कार्य ठेक्का नं.banke/komun/w/ncb-22/2079/80 | एनएन कन्ट्रक्सन | ३०३१४५०९५ | १२५८४९० | ९६५६८ | मु अ करमा २०८० प्रथम Trimester बाट नन् फाइलर |
| ४०२÷२०८०।१।२९ | ७ नं वडा कार्यालयदेखि | एनएन कन्ट्रक्सन | ३०३१४५०९५ | ५३०००० | ४२६८१ | मु अ करमा २०८० प्रथम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लखनावार सम्म कालोपत्रे कार्य ठेक्का नं banke/komun/w/ncb-22/2079/80 | | | | | Trimester बाट नन् फाइलर |
| ५८०÷२०८०।३।२४ | बादी तथा गन्धर्व जातीको आय आर्जनका लागि धारा निर्मा ठेक्का नं.banke/komun/w/sq-27/2078/79 | महारुद्र निर्माण सेवा | ६१३१७३५४० | ५८८४६६ | ४७३९० | मु अ करमा २०८० जेष्ठबाट नन् फाइलर |
| ५६७÷२०८०।३।२३ | १४ नं वडा कार्यालयसम्म जाने बाटो कालोपत्रे कार्य ठेक्का नं.banke/komun/w/ncb-19/2079/80 | डिग्रे साई कुमारी कन्स्ट्रक्सन | ६०७४१५५४६ | ९३८०७९ | ७४७३९ | मु अ करमा २०८० प्रथम Trimester बाट नन् फाइलर |
| ४२३÷२०८०।२।११ | सुर्खेत रोड देखि १४ नं. वडा कार्यालयसम्म जाने बाटो कालोपत्रे banke/komun/w/ncb-19/2070/80 | डिग्रे साई कुमारी कन्स्ट्रक्सन | ६०७४१५५४६ | ५७१३९८ | ४३६९२ | मु अ करमा २०८० प्रथम Trimester बाट नन् फाइलर |
| ४०६÷२०८०।२।२ | ७ नं वडा कार्यालय जाने बाटो कालोपत्रे कार्य banke/komu | जे. एन्ड जे . कन्ट्रक्सन | ३०२५२३५१३ | ५६३३२९ | ४५३६५ | मु अ करमा २०८० प्रथम Trimester बाट नन् फाइलर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | n/w/ncb-14/2079/80 | | | | | |
| जम्मा | | | | | ३५०४३५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,४३५ |

६१ **माटो पटानको भुक्तानि सम्बन्धमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण काम गर्न स्विकृत नमर्स,दररेट र निर्माणस्थलमा उपलब्ध श्रोत साधनको उपलब्धताको आधारमा लागत अनुमान तयार गर्नुपर्ने, नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने उल्लेख छ । यस पालिकाबाट उपभोक्ता समिति मार्फत गराएको निर्माण कामको नमूना छनौटको आधारमा परीक्षण गर्दा देहायमा उल्लेख गरिएका योजनाका उपभोक्ता समितिलाइ माटो काटिङ्गबाट प्राप्त भएको माटो सोहि स्थानमा आबाश्यक ठाउँहरुमा राखि नपूग माटो मात्र बाहिरबाट खरिद गरि प्रयोग गर्ने गरि पालिकाले लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरि संचालन भएको योजनामा कटिङ्गबाट प्राप्त माटोको परिमाणलाइ सोहि योजनामा प्रयोग नगरि बाहिरबाट माटो खरिद गरि माटो पटानको थप परिमाण समाबेश गरि लागत अनुमान तयार तथा प्राबिधिक मूल्यांकन गरे अनुसार उपभोक्ता समितिलाइ भुक्तानि भएको देखिएको हुनाले यस सम्बन्धमा पालिकाले सम्पूर्ण उपभोक्ताहरुलाइ भएको भुक्तानि यकिन गरि बढि भुक्तानि हुन गएको पाइएमा सम्बन्धितबाट असुल उपर गर्नुपर्दछ । तसर्थ कटिङ्गबाट प्राप्त माटोको परिमाणलाइ सोहि योजनामा प्रयोग नगरि बाहिरबाट माटो खरिद गरि माटो पटानको थप परिमाणको प्राबिधिक मूल्यांकन गरि उपभोक्ता समितिलाइ भुक्तानि भएको देखिएकोले बढि भुक्तानि भएको रकम रु १६७११९।०० असुल हुनुपर्ने रु

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम र काम | भुक्तानि रकम | प्राबिधिक मूल्यांकन | माटो कटिङ्ग को परिमाण घ.मि. | माटो खरिद परिमाण घ.मि. | माटो पटानमा खरिद गर्नु नपर्ने माटोको परिमाण घ.मि. | माटो खरिदमा भुक्तानि माटोको दर | उपभोक्ताको योगदान कट्टा गरि बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ४३१÷२०८०।२।१४ | ११ नं वडा स्थति पेन्सन क्याम्पको गेट देखि पश्चिम प्रेमा शाहीको | ४७२८७५ | ५५६२९४ | ३२.४ | ४९.६८ | ३२.४ | ३८२ | १०५२१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घर जाने बाटोमा आर सि सि नाली निर्माण | | | | | | | |
| ४३२÷२०८०।२।१४ | १४ नं वडा स्थित श्री सिर्जना टोलमा ह्युमपाइप माटो पटान तथा नाली निर्माण | २२०६७० | २५९६३२ | २१.४३ | ३० | २१.४३ | ३८२ | ६९५७ |
| ४१६÷२०८०।२।१० | १२ नं वडा स्थित गोविन्द पौडेलको घर देखि भोज बहादुर थापाको घर सम्म अधुरो नाली निर्माण | ४४५९८२ | ५२४८६९ | ३३ | १४.५६ | १४.५६ | ३८२ | ४७२६ |
| ४०७÷२०८०।२।३ | १३ नं वडामा बहिनी खोला भवनदेखि गेरुवा खोला सम्म नाला तथा तटबन्धन कार्य | २७९८७० | ३३०८११ | १९.८ | ३०.९४ | १९.८ | ३८२ | ६४०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३८३÷२०८०।१।२१ | ५ नं वडा स्थित बबिता के सी को घरदेखि धनराज बरालको घर सम्म सडकमा ह्युम पाईप तथा ग्राभेल | १८७६३५ | २२५६८६ | १२ | ८९ | १२ | ३८२ | ३८११ |
| ३९२÷२०८०।१।२४ | ३ नं वडाको विभिन्न स साना बाटोहरु निर्माण तथा मर्मत कार्य | ३१८९४८ | ३९३३९७ | १९८ | २०५ | १९८ | ३८२ | ६१३२२ |
| २८१÷२०७९।१२।१० | २ नं वडामा मनकामना चोक राम थारुको घर देखि गंगा शाहीको घरसम्म नाली निर्माण | २७७५०९ | ३०८३४३ | १९ | २१ | १९ | ३८२ | ६५३२ |
| २८४÷२०७९।१२।१० | ९ नं वडामा मधेशी टोलमा पक्की नाली निर्माण | ९२५६२१ | ११४३४६२ | ४७ | ४२ | ४२ | ३८२ | १२९८७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५४९÷२०८०।३।२१ | १ नं वडा मा क लाईन, मुसिकोट लाईन , मौवा टोल , सिद्धार्थनगर टोल र ख लाईन टोलका भित्री बाटोहरु ग्राभेल | ८९६१६८ | १०५९०७२ | ४० | २२१ | ४० | ३८२ | १२९३० |
| ५१०÷२०८०।३।१२ | १ नं वडा स्थित क लाईन, मुसिकोट लाईन , मौवा टोल , सिद्धार्थनगर टोल र ख लाईन टोलका भित्री बाटोहरु मर्मत | ७९१८९३ | ९३३२२७ | ५० | १६८ | ५० | ३८२ | १६२०७ |
| ५०४÷२०८०।३।१० | ३ नं वडा अन्तगर्त महेन्द्र हाइवेदेखि उत्तर रिता जैसीको घरतर्फको | ७५२०५७ | ९०५५४७ | ४० | ८६ | ४० | ३८२ | १२६९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सडक नाली निर्माण | | | | | | | |
| २८८÷२० जम्मा७९।१२।१२ | ३ नं वडा स्थित पुर्ण बहादुर सुनारको घरदेखि पश्चिम पक्की नाली निर्माण | ४७३ ५९७ | ५४११३ ० | ३७ | ३६ | ३६ | ३८२ | १२०३६ |
| जम्मा | | | | | | | | १६७११९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६७,११९ |

६२ **अवन्डा बजेट** - सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले योजना तथा कार्यक्रम स्वीकृत गर्दा कार्यक्रम तथा योजनको कार्यान्वयन स्थल , सडकको नाम र चेनेज सहित रकम बिनियोजन गर्नुपर्नेमा बिभिन्न वडा र पालिकाले समेत भृपरिआउने पुजिगत शिर्षकमा रु ३१०१३८२ अबन्डामा बजेट राखि पटके निर्णयको आधारमा खर्च गरेको देखियो। यसरी सभाबाट बजेट अबन्डा राखि तजबिजिय अधिकार प्रयोग गरी पटके निर्णयको आधारमा खर्च गर्ने कार्य नियमित देखिएन। यसका केहि उदाहरण निम्नानुसार छन ।

| गो.भौ.मिति | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| ४३१÷२०८०।२।१४ | ११ नं वडा स्थति पेन्सन क्याम्पको गेट देखि पश्चिम प्रेमा शाहीको घर जाने बाटोमा आर सि सि नाली निर्माण कार्य | ४७२७८५ |
| ४२९÷२०८०।२।१४ | ४ नं वडा स्थित श्री इन्द्रचोक चौतारामा माटो पटान कार्य | १३१६५० |
| ४१९÷२०८०।२।१० | १२ नं वडामा श्री दाउन्न कलभर्टदेखि श्री ने रा मा वि स्कुलको उत्तरपट्टीको चोकसम्म बाटो ग्राभेल | २३४४६८ |
| ४९४÷२०८०।१।२४ | ११ नं वडा अन्तर्गत पेन्शन क्याम्पदेखि प्रेमा शाहीको घरसम्म पक्की नाली निर्माण | २८४५४५ |

| | | |
|---|---|---|
| ३७१÷२०८०।१।१९ | ६ नं वडाको विभिन्न स्थानहरुमा माटो पटान , ग्राभेल | ४७३६६५ |
| ३६५÷२०८०।१।१४ | १३ नं वडा स्थित राम बहादुर खत्रीको घर देखि नर बहादुर खत्रीको घर सम्म बाटो को ट्र्याक खोल्ने कार्य | ४६७९९६ |
| ५१२÷२०८०।३।१२ | १२ नं वडा स्थित मुगाल टोलदेखी शान्ती टोल हुँदै मसुरीखेत जाने बाटो र सुमित्रा खड्काको घर हुँदै नारायण शर्माको घरसम्म बाटो ग्राभेल | १३६४६१ |
| ४१६÷२०८०।२।१० | १२ नं वडा स्थित गोविन्द पौडेलको घर देखि भोज बहादुर थापाको घर सम्म अधुरो नाली निर्माण | ४४५९८२ |
| ५७२÷२०८०।३।२४ | ८ नं वडा अन्तर्गत मन्नापुर टोलको विभिन्न स्थानमा ह्युमपाइप विद्युतपोल सिचाई पाइप खरिद र नाली निर्माण कार्य | ४५३८३० |
| | जम्मा | ३१०१३८२ |

६३ **फरक शिर्षकमा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा स्थानीय तहले विनियोजन ऐनमा तोके अनुसार सम्बन्धित खर्च शीर्षकमा खर्च लेखांकन गर्नुपर्ने व्यवस्था छ। एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुरुप खर्च संकेत प्रयोग गरी खर्च लेख्नु पर्दछ ।नमूना छनौटका आधारमा श्रेष्ताको जाँच गर्दा पालीकाले निम्नानुसारका कारोवारमा खर्च संकेत फरक पारेर खर्च गरेको पाईएकोले नियमित नदेखिएको रु

| गो.भौ.न.\ मिति | खर्च लेखांकन शिर्षक | सम्पन्न कार्य | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| ४७२÷२०८०।२।३१ | वडा न ४ को भैपरी तथा पुजीगत | सुचना प्रकाशन | रेडियो प्रतिबोध एफ एम १०२.४ मेगाहर्ज | २०००० |
| | वडा न २ को विविध मर्मत संभार खर्च | | संगम मिडिया हब | १५००० |

| | | | | |
|---|---|---|---|---|
| ४७५÷२०८०।२।३२ | वडा न १५ को पुजिगत भैपरी आउने खर्च | आर्थिक सहयोग | मनिराम चमार | १०००० |
| ४५२÷२०८०।२।२६ | बिबिध तथा भैपरी खर्च, वडा कार्यालय काँडेतारबार | वडा नं.१३ को आ.स्वा.केन्द्रमा फर्निचर खरिद | एस एस फर्निचर अर्डर एण्ड सप्लायर्स | ५७७२७ |
| ४४१÷२०८०।२।२२ | नरेन्द्र देवकोटाको घरदेखि लक्ष्मण काफ्लेको घरसम्म र नन्दा सिजालीको घरदेखि दक्षिण जाने र दिपा वि.क.को घरदेखि ललिता थापाको घरसम्म बाटो ग्राभेल | ६ नं वडा मा सुतैया जाने बाटोमा नाली निर्माण | उपभोक्ता समिति | २८३६०४ |
| ४४२÷२०८०।२।२२ | निर्मित सार्वजनिक सम्पत्तिको सुधार लोकनगर अधुरो रहेको मन्दिर निर्माण | ११ नं वडा स्थित प्रवुद्ध जेष्ठ नागरिक मंचमा पोखरी निर्माण | उपभोक्ता समिति | ९४०५० |

| | | | | |
|---|---|---|---|---|
| ३२७÷२०७९।१२।२४ | वडा न ६ वालविद्या टोलमा थप नाला निर्माण | ६ नं वडा स्थित बालविद्याटोलमा टिकाराम ढकालको घरदेखी महादेव श्रेष्ठको घरसम्म माटो पटान र ग्राभेल | उपभोक्ता समिति | ४७३५७८ |
| ३९६÷२०८०।१।२७ | वडा न १२ को भैपरि आउने पुँजिगत खर्च | नगरपालिका स्तरिय फुटवलकप | युवा एकता क्लब कोहलपुर बांके | ५०००० |
| ४३४÷२०८०।२।१८ | विद्यालयको अवलोकन गरि आवश्यकता अनुसार विनियोजित गर्ने | २ नं वडा स्थित श्री शिवशक्ती आधारभुत विद्यालय चमेना गृह निर्माण | उपभोक्ता समिति | २५०००० |
| ४३४÷२०८०।२।१८ | विद्यालय तथा सार्वजनिक स्थलहरुमा खानेपानी, रगंरोहन , पुर्वाधार निर्माण तथा खानेपानी ब्यवस्था | २ नं वडा स्थित श्री शिवशक्ती आधारभुत विद्यालय चमेना गृह निर्माण | उपभोक्ता समिति | २०९५०० |
| | वडा न २ को विविध | नेपाल रेडक्रस | | ४५००० |

| | | | | |
|---|---|---|---|---|
| ३५९÷२०८०।१।१३ | मर्मत संभार खर्च<br>वडा न ४ को भैपरी तथा पुजीगत (<br>बिबिध तथा भैपरी खर्च, वडा कार्यालय काँडेतारबा<br>मर्मत सम्हार खर्च<br>वडा न १५ को पुजिगत भैपरी आउने खर्च | सोसाईटीले विभिन्न वडा संग सम्झौता गरी सुचना तथा जानकारी प्रकाशन गरेबापतको रकम भुक्तानी | नेपाल रेडक्रस सोसाईटी | |
| ३७२÷२०८०।१।१९ | वडा कार्यलय जाने बाटो स्तरउन्नति<br>वडा नं. ४ को सिमानादेखि जाजरकोटी टोलसम्मको बाटो र इश्वरी प्रसादको घरदेखि चन्द्र बहादुरको घरसम्म जानेबाटो ग्राभेल | ६ नं वडा को कार्यालयमा कम्पाउण्ड वाल निर्माण | उपभोक्ता समिति | ६१५११३ |

| | | | | |
|---|---|---|---|---|
| ५७४÷२०८ ०।३।२४ | विद्यालय तथा सार्वजनिक स्थलहरुमा खानेपानी , रगंरोहन , पुर्वाधार निर्माण तथा खानेपानी ब्यवस्था | ज्ञानज्योति मा . वि . बगियालाई फर्निचर खरिद | आले ग्रिल उधोग | ५००००० |
| ५२८÷२०८ ०।३।१७ | विद्यालय तथा सार्वजनिक स्थलहरुमा खानेपानी, रगंरोहन , पुर्वाधार निर्माण तथा खानेपानी ब्यवस्था | सिद्यार्थ मा . बि . लाई फर्निचर खरिद | डांगी स्टील एण्ड आल्मुनियम वर्क्स | १९९९८५ |
| ५२९÷२०८ ०।३।१७ | विद्यालय तथा सार्वजनिक स्थलहरुमा खानेपानी, रगंरोहन , पुर्वाधार निर्माण तथा खानेपानी ब्यवस्था | सिद्यार्थ मा . बि . लाई कार्पेट तथा पि फर्म खरिद | स्वर्गद्वारी कलेक्सन ल्याण्ड | ९९९९६ |
| जम्मा | | | | २९२३५५३ |

| | |
|---|---|
| अनियमित भएको | २९,२३,५५३ |

६४ **मुल्यांकन भन्दा घटी दरमा खरिद** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले देहायबमोजिम निर्माण योजनामा उपभोक्ताले मुल्यांकन भन्दा घटी दरमा खरिद गरेकोमा उपभोक्ताको बास्तबिक लागत भन्दा बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| गो.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री | कार्य मुल्यांकन | खरिद रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ५२६÷२०८०।३।१७ | वडानं १३ को बिधिन्न टोलहरुमा समरसेवल पम्प जडान उ.स. | इन्डियन क्रम्टन सर्भो वा सो सरहको समरसेवल पम्प १ हर्षपावर ÷५ थान | प्रति थान रु १६५३८ | प्रति थान रु १४००० | १४३३९ |
| ५२६÷२०८०।३।१७ | वडानं १३ को बिधिन्न टोलहरुमा समरसेवल पम्प जडान उ.स. | इन्डियन क्रम्टन सर्भो वा सो सरहको समरसेवल पम्प १.५ हर्षपावर ÷५ थान | प्रति थान रु २०९४८ | प्रति थान रु १६००० | २७९५६ |
| ४७६÷२०८०।२।३२ | सम्शेरगन्ज स्वास्थ्य चौकिमा समरसेवल पम्प जडान उ.स. | समरसेवल पम्प १.५ हर्षपावर ÷१ थान | २३३७५ | २०७८५ | २५९० |
| २८६÷२०७९।१२।१२ | वडानं४ समरसेवल पम्प जडान उ.स. | समरसेवल पम्प १.५ हर्षपावर ÷१ थान | २३३७५ | १६३८५ | ६९९० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१५÷२०८०।२।१० | मुक्ती प्रा.बि समरसेवल पम्प जडान उ.स | समरसेवल पम्प १ हर्षपावर ÷१ थान | २३३७५ | १६९५० | ६४२५ |
| जम्मा | | | | | ५८३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,३०० |

६५ **योजना कार्यान्वयन सम्बन्धमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बजेटको अधीनमा रही कूनै शिर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने एवम सोहि ऐनमा पालिकाले स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा बजेट नराखी योजनाहरुमा बजेट बिनियोजन गरि आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा व्यवस्था भए बमोजिम बजेट अबण्डा तथा एकमुष्ट नराखि योजनाहरुमा बिनियोजन बजेटको सुनिश्चितता भएपछि प्रचलित ऐन नियमानुसार योजनाहरु प्रतिस्पर्धि र मितव्ययि रुपमा कार्यान्विन गर्नुपर्नेमा पालिकाले ऐनमा व्यवस्था भए बमोजिम बजेट अबण्डाको रुपमा जस्तै समपुरक कोष र गत वर्षको दायित्व, भैपरि आउने पुँजिगत खर्च, शिर्षकहरुमा बजेट एकमुष्ट राखि पटके निर्णय एवम पहुँचको आधारमा योजनाहरुमा खर्च गर्ने गरेको तथा कतिपय योजनाहरु बजेटको सुनिश्चितता नहुदै योजना कार्यान्वयन गरि सके पश्चात मात्र समपुरकमा बिनियोजन बजेटबाट भुक्तानि दिने गरेको कारण पालिकामा योजनाहरुमा बजेट बाँडफाँड एवम कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको नदेखिएको हुनाले यस तर्फ सुधार हुनुपर्ने देखिन्छ । यसका केहि उदाहरणहरु निम्नानुसार रहेका छन ।

| गो भौ नं र मिति | भुक्तानि गर्ने शिर्षक | भुक्तानी पाउने निर्माण व्यवसायी एवम उपभोक्ताको नाम | भुक्तानि रकम |
|---|---|---|---|
| ६४÷२०७९।८।१२ | म्याचिगं फन्ड | १५ नं वडा मा ने रा आ बि भवन निर्माण योजना उ.स. | ६३६६६६ |
| ९१÷२०७९।८।२९ | म्याचिगं फन्ड | कौशिलनगर क लाईन सडक कालोपत्रे कार्य | ५५८१५९ |

| | | | |
|---|---|---|---|
| बिभिन्न | विभिन्न वडामा ग्राभेल गर्ने कार्य | विभिन्न वडाहरुमा ग्राभेल कार्य NCB÷ १५ ÷ २०७८।७९ अमृत कन्स्ट्रक्सन | ६४५२०६४ |
| ५५४÷ २०८०।३।२१ | विभिन्न वडामा ग्राभेल गर्ने कार्य | १५ नं वडा स्थित महाकाली रोडदेखी बागेश्वरी डाँगी मन्दिर जाने बाटोमा माटो पटान तथा ग्राभेल उ.स. | २७९२६६ |
| बिभिन्न | भैपरि आउने पुँजीगत | बिभिन्न | ६९६६६३१ |
| २२/०३/२०८० | भैपरि आउने पुँजीगत | १२ नं वडा स्थित ने.रा.मा.वि.निवुवा खङ्गावार ४ कोठे भवन तला थप निर्माण | ११२७६३ |

६६ **मेसिनबाट भएको कार्यमा बढी भुक्तानी** - सार्बजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण काम गर्न स्विकृत नमर्स, दररेट र निर्माणस्थलमा उपलब्ध श्रोत साधनको उपलब्धताको आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मुल्यांकन बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने तथा ब्यबस्था छ। गो.भौ.नं. ५५४ मिति २०८०।३।२१ बाट पालिकाले महाली रोड देखि बागेश्वरी डागि मन्दिर जाने बाटोमा माटो पटान तथा ग्राभेल कार्यको माटो फिलिङ कार्य २१५.६५ घ.मि. प्रति घ.मि. ५७६।७० र ग्राभेल कार्य ११०.९५ घ.मि. प्रति घ.मि.१८५० को दरले म्यानुयल बिच्छाएको दुबै कार्यको कुल ३२९६२१ मुल्यांकन गरी उपभोक्ता समितिलाइ रु २७९२६६ भुक्तानी गरेकोमा उपभोक्ताले पेश गरेको बिल भर्पाइको फोटोमा जे.सि.बि.बाट माटो र ग्राभेल बिच्छाएको देखिन्छ । दर बिश्लेषण अनुसार माटो र ग्राभेल फैलाउने कार्य ज्यामी द्धारा प्रति घ.मि. रु १९४।७० मा जे.सि.बि.बाट हुने कार्यको प्रति घ.मि.रु १४० मात्र देखिदा माटो र ग्राभेल ३२६.६ घ.मि.कार्यको प्रति घ.मि.बढि रु ५४।७० ले हुने रु १७८६५ मा उपभोक्ता समितिको अंश कट्टी गरि हुने रु १५१३६ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,१३६ |

६७ **धान पकेट कार्यक्रम** (३३१-२०८०-२-२६):- पालिकाले धान पकेट कार्यक्रम संचालनको लागि सुचना प्रकासन गरेकोमा धान पकेट कार्यक्रम संचालन गर्न सफल समुह सुनौलो कृषक समुहले पेश गरेको प्रमाण कागजातको आधारमा मिनि टेलर, पावर टेलर र पम्प सेट खरिद बापत रु ८००००० र अन्य विउ तथा विषादी खरिद बापत कुल कार्यसम्मन्न रु ११६३५७० को बनाई त्यसको ५० प्रतिशत अनुदान बापत रु. ५८१७८५ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसार को व्यहोरा देखियो ।

क) पालिकाले पकेट कार्यक्रम संचालन गर्नुपुर्व उक्त समूहको परीक्षण गरी वास्तविक रुपमा कति क्षेत्रफल हो सो को माटो परीक्षण गरी कुन बालीको लागि उक्त जमिन उपयुक्त छ । सो कुराको यकिन गरी संचालन गरिने क्रियाकलापको लागत अनुमान तयार गरी कुन कुन क्षेत्रमा सम्वन्धित समूह र कुन कुन क्षेत्रमा पालिकाको लगानी हुने हो सो कुरा प्रष्ट उल्लेख गरी कार्यदेश दिनुपर्नेमा सो नगरी सम्वन्धित समुहले अध्ययन वेगर तयार गरेको लागत अनुमानमा पालिकाले सहमति दिएको कारण संचालित पकेट कार्यक्रम लक्ष्य केन्द्रित भयो भन्ने यकिन गर्ने आधार देखिएन ।

ख) मेशिनरी सामाग्रीको समेत कति हेक्टरको लागि कति आवस्यक पर्ने हो सो कुराको निर्कोल नगरिकनै कृषकलाई आवस्यकता परेको आधारमा पकेट कार्यक्रमको नाममा आफुखुसी मेसिनरी औजार खरिद गरी रकम भुक्तानी गरेको नियमसम्मत नभएकोले उक्त खरिद कार्यको पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

६८ **भरपाई पेश नभएको** (३४०-२०८०-२-३०):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको विल भरपाइ तथा कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड बितरण कार्यको लागि विद्यार्थिको विवरण सत्यापन गरी सो को आधारमा विल भरपाईको आधारमा भुक्तानी दिनुपर्नेमा सो नगरी बर्षान्तमा २१ वटा विद्यालयको खातामा रु. १४२००३२ भुक्तानी गरेको देखियो। कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रतिष्प्रधाको माध्यमबाट खरिद गरी बिद्यालयबाट कक्षागत छात्राको बिबरण लिइ इमिसको बिबरणमा सत्यापन गराइ बिद्यालयमा हस्तान्तरण गर्ने सेनिटरी प्याडको बजेट सिधै विद्यालयमा निकासा गरेकोमा सो बाट सार्बजनिक खरिद नियमावलीको खरिद प्रकृया अनुसार स्यानीटरी प्याड खरिद गरी विद्यार्थिले प्राप्त गरेको विवरण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२०,०३२ |

६९ **खाता रोक्का** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय ५०(४) मा बर्षान्तमा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन, त्यस्तो रकम अन्य कोषमा जम्मा गर्ने काम गर्न नहुने उल्लेख रहेको छ । पालिकाले बर्षान्तमा निम्नानुसार विद्यालयको खातामा रकम भुक्तानी गरी खाता रोक्का राख्न पत्राचार गरेको देखियो। आबश्यक प्रमाण कागजात पेश गरी अनुदान दिने रकम बिद्यालयको खातामा निकासा गरी बैंक खाता रोक्का गर्नुपर्ने कारण स्पष्ट गरेको छैन। खर्च नभएमा आर्थिक बर्षको अन्तमा फ्रीज हुनुपर्ने उक्त रकम निकासा गरेको नियमित नदेखिएको रु.

| गो भौ नं र मिति | विद्यालयको नाम | कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|---|

|  |  |  |  |
|---|---|---|---|
| ३७६।०८० ।३।१० | श्री त्रिभुवन नमूना मा वी | विद्यालय शैक्षिक गुणस्तर सुढृढिकरण एं कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता | ३२००००० |
| ४३६।०८० ।३।२० | बाल शिक्षा आ वि | विद्यालय शैक्षिक गुणस्तर सुढृढिकरण एं कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता | २५०००० |
| ४७८।०८० ।३।२२ | ३ वटा विध्यालय | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय , वैकल्पिक विद्यालय , साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत | ५८१०९० |
| जम्मा | | | ४०३१०९० |

| अनियमित भएको | ४०,३१,०९० |
|---|---|

७० **बैठक भत्ता** (३७२-२०८०-३-८):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टी गर्ने विल भरपाइ तथा कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण कार्यको स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यक्रमको लागि विभिन्न चरणमा बैठक बसेको भनी १० जनालाई ७२००० बैठक भत्ता भुक्तानी गरेको देखियो। सेनिटरी प्याडको रकम सिधै बिद्यालयको खातामा अनुदान दिएकोमा सो कार्यको लागी विभिन्न चरणमा बैठक बसेको भनी भत्ता भुक्तानीको माइन्युट तयार गरी भुक्तानी गरेको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

| असुल गर्नुपर्ने | ७२,००० |
|---|---|

७१ **लागत अनुमान तयार नगरी खरिद कार्य** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ५ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा तोकिय बमोजिम लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका मातहतका विभिन्न विद्यालयले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षक अन्तर्गत विद्यालय पुस्तकालय तथा ल्याव स्थापना गरे बापत विजक मात्र पेश गरी रकम भुक्तानी भएकोमा उक्त कार्यहरुको लागत अनुमान स्थलगत अनुगमन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| गो भौ नं मिति | विद्यालयको नाम | निर्माण | कैफियत | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४११।०८०।६।१६ | श्री ज्ञान ज्योती मा वि | लाइब्रेरी निर्माण | कितावको विल मात्र पेश भएको | ६५०००० |
| ४०२।०८०।३।११ | श्री नेपाल रा आ वि | पुस्तकार्यालय निर्माण | विजक मात्र पेश भएको | ६५०००० |

| | | | | |
|---|---|---|---|---|
| ४२८।८०।३।१८ | श्री सगरमाथा ज्ञानपुञ्ज मा वि | विज्ञान प्रयोगशाला निर्माण | विजक मात्र पेश भएको | ६५०००० |
| जम्मा | | | | १९५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,५०,००० |

७२ **तरकारी बाली निरन्तरता** (४१४-२०७९-९-१७):- पालिकाले तरकारी बाली निरन्तरता शिर्षकमा विनियोजन भएको बजेट र नयाँ धान पकेट कार्यक्रममा विनियोजन भएको बजेट बाट मिनि टेलर खरिद गरेको भनी डाँगि ट्रेडर्सलाई रु. ७०९००० भुक्तानी गरेको देखियो। संघीय ससर्त बजेटबाट विनियोजन हुने बजेट कार्यविधि अनुसार कृषक छनौट गरी खर्च गर्नुपर्नेमा सो नगरी सिधै मिनिटेलर खरिद गरी सप्लायर्सलाइ भुक्तानी गरेको नियमित देखिदैन। मिनिटेलर बितरण गर्ने कृषक छनौटको आधार र बितरण भर्पाइ पेश हुनुपर्ने अन्यथा उक्त खर्च पालिकाबाट बेहोरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०९,००० |

७३ **मौरी घार खरिद** (३९४-२०८०-३-११):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टी गर्ने विल भरपाइ तथा कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पढ्दै कमाउदै कार्यक्रम संचालन गर्ने गरी बालशिक्षा मा वि लाई मौरी धार २५ थान खरिद गरेको भनी रु ५००००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालयमा विद्यार्थीलाई संलग्न गरी कार्यक्रम संचालन गर्ने र विद्यार्थीले प्रत्यक्ष रुपमा कार्यक्रम गर्ने गरी विद्यालयको जग्गा वा बहालमा लिएको जग्गामा अस्थायी पूर्वाधार निर्माण गरी कार्यक्रम संचालन गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा स्थलगत रुपमा अवलोकन गर्दा उक्त मौरीको धारको रेखदेख तथा संचालन गर्ने कार्य विद्यार्थी द्धारा संचालन गरेको नदेखिएको साथै मैरीको कुनै पनि धार तथा अन्य भौतिक संरचना विद्यालयमा नरहेको हुदा उक्त रकमको सहि सदुपयोग नभएको सम्बन्धमा पालिकाबाट स्थलगत अनुगमनबाट एकिन गरी दुरुपयोग भएको भए असुल गरी संघिय संचित कोष दाखिला प्रमाण पेश गर्नुपर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

७४ **मोवाइल तालिम** (३२४-२०८०-२-२३):- पालिकाले नया उद्यमी विकास गर्न सिप विकास तालिम संचालनको लागि ३ महिने आधारभुत मोवाइल तालिम मिति २०७९।११।११ देखि २०८०।२।११ सम्मा संचालन गरे बापत रु. २२८७३० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्य संचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार सिपमुलक तालिमको लागि मुख्य प्रशिक्षकलाई मासिक १०००० र सहायक प्रशिक्षकलाई मासिक ७००० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । पालिकाले मूख्य प्रशिक्षक पवित्रा कुमारी सुनारलाई मासिक रु २०००० का दर भुक्तानी दिई बढी भुक्तानी भएको रु.३०००० पालिकाले भुक्तानी दिने आधार पेश गर्नुपर्ने अन्यथा संघिय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

ख) नमस्ते मोवाईल एण्ड इलेक्ट्रोनिक बाट कच्चा मोवाइलका सामाग्री आपुर्ति गरे बापत ९६७७० डिलसरा विरकट्टाको नाममा भुक्तानी भएकोमा उक्त भुक्तानी पार्टिको नाममा भुक्तानी नगरीकनै व्यक्तिको नामा भुक्तानी हुनुको कारण र सो कार्यको लाभग्राहीको २० प्रतिशत योगदान रु १९३५४ असुल गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,३५४ |

७५ **प्रजनन रुग्णता स्वास्थ्य सेवा** (२९६-२०८०-२-१):- प्रजनन रुग्णता स्वास्थ्य सेवा बापतको कार्यक्रम संचालन गरे बापत २७ जनाको नाममा वडा नं १२ र ७ मा २३ र २४ गते संचालित कार्यक्रमको विभिन्न शिर्षकमा रु. १७०३२० भुक्तानी श्रेष्ता परिक्षण गर्दा निम्न व्यहोरा देखियो ।

क) कार्यक्रम संचालन बापत बाह्य प्रशिक्षक लाई प्रति सेसन १५०० का दरले प्रति दिन २ सेसन बढीमा ३००० सम्म भुक्तानी दिन सकिनेमा प्रति दिन १०००० मा दरले भुक्तानी गरी बढी भुक्तानी भएको रु. १४००० भुक्तानी दिने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

ख) अनुगमन बापत ५ जनालाई २ दिनको १००० का दरले र ८ जनालाई १२ दिनको भुक्तानी दिएकोमा अनुगमन चेकलिष्ट पेश नै नगरी भुक्तानी भएको भुक्रुतानी पाउने आधार पेश गर्नुपर्ने अन्यथा .२२००० रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,००० |

७६ **प्राविधिक धार** (२९५-२०८०-२-१):- पालिकाले प्राविधिक धार संचालन गरे बापत लक्ष्मी मा वि लाई कक्षा ९ देखि १२ सम्म १५१ जना विद्यार्थि प्राविधिक धार अध्ययनरत भनी प्रति विद्यार्थी १५००० का दरले हुने २२६५००० को ६० प्रतिशत रकम रु. १३५९००० भुक्तानी भएकोमा कुन कुन कक्षामा कति विद्यार्थि पढ्ने हो सो विवरण सत्यापन गरी त्यसबाट ल्याव असिस्टेन्ट नियुक्ति गरी मासिक रुपमा तलव भत्ता भुक्तानी गरेको प्रमाण संलग्न नभइ भुक्तानी भएको हुदा उक्त कार्यको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५९,००० |

७७ **गरिवि निवारण सम्वन्धि कार्यक्रम** (३००-२०८०-२-५):- पालिकाले नया उद्यमी विकास गर्न सिप विकास तालिम संचालनको लागि आधारभुत सिंलाई कटाई तालिम मिति १०।१५ देखि १।१५ सम्मा संचालन गरे बापत रु. ५७५५०२ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्य संचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार सिपमुलक तालिमको लागि मुख्य प्रशिक्षकलाई मासिक १०००० र सहायक प्रशिक्षकलाई मासिक ७००० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । पालिकाले मूख्य प्रशिक्षक पवित्रा कुमारी सुनारलाई मासिक रु. २५००० का दर र सहायक प्रशिक्षक ज्योती सुनार लाई मासिक रु. १५००० का दरले ३ महिनाको लागि तलव भत्ता भुक्तानी गरी बढी भुक्तानी भएको रु. ६९००० भुक्कोतानी दिने आधार पेश हुनुपर्ने अन्यथा संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

ख) कपडा तथा धाँगो र टाँक कति खरिद आवस्यक पर्ने हो सो को लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा सो नगरी नन्कुराम होलीरामको नाममा जारी भएको १९९१४२ को कपडा खरिद भएको र अन्सारी धागो टाँक पसलबाट ५१०९५ गरी कुल रु. २५०२३७ डिलसरा विरकट्टाको नाममा भुक्तानी भएकोमा उक्त भुक्तानी पार्टिको नाममा भुक्तानी नगरीकनै व्यक्तिको नामा भुक्तानी हुनुको कारण र कार्यको लागत अनुमान तथा लाभग्राहीको २० प्रतिशत योगदान बापत रु ५००४७ असुल गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१९,०४७ |

७८ **चाडपर्व खर्च** (२८४-):- सामान्य प्रशासन मन्त्रालयको मिति २०७४.१.२८ को चं.नं. ३६७० पत्रानुसार स्वीकृत दरवन्दीमा रहेका करारमा रहेका कर्चारीलाई कार्यरत भएको ६ महिना पछि मात्र चाँडपर्व खर्च दिने र निजामति सेवा नियमावली २०४९ कर्मचारीलाई आफ्नो मूख्य चाँडपर्वको १ महिना अगाडि घोषणा गर्नुपर्ने व्यवस्था रहेको हुदा पालिकाले मनोपरामर्शदाताहरुलाई राष्ट्रिय पर्व घोषणा गर्न नलगाई बैशाखको महिना चाँडपर्व खर्च बापत ३ जनालाई वित्तीय साक्षर सहजकर्ता र मनोसामाजिक परामर्शकर्ता र ३ जना रिटर्नि स्वयमसेवक गो भौ नं २८४ बाट रु. १४९१९० भुक्तानी दिएको कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४९,१९० |

७९ **बढी भुक्तानी -** अर्थ मन्त्रालय द्धारा जारी कार्यसंचालन निर्देशिका २०७७ अनुसार सार्वजनिक निकायले कुनै कार्यक्रम संचालन गर्दा कार्यविधिले तोके अनुसारको दरमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका मातहतमा संचालित निम्नानुसारको कार्यक्रमहरुमा तोकीएकी दर भन्दा बढी भुक्तानी गरी बढि ब्ययभार पारेको रु

| गो भौ नं र मिति | कार्यक्रमको नाम | भुक्तानी भएको आइटम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २२१।०७९।१२।२२ | आइ एम एन सि आइ समिक्षा कार्यक्रम | सहजकर्ता भत्ता बसन्ती मल्ललाई २ सेसन( कार्यपत्र पेश नभएको) | १५०० | २५०० | ३६०० |
| | | आन्तरिक प्रशिक्षक अनिल सेन वली २ वटा सेसन( कार्यपत्र नभएको) | | १६०० | ३२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम सँयोजक अमृत कुमार राना २ दिनको | ४०० | १००० | १२०० |
| | | यातायात खर्च २० जनालाई | २०० | १००० | १६००० |
| २३१।०७९।१२।८ | मातृ तथा नवशिशु कार्यक्रम(लोक माया भारती) | कार्यक्रम सँयोजक लोकमाया भारती २ चरणको ३ दिन गरी ६ दिनको | ४०० | १००० | ३६०० |
| | | अनुगमन कर्ता १० जना लाई १८ पटक | | | १४००० |
| | | बाह्य प्रशिक्षक ईश्वरी के सी ३ सेसन , भारती शर्मा ३ सेसन ( कार्यपत्र पेश नभएको हुदा बाचनको मात्र भुक्तानी | ७०० | २५०० | १०८०० |
| | | आन्तरिक प्रशिक्षक श रुम कुमारी थनेल ३ सेसन( कार्यपत्र पेश नभएको हुदा कुनै पनि भत्ता नपाउने | | १६०० | ४८०० |
| | १२।१२ देखि १२।१४ सम्म शमशेरजंग | बाह्य प्रशिक्षक ईश्वरी के सी ३ सेसन , भारती शर्मा ३ सेसन ( कार्यपत्र पेश नभएको हुदा बाचनको मात्र भुक्तानी | ७०० | २५०० | १०८०० |
| | | आन्तरिक प्रशिक्षक श श्रदा गुरुङ्ग ३ सेसन( कार्यपत्र पेश नभएको हुदा कुनै पनि भत्ता नपाउने | | १६०० | ४८०० |
| २५६।०८०।१।१९ | १२।२२ मा संचालन भएको पोषण कार्यक्रम | अनुगमन बापत ५ जनालाई १००० का दरले भुक्तानी | | | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बाह्य प्रशिक्षक बसन्ती म्ला १ सेसन ( कार्यपत्र पेश नभएको हुदा बाचनको मात्र भुक्तानी | ७०० | २५०० | १८०० |
| | | आन्तरिक प्रशिक्षकहरु ३ जनालाई ३ सेसन( कार्यपत्र पेश नभएको हुदा कुनै पनि भत्ता नपाउने | | | ४८०० |
| ३३७।०८०।२।२९ | CBIMIC कार्यक्रम | सँयोजन भत्ता अमृत कुमार रानालाई १५ दिनको | ४०० | १००० | ९००० |
| | | अनुगमन खर्च ७ जनालाई १५ पटक | | | १३००० |
| जम्मा | | | | | १०४४०० |

| | |
|---|---|
| अनियमित भएको | १,०४,४०० |

८० **जनश्रमदानमा दोहोरोपना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिको जनश्रमदान बापतको अंश कट्टा गरी बाँकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिले खानेपानी उपभोक्ता समिति गठन गरी खानेपानी कार्यालयबाट पाइप र संरचना निर्माणको कार्य खानेपानी कार्यालयबाट गर्ने र बितरण लाइनको खन्नेपुर्ने कार्य उपभोक्ताले गर्नेगरी प्राप्त पाइप खन्नेपर्ने कार्य उपभोक्ता आफैले नगरी जनश्रमदान बापतको उपभोक्ता समितिले स्यंयमले वेहोर्नुपर्ने अंशको काम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गराइ भुक्तानी गरेको देखिएकोले उपभोक्ताले पाइप प्राप्त गरेको खानेपानी कार्यालयबाट खन्नेपुर्ने कार्यको श्रमदानको रकम दोहोरो नपरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम उपभोक्ता समितिबाट असुल गरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने देखिएको रु.

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| २२९।०७९।१२।२३ | मदनचोक खानेपानी आयोजना | वडा नं ३ मा खानेपानी पाइप लाईन | ६४६८१७ |
| १९८।०७९।१२।६ | | ८ नं वडाभित्र खानेपानीको लागि पाइपलाईन विस्तार | २६८३०५ |

| | | | |
|---|---|---|---|
| १९९।०७९।१२।६ | | ४ नं वडामा बेलनपुर देखि गोहवा सम्म खानेपानीको पाइप खन्ने पुर्ने कार्य | ३९४६६८ |
| २२२।०७९।१२।२२ | | १० नं वडा स्थित प्रहरी बिट देखी विद्यानगर आरसी टोल हुँदै चटार गाउँसम्म खानेपानीको पाईपलाईन विस्तार योजना | ४०१५९२ |
| ४२५।०८०।३।१८ | | १० नं वडा अन्तर्गत राजमार्गदिखि डाइनामिक क्याम्पस हुँदै त्रिवेणी चोक चटार सम्म खानेपानीको पाइपलाईन विस्तार | ३३९८५३ |
| जम्मा | | | २०५१२३५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,५१,२३५ |

८१ **तलव भत्ता भुक्तानी -** गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को अनुसुचि २ को तालिका नं १ अनुसार नँया लघु उद्यमी सिर्जना तर्फ विनियोजन भएको बजेटको उद्यम विकास सहजकर्ता परिचालनको लागि बढीमा २४ देखि ३३ प्रतिशत सम्म खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने बजेट शिर्षकमा रु २३६०००० विनियोजन भएकोमा त्यसको ३३ प्रतिशतले हुने ७७८८०० सम्म खर्च गर्न सकिने पालिकाले रु ८७५४५२ खर्च गरेको देखिएकोले बढि खर्च गरेको रु ९६६५२ स्थानिय संचित कोषबाट बेहोरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,६५२ |

८२ **विद्यालय सहायक तथा विद्यालय सहयोगीलाई थप रकम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१(ख) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि प्रयाप्त प्रमाण पुगेको कुरा यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले संघीय सरकारले शशर्त शिक्षा तर्फ बिद्यालय सहायक र विद्यालय सहयोगीलाई

क्रमसः १३५०० र १०००० का दरले अनुदान उपलव्ध गराइ सो रकममा नेपाल सरकारले घोषणा गरेको न्यूनतम् मासिक ज्याला रु. १७३०० सम्म पालिकाले थप गरेर दिन सक्ने व्यवस्था बमोजिम यस बर्ष पालिकाले थप अनुदान उपलब्ध गराएकोमा निम्नानुसारका विद्यालयले ति कर्मचारी स्थायी गरेर तलव भत्ता , ग्रेड, महङ्गी भत्ता समेत आफ्नो तर्फबाट रकम थप गरी न्यूनतम् ज्याला भन्दा बढी हुने गरी भुक्तानी दिईरहेको पालिकामा पेश भएको पेरोलबाट देखियो। यसरी बिद्यालय आफैले स्थायी गरी न्युनतम तलवस्केल भन्दा बढि भुक्तानी गरी रहेको अबस्थामा पालिकाले थप अनुदान दिन आबश्यक नदेखिएकोले पालिकाले उक्त कुराको अनुगमन गरी दोहोरो सुविधा हुने गरी भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| कर्मचारीको नाम | विद्यालयको नाम | भुक्तानी भइरहेको तलव भत्ता मासिक | पालिकाको अनुदान बार्षिक |
|---|---|---|---|
| याम बहादुर बुढा | सरस्वती मा वी | (तलव २१०००+ ग्रेड ४२००+कं सं थप २५२०+नाल कोष ४०० र महङ्गी भत्ता २०००)= ३०१२० | ९१००० |
| रमेश गोरिया | | (तलव १५०००+ ग्रेड ७५००+क सं कोष थप २२५०+नाल कोष ४०० र महङ्गी भत्ता २०००)= २७१५० | ९१००० |
| कल्लु सिंह चौधरी | त्रिभुवन मा वी | (तलव ३४७३०+ ग्रेड ३४७४+कं सं कोष थप ३८२० +नाल कोष ४०० र महङ्गी भत्ता २०००)= ४४४३० | ९१००० |
| भिमा पराजुली | | (तलव १९४५०+ ग्रेड १२९८+कं सं कोष थप २०७५ +नाल कोष ४०० र महङ्गी भत्ता २०००)= २५२२३ | ९१००० |
| प्रेम बहादुर पुन | श्री ज्ञानज्योती मा वि | (तलव २७२८५+ ग्रेड ७२८०)= ३४५६५ | ९१००० |
| का स | | (तलव १९५०१+ ग्रेड ५२००)= २४७०१ | ९१००० |

| | | | |
|---|---|---|---|
| देवी पौडेल | सगरमाथा ज्ञानपुञ्ज मा वि | (तलव ३२९०२+ ग्रेड ३५००+कं सं कोष थप ३४४० +नाल कोष ४०० र महङ्गी भत्ता २०००)= ४२४४२ | ९१००० |
| का स | | (तलव १७२२५+ ग्रेड ११२५+कं सं कोष थप १८३५ +नाल कोष ४०० र महङ्गी भत्ता २०००)= २२५८५ | ९१००० |
| जम्मा | | | ७२८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२८,००० |

८३ **दिगो बन व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रम** - पालिकाले दिगो वन व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रम संचालन गर्दा कार्यविधिले तोके अनुसार कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सो बजेटबाट १० र ११ अन्तर्गत साझा चोकदेखी हाईस्कुल चोकसम्म मिडियन रेलिङ्ग निर्माण कार्य गरेको बापत रेलिगं निर्माण उपभोक्ता समिति लाई गो भौ नं २१७।०७९।१२।२२ बाट रु. ३३२५०० भुक्तानी भएको हुदा पालिकाले उक्त खर्च संघीय सरकारको शशर्त बजेट भएकोले समर्थन गराउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३२,५०० |

८४ **माटो पटानीको प्रमाण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले कुनै सरकारी रकम भुक्तानी गर्दा विल भरपाई सहित लेखा राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न योजनाको खन्ने र माटो पटानी बापत सम्पूर्ण योजनामा भुक्तानी भएकोमा माटो पुरेको प्रमाण तथा माटो बोक्नको लागि सामाग्री खरिद नदेखिएको हुदा उक्त कार्य भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

| गो भौ नं र मिति | निर्माण कार्य | कुल कार्यसम्पन्न | माटो पटानी@ २८९ | भुक्तानी रकम |
|---|---|---|---|---|
| २५३।०८०।१। १९ | वडा नं १० मा विभिन्न ठाँउमा | १४२५१९ | २८१ क्यू मी | ८१२१० |

| | | | | |
|---|---|---|---|---|
| | नालि मर्मत गरे बापत भुक्तानी | | | |
| २५५।०८०।१।१९ | वडा नं १ विभिन्न नाला निर्माण | २६५४२० | २४५ क्यू मी | ७०८०५ |
| २७४।०७९।१।२८ | वडा नं १२ मा स्यासे पम्म देखि हरि नगरकोटी घर हुदै जाने बाटो | | ३६४ क्यी मी | ७६२९७ |
| २९८।०८०।२।३ | वडा नं २ माटो खन्ने र माटो पटान | | ४३८ | १२६५८२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५४,८९४ |

८५ **बढी भुक्तानी -** पालिकाले ज्ञान ज्योती मा वि लाई कक्षा १२ को लागि ९१ सेट पुस्तक खरिद गर्दा स्वीकृत दर रेट ३१७ का दरले भुक्तानी दिनुपर्नेमा ३८८ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु.६४६१ असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४६१ |

८६ **उपमेयर कप छात्रा क्रिकेट कप प्रतियोगिता** (३३-२०७९-११-८):- पालिकाले उपमेयर कप छात्रा क्रिकेट कप प्रतियोगिता कोहोलपुर नगर विकास खेलकुद विकास समितिको नाममा रु. ३००००० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) मुख्य अम्पायर को भुमिका निर्वाह गर्दा १ जनालाई ९ दिनको प्रति दिन ३००० का दरले र ३ जना सहायक अम्पायरलाई ९ दिन सम्म प्रति दिन ३००० का दरले गरी रु १०८००० भुक्तानी भएकोमा उक्त भुक्तानी दिने आधार नर्म्स पेश हुनुपर्ने . रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,००० |

८७ **IMEIS र ICT तालिम** (५-२०७९-७-४):- शिक्षकहरुलाई IMEIS र ICT तालिम संचालन गरेको भनी शिला गौतम लाई गो भौ नं ५।०७९।७।४ बाट रु. १७२४०० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) मिति २०७९।४।११ देखि ४।१२ सम्म संचालन गरेको तालिममा अनुगमन भत्ता बापत शिला गौतम तथा रविलाल मिजार लाई २ दिनको १००० का दरले अनुगमन भत्ता भुक्तानी भएको अवस्थामा २ जनालाई

८ दिनको १००० का दरले अनुगमन भत्ता गरी १६००० भुक्तानी भएकोमा कर बाहेक रु. १३६०० भुक्तानी भएकोले भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) आन्तरिक प्रशिक्षकलाई कार्यपत्र तयार गरी कार्य संचालन गरेबापत फरक फरक कार्यपत्र अनुसार प्रति कार्यपत्र ८०० का दरले भुक्तानी गर्न सकिने व्यवस्था रहेको शिला गौतमलाई ४ कक्षाको १६०० का दरले र रविलाल मिजार लाई ४ वटा कक्षाको १६०० का दरले भुक्तानी भएको कार्यपत्र नै संलग्न नै नगरी भुक्तानी भएकोले भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा (कर बाहेक) रु.१०८८० असुल गरी दाखिला गर्नुपर्ने रु.

ग) अर्को चरण (४।१३ र ४।१४) मा संचालन गरे बातप टिकानाथ गोसाई लाई २ वटा सेसन बापत कार्यपत्र नैं संलग्न नगरीकनै रु. १०००० भुक्तानी भएकोमा प्रति कक्षा १५०० का दरले भुक्तानी गर्न सकिनेमा ७००० बढी भुक्तानी भएको हुदा भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

घ) कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार नगर स्तरमा १५ दिन सम्म संचालन भएको कार्यक्रममा सँयोजक भत्ता बापत प्रति दिन रु.४०० का दरले भुक्तानी दिन सक्ने व्यवस्था रहेकोमा ४ दिन संचालन भएको कार्यक्रमको लागि सँयोजक भत्ता बापत शिला गौतमलाई १६०० भुक्तानी दिनुपर्नेमा रु.२४०० बढी हुने गरी रु ४००० भुक्तानी भएकोले भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,८८० |

८८ **पुस्तकालय सुढृढीकरण तथा व्यवसाय तालिम** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८२ अनुसार सार्वजनिक निकायलाई उपयोगि र आवस्यक पर्ने तालिम , गोष्ठी जस्ता विषयमा मात्र सेवा लिनु परेमा ३ वटा प्रस्ताव माग गरी सवैभन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर र मूल्यलाई समेत यकिन गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पुस्तकालय सुढृढीकरण तथा व्यवसाय तालिम संचालन गर्नको लागि नेपाल नलेज सेन्टर सर्भिसेज लाई सोझै सम्झौता गरी कार्य गरेको भनी गो भौ नं ४०।०७९।१२।१७ बाट रु १९५८२० भुक्तानी भएकोमा उक्त परामर्शदाता छनौटको आधार पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,८२० |

८९ **एकिकृत पाठ्यक्रम मूल्याङ्कन पुस्तिका छपाई तथा विवरण** (१२-२०७९-८-९):- पालिकाले कक्षा १ देखि ३ सम्म एकिकृत पाठ्यक्रम मूल्याङ्कन पुस्तिका छपाई तथा वितरण कार्य बापत रविलाल मिजारको नाममा म्याक्सवेल प्रिन्ट प्रा लि को कक्षा १ को १०५० थान प्रति थान ८९, कक्षा २ को १०५० थान प्रति थान रु ९० र कक्षा ३ को १००० थान प्रति थान ९० का दरले पुस्तक छपाईको भनि पार्टिको नाममा भुक्तानी नभई व्यक्ति रविलाल मिजारको नाममा रु.३१४०८३ भुक्तानी भएको साथै विजक विल भन्दा पछि खरिद आदेशको मिति भएको देखियो। छपाइ भएका मुल्यांकन पुस्तिका बिद्यालयमा हस्तान्तरण गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१४,०८३ |

९० **आइ सि टी सम्वन्धि तालिम** - पालिकाले ICT तालिम मिति १०।१६ देखि १०।१९ सम्म संचालन गरे बापत ईश्वरी प्रसाद विश्वकर्माको नाममा रु. १५०००० को पेश्की फर्छ्यौट गरी गो भौ नं २००१०० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) आन्तरिक प्रशिक्षक राम वहादुर हमाल लाई ३ वटा कक्षाको प्रति कक्षा १६०० का दरले, सागर चौधरी लाई १२ वटा सेसनको प्रति सेसन रु. १६०० का दरले र शिला गौतम लाई १ सेसनको प्रति सेसन १६०० का दरले भुक्तानी दिएकोमा कार्यपत्र पेश नै नभएको तथा आन्तरिक प्रशिक्षकलाई कक्षा संचालन बापत भत्ता वितरण गर्न नसकिने भएकोमा आन्तरिक प्रशिक्षकलाई कार्यपत्र नै पेश नगरी भुक्तानी भएको रु. १६ वटा कक्षाको प्रतिकक्षा २५६०० को कर बाहेक रु. २१७६० असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) शिला गौतमले प्रतिवेदक र सँयोजक दुवै भत्ता बुझेको देखिएकोले दोहोरो सुविधा बातप प्रतिवेदक भत्ता बापत रु १००० असुल गरी दाखिला गर्नुपर्ने रु.

ग) सँयोजक भत्ता प्रति दिन ४०० का दरले भुक्तानी दिन सकिने मा १००० का दरले भुक्तानी दिई २ दिने कार्यक्रमको बल बहादुर नेपाली लाई २ दिनको २००० भुक्तानी दिई बढी भुक्तानी भएको १२०० असुल गरी दाखिला गर्नुपर्ने रु.

घ) अनुगमन भत्ता बापत १० जनालाई १० दिनको १००० का दरले भुक्तानी दिई ७ जनालाई १० दिनको १००० का दरले भुक्तानी भएको ७०००० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,६१० |

९१ **महङ्गी भत्ता** - सामान्य प्रशासन मन्त्रालयको मिति २०७४.१.२८ को चं.नं. ३६७० पत्रानुसार स्वीकृत दरवन्दीमा रहेका करारमा रहेका कर्चारीलाई महङ्गी भत्ता विवरण गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका कर्मचारीलाई नियमविपरीत हुने गरी १२ महिनामो प्रति महिना रु.२००० का दरले महङ्गी भत्ता उपलव्ध गराएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

| कर्मचारीको नाम | पद | महङ्गी भत्ता बापत भुक्तानी रकम |
|---|---|---|
| जंग बहादुर वली | रोजगार सँयोजक | २४००० |
| देवी शर्मा | एक गाँउ एक प्राविधिक | २४००० |
| जुना कुमारी महतारा | बर्थिङ्ग सेन्टरमा कार्यरत अनमी | २४००० |
| टेक माया योगी | बर्थिङ्ग सेन्टरमा कार्यरत अनमी | २४००० |

| | | |
|---|---|---|
| सुनिता सुनार | बर्थिङ्ग सेन्टरमा कार्यरत अनमी | २४००० |
| निलम बाल्मिकी | का स | २४००० |
| यस कुमार थारु | का स | २४००० |
| रोशन चापागाई | एम आइ एस अपरेटर | २४००० |
| प्रदिप तिमिल्सिना | फिल्ड सहायक | २४००० |
| ललित रेग्मी | प्राविधिक सहायक | २४००० |
| शिवा परियार | रोजगार सहायक | २४००० |
| देवा शर्मा | एक गाँउ एक प्राविधिक | १८००० |
| जम्मा | | २८२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८२,००० |

९२ **पदपूर्ति समितिको बैठक भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९(२) संघले तोकेको नर्म्स अनुसार ससर्त अनुदान बापतको रकम खर्च गर्नपर्ने व्यवस्था रहेको छ । पाकाले संघीय ससर्त बजेट बाट कार्यक्रम नै स्वीकृत नभएको रोजगार सहायकको पदपुर्ति समितिको विभिन्न मिति भएको बैठक भत्ता पालिकाले आफ्नो स्रोतबाट खर्च लेख्नुपर्नेमा संघीय ससर्त बजेट बाट खर्च लेखी गो भौ नं ४९।०७९।५।३१ बाट १० जनाको दैनिक भम्रण भत्ता बापत रु. ६२०१३ भुक्तानी भएकोमा उक्त रकम संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,०१३ |

९३ **मातृ तथा नजशिशु कार्यक्रम संचालन** - पालिकाले संघीय ससर्त बजेटबाट कोहोलपुर पार्टि प्यालेसमा मिति २०७९।६।५ देखि ६।८ सम्म कार्यक्रम संचालन गरे बापत लोक माया भारतीलाई गो भौ नं ७८।०७९।७।१७ बाट रु. १४७८९७ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) कार्यक्रम संयोजकलाई प्रति दिन ४०० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यक्रमको संयोजन गरे बापत लोक माया भारतीलाई ४ दिनको सँयोजक भत्ता बापत १६०० भुक्तानी दिनुपर्नेमा ४००० भुक्तानी दिएको हुदा कर बाहेक बढी भुक्तानी २०४० असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) अनुगमन भत्ता बापत ९ जनालाई १२ पटकको अनुगमन खर्च बापत ६ जनालाई भुक्तानी भएको अनुगमन बापत भुक्तानी भएको अनुगमन खर्च असुल गरी दाखिला गर्नुपर्ने रु. ६०००

ग) आन्तरिक प्रशिक्षकलाई कार्यसंचालन बापत रकम भुक्तानी दिन नमिल्ने तर कार्यपत्र तयारी बापत प्रति कार्यपत्र बातप ८०० का दरले भुक्तानी दिन सकिनेमा पालिकाले माथी उल्लेखित कार्यक्रम आन्तरिक प्रशिक्षक अनिल सेन ठकुरीलाई कार्यपत्र तयार नगरिकनै ४ वटा कक्षाको १६०० का दरले भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

घ) बाह्य प्रशिक्षकलाई कार्यपत्र तयार गरे बापत रु ८०० र कक्षा संचालन गरे बापत रु ७०० गरी प्रति सेसन १५०० का दरले भुक्तानी गर्न सकिनेमा कार्यपत्र नै संलग्न नै नगरी ईश्वरी के सी लाई ८ वटा सेसन र बिष्णु के सी लाई ८ वटा सेसनको प्रति सेसन कार्यपत्र पेश नगरी प्रति सेसन रु. १८०० का दरले २६४०० बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८४० |

९४ **पाठ्यपुस्तक बापत भुक्तानी** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को क्रियाकलाप नं २.४.६.१ सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान को अन्तर्गत विद्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत संचालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा संख्या यकिन गरी सुरुमा ७५ प्रतिशत भुक्तानी गर्ने र त्यसपछि विल भरपाई पेश गर्न लगाई नपुग भएको रकम भुक्तानी गर्न सकिन व्यवस्था रहेकोमा पालिकाले संख्या यकिन नै नगरि विद्यालयले प्रविष्टि गरेको तथ्याङ्को आधारमा ७५ प्रतिशत भुक्तानी र पेश भएको विलभरपाई आधारमा अरु रकम भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सगरमाथा ज्ञानकुन्ज मा वि लाई कक्षा ११ को लागि १२६ जनाको लागि रु. ३४०९६ र कक्षा १२ को लागि ११७ जनाको लागि रु. ३७०५३ भुक्तानी भएकोमा उक्त विद्यालयले पुष्तक खरिद गरेको बिल बिजक नै पेश नभएको हुदा खरिद बिल तथा बितरण भर्पाइ पेश हुनुपर्ने रु .

ख) कृष्ण मा वि लाई कक्षा ११ को अनिवार्य विषयको प्रति सेट २७० का दरले भुक्तानी दिनुपर्नेमा ३१२ का दरले २१३ जनालाई ८९४६ बढी भुक्तानी भएको र कक्षा १२ को लागि २२८ जना विद्यार्थीको लागि ७२२०६ भुक्तानी भएकोमा पुस्तक खरिद गरेको विल भरपाई नै पेश नभएको हुदा कक्षा ११ मा बढी दरमा भुक्तानी भएको रकम असुल गरी दाखिला भौचर तथा कक्षा १२ को विल भरपाई पेश हुनुपर्ने रु.

ग) कृष्ण मा वी ले कक्षा ९ को १६९ जनालाई खरिद नै नगरेको पुस्तकको १३५ का दरले रु. २२८१५ र कक्षा १० मा ५९ जनालाई १११ को दरले रु. ६५४९ गरी कुल रु. २९३६४ भुक्न्तानी गरेकोमा खरिद बिल तथा भर्पाइ पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८१,६६५ |

९५ **सट्टा शिक्षकलाई महङ्गी भत्ता** - करार कर्मचारी तथा सट्टा शिक्षकलाई महङ्गी भत्ता भुक्तानी गर्न सकिने व्यवस्था नरहेकोमा पालिकाले सट्टा शिक्षक भेषराज भट्टराई (ज्ञानज्योती मा वि)लाई महङ्गी भत्ता भुक्तानी गरेको देखिएकोले भुक्तानी पाउने आधार पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,००० |

९६ **उद्यम विकास कार्यक्रम** (१४८-२०७९-१०-३):- लधु उद्यम विकास कार्यक्रम मिति २०७९।८।२० देखि ८।२७ सम्म कार्यक्रम संचालन गरेको भनी डिल सरा विर्कट्टा लाई रु. ११६१४५ भुक्तानी भएको मा आन्तरिक प्रशिक्षक तेज कुमारी वि सी लाई ६८०० र डिलसरा विर्कट्टालाई ८ वटा सेसनको रु ८००० भुक्तानी भएकोमा कार्यपत्र पेश नभएकोले कार्यपत्र पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,८०० |

९७ **पाठेघर क्यान्सिर स्क्रिनिङ्क शिविरः पाठेघर क्यान्सर स्क्रिनिङ्क शिविर** (५०-२०८०-३-२२):- पालिकाले पाठेघर क्यान्सर स्क्रिनिङ्क शिविर संचालन गरेको बापत लोक माया भारतीलाई रु ४६३९२१ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यसंचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार पालिकाले बाह्य प्रशिक्षकलाई कार्यपत्र पेश गरी कक्षा लिए बापत प्रति कक्षा रु १५०० का दरले भुक्तानी गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले मिति २०८०।१।१५ देखि २।६ सम्म शिविर संचालन कार्यक्रममा १५ वटा कक्षा लिए बापत विष्णु श्रेष्ठलाई प्रतिकक्षा २५०० का दरले र लक्ष्मी कुमार उपाध्ययलाई १५ कक्षाको २५०० का दरले कार्यपत्र नै पेश नगरी भुक्तानी दिई प्रति कक्षा रु.१८०० का दरले ३० कक्षाको बढी भुक्तानी भएकोले भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा रु. ५४००० असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

ख) कार्यसंचालन निर्देशिका २०७५ अनुसार अनुगमन बापत बढीमा ३ जनालाई अनुगमन भत्ता उपलव्ध गराउनुपर्देमा १५ औटै स्वास्थ्य संस्थामा अनुगमन गरेको भनी १२ जनालाई ३० दिनको १००० का दरले भुक्तानी दिएको रु ३०००० र १० जनालाई ७४ दिनको ७४००० भुक्तानी दिएकोमा १५ स्थानमा ३ जना को अनुगमन खर्च बापत ४५०० खर्च दिनुपर्नेमा सो भन्दा बढि भुक्तानी भएकोले भुक्तानी दिने आधार पेश हुनुपर्ने अन्यथा रु.९९५०० असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,५०० |

९८ **आ .पि. एम. कृषक पाठशालाः** (५३-२०८०-१-१४):-पालिकाले आ पि एम कृषक पाठशाला संचालन गरेको भनी यज्ञ वहादुर रोकाया लाई १९०९२४ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) २ पटक स्थलगत कृषक अन्तरक्रिया संचालन भएकोमा ५ जना आन्तरिक प्रशिक्षकलाई ३२ कक्षाको कार्यपत्र नै पेश नगरी प्रति कक्षा ८०० का दरले भुक्तानी दिएको रु.२५६०० को कार्यपत्र पेश गर्ने अन्यथा असुल गरी दाखिला प्रमाण पेश हुनुपर्ने रु

ख) वडा नं १५ मा ५ जनालाई ३२ कक्षाको कार्यपत्र नै पेश नभएको अवस्था प्रति कक्षा ८०० का दरले रु. २५६०० भुक्तानी दिएकोले कार्यपत्र पेश गर्ने अन्यथा असुल गरी दाखिला प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,२०० |

९९ **कोहोलपुर रिङ्गरोड निर्माण कार्य(NCB ७।०७८।७९)** - पालिकाले कोहोलपुर रिङ्गरोड निर्माण कार्यको लागि रु. १८९१८७६८.९४ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु.७९५१५१४.८८ कवोल गर्ने शोभा लक्ष्मी कन्ट्रक्सन लाई २०७९।३।३० मा सम्पन्न गर्ने गरी मिति २०७८।११।९ सम्झौता भई कायदिश दिएकोमा गो भौ नं १०।०७८।११।२३ बाट पेश्की बापत रु. १३८७००० भुक्तानी दिई २ वटा रनिङ्ग विलबाट रु. ३२०८३६९( पेश्की फर्छ्यौट रु.३०००००) भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ अनुसार काबू बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगाडि निवेदन पेश गर्नुपर्ने र सो आधारमा म्याद थप गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित कार्यको लागि अन्तिम म्याद २०७९।३।३० भन्दा २१ दिन अधि म्याद थपको लागि उचित कारण देखाई म्याद थपका लागि अनुरोध हुनपर्नेमा सो नगरी महङ्गी तथा निर्माण व्यवसायीक प्रोजेक्ट होलिडेको कारण म्याद थप गर्ने गरी २०७९।९।३० सम्म म्याद थप गरेकोमा पुनः दोस्रो पटक २०८०।३।३० सम्म म्याद थप गरेको देखिएकोमा त्यसपछि कुनै पनि कार्य प्रगति नभएको हुदा पालिकाले २०८०।८।५ कार्य गर्न ताकेता पत्र पेश गरेको भएतापनि लेखापरीक्षण अवधि सम्म पनि कुनै प्रगति नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(क) अनुसार पुर्वनिर्धारित क्षतिपुर्ति लिइ म्याद थप तथा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(५ र ६) निर्माण व्यवसायीले जनु प्रयोजनको लागि खर्च भएको सो को विवरण अध्यावधिक गरी सम्वन्धित सार्वजनिक निकायलाई तकिए बमोजिम उपलव्ध गराउनुपर्छ यदि निर्माण व्यवसायीले पेश्की सम्वन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैङ्क जमानत जफत हुने व्यवस्था रहेकोमा पालिकाले सो नगरेको हुदा उक्त पेश्कीको जमानत जफत गरी उक्त रकम संचित कोषमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१०० **गैर सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्नका लागि छनौट भएको गैर सरकारी संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । साथै विभिन्न

कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यादेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त, लागत अनुमान तयार नगरी संस्थाले पेश गरेकै लागत अनुमानको आधारमा तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड समेत स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । तशर्थ नियमानुसार गैर सरकारी संस्था छनौट नगरी भुक्तानी गरेको नियमित नदेखिएको रु

| भौ नं. | सेवा प्रदायक | कार्यक्रम विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८२ | नेपाल महिला एकता समाज | ७ दिने अचार बनाउने तालिम | १००००० |
| ९२ | क्रियटिभ युथ नेपाल | ७ दिने उद्घोषण तालिम | १००००० |
| ९५ | फतिमा फाउन्डेसन नेपाल | सिलाई कटाई तालिम | २००००० |
| १०३ | नेपाल युथ फाउन्डेसन | ३ महिने प्लम्विङ्ग तालिम | २५०००० |
| १०२ | पश्चिम पर्यटन सरोकार समुह | पर्यटकिय सम्भाव्यता अध्ययन तथा कार्ययोजना निर्माण | २५०००० |
| ५०२ | प्रतिभा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. | जेष्ठ नागरिक तथा अति विपन्न महिलालाई न्यानो कपडा तथा पौष्टिक आहार वितरण कार्यक्रम | २००००० |
| ५६१ | सिद्धार्थ एकिकृत समाज विकास केन्द्र | माघी पर्व वडा नं. ६ | ५०००० |
| ६५२ | नेपाल विपद् उत्थानशिल संजाल | विपद् जोखिम व्यवस्थापनका अभ्यास (सेमुलेशन) कार्यक्रम | ५०००० |
| ९७३ | कोहलपुर नगरस्तरीय युवाक्लव | सार्वजनिक भाषण प्रतियोगिता तथा शैक्षिक अवलोकन भ्रमण | २०९१९० |
| जम्मा | | | १४०९१९० |

| | |
|---|---|
| अनियमित भएको | १४,०९,१९० |

१०१ **पि. डि .ए .रिपोर्ट** (६८-२०८०-३-२०):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले कुनै पनि रकम भुक्तानी दिदा प्रचलित कानून अनुसार भए नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सरकारी सेवामा कार्यरत इन्जिनियर गोविन्द प्रसाद शाहलाई कृषि यान्त्रिक सामाग्री खरिदको पि डी ए रिपोर्ट तयार गरेको रु.१४००० भुक्तानी दिएको छ । कति दिन काम गरेको र कुन दरमा उक्त रकम भुक्तानी भएको हो सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,००० |

१०२ **समानीकरण बजेट बाट महिला स्वयंसेविकालाई विविध सुविधा** (३-२०७९-७-३):- स्थानीय तहले वित्तिय समानिकरण अनुदानबाट संविधाको अनुसुचि ८ मा उल्लेख भएको अत्यावस्यक कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लुम्विनि प्रदेश वित्तीय समानीकरणबाट महिला स्वंयसेविकाको चाँडपर्व खर्च र यातायात खर्च बातप ७१ जनालाई रु. ४२६००० खर्च लेखि ब्ययभार पारेको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

१०३ **स्वास्थ्य केन्द्रहरुमा नियमित तथ्यांक गुणस्तर लेखाजोखा तथा भेरीफिकेशन (RDQA)** (३२-२०८०-२-३):

पालिकाले स्वास्थ्य केन्द्रहरुमा नियमित तथ्याङ्क गुणस्तर लेखाजोखा कार्यक्रमको लागि अमृत कुमार रानालाई रु ९८२५० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्य संचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार अनुगमन बापत ३ जनासम्म लाई अनुगमन खर्च बापत भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित कार्यक्रमको लागि अनुगमन बापत ७ जनालाई १० दिनको रु.१००० का दरले भुक्तानी दिएको हुँदा कार्यविधि भन्दा बढी व्यक्तिलाई भुक्तानी दिएको रकम भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा रु ४०००० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

ख) कार्यसंचालन निर्देशिका २०७७ को आन्तरिक प्रशिक्षकलाई कार्यपत्र तयार गरे बापत प्रति कार्यपत्र बापत नगरपालिका स्तरमा रु. ८०० का दरले भुक्तानी दिनुपर्नेमा पालिकाले माथी उल्लेखित कार्यक्रम मा अनिल सिं ठकुरीलाई १० वटा सेसनको प्रति सेसन रु १६०० का दरले भुक्तानी दिएकोमा कार्यपत्र नै तयार नगरी भुक्तानी भएको १६०००, लिलाधर बुढाथोकी लाई ३ वटा कक्षाको प्रतिकक्षा रु १६०० का दरले रु ४८००, प्रकाश जंग हमाल लाई ४ कक्षाको प्रति कक्षा १६०० का दरले ६४००, र यातायात खर्च प्रति दिन २ जनालाई १६०० का दरले भुक्तानी दिएकोमा कार्यविधि विपरित भुक्तानी दिएको रकम भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा रु १५८०० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,८०० |

१०४ **शिविर संचालन** - आयूर्वेदको शिविर संचालन गरेबापत उदिप श्रेष्ठलाई गो भौ नं २४।०७९।१२।२२ बाट रु.५११७५ भुक्तानी दिएकोमा निम्नानुसारको व्यहोरा देखियो ।

क) अनुमगन भत्ता बापत शाखा प्रमुख र अन्य १ जना गरी जम्मा २ जनालाई अनुगमन बापत अनुगमन भत्ता वितरण गर्न सकिने ७ जनालाई १ दिनको दरले प्रतिदिन १००० का दरले भुक्तानी भएको हुदा बढी व्यक्तिलाई

भुक्तानी भएकोले पाउने आधार पेश गर्ने अन्यथा अनुगमन बापतको बढि रु ५००० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

ख) कार्य संचालन निर्देशिका २०७७ बो बुदा नं ७ अनुसार बाह्य प्रशिक्षकलाई प्रति कक्षा रु. १५०० का दरले कार्यपत्र सहित पेश भएको अवस्थामा भुक्तानी दिनसक्ने व्यवस्था भएकोमा प्रशिक्षक भत्ता बापत गिता रेग्मी लाई २५०० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको आधार पेश गर्रुने अन्यथा . १००० असुल गरी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००० |

१०५ **कोभिड १९ र अन्य महामारी रोगको रोगथाम**

पालिकाले कोभिड १९ र अन्य महामारीको रोगको रोकथाम कार्यक्रम संचालन गरे बापत अमृत कुमार राना लाई गो भौ नं ४४।०८०।३।१ बाट रु. ५१६३०० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यक्रम संचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार सार्वजनिक निकायले अनुमगन बापत बढीमा ३ जनालाई अनुगमन खर्च बापतको भत्ता वितरण गर्न सकिने व्यवस्था रहेकोमा माथी उल्लेखित कार्यक्रममा २० जनालाई ४३ दिन अनुगमन गरे बापत प्रति दिन रु. १००० का दरले अनुगमन भत्ता भुक्तानी भएको हुदा उक्त रकम पाउने आधार पेश हुनुपर्ने अन्यथा असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

ख) कार्यसंचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार बाह्य प्रशिक्षकलाई प्रति कक्षा १५०० र आन्तरिक प्रशिक्षकलाई प्रति कक्षा कार्यपत्र बापत रु. ८०० दरले भुक्तानी गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले मिति २०७९।१०।१० मा वडा नं ११ मा संचालन भएको कार्यक्रममा प्रशिक्षक नरेश श्रेष्ठलाई २ कक्षाको कार्यपत्र बेगर प्रति कक्षा रु २५०० का दरले बढी भुक्तानी भएको रु. ३६०० र अन्य ३ जनालाई १ ।१ कक्षाको प्रति कक्षा १६०० का दरले भुक्तानी भएकोमा कार्यपत्र पेश नभएको हुदा कार्यपत्र बेगर भुक्तानी भएको २७०० गरी बढी भुक्तानी भएको ६३०० भुक्तानी पाउने आधार पेश गर्ने अन्यथा असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,३०० |

१०६ **रकम फिर्ता** - सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कुनै निर्माण कार्यको एक पटक लागत अनुमान गरी सम्झौता गरिसकेपछि भेरियसन आदेश अनुसार कार्यको परिमाण परिवर्तन गर्न सकिने तर लागत अनुमान नै परिवर्तन गर्न नसकिने व्यवस्था रहेकोमा पालिकाले सडक वोर्ड अन्तर्गत १२ वटा योजनाको लागि लागत अनुमान तयार गरी सडक वोर्डमा पठाएकोमा पुन : उपभोक्ता समितिसँग १५ प्रतिशत जनश्रमदान जोडी पुनः लागत अनुमान तयार गरी सोहि अनुसार कार्य भएको भनी भुक्तानी भएकोमा सुरु लागत अनुमान भन्दा बढी परिमाणमा भुक्तानी दिन नमिल्ने भएकोले REVISED ESTIMATE आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएकोमा सडक वोर्ड तर्फ बढी खर्च लेखेको रकम समर्थन गराउनुपर्ने रु.

| गो भौ नं र मिति | योजनाको नाम | सडक वोर्डमा पठाएको लागत अनुमान | उपभोक्ता समितिंग सम्झौता गर्दा तयार गरेको लागत अनुमान | कार्यसम्पन्न प्रतिवेदन | जमश्रमदान | सडक वोर्डबाट खर्च लेख्नुपर्ने | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ३४।०७९।७।४ | वडा नं ६ को कार्यालय जाने बाटो | ४४६००० | ५२०४५५ | ४९९५२९ | १५.००% | २६६९३२ | ३१०००० | ४३०७० |
| २।०७९।६।२ | चौधरिया गाँउ चोक देखि किरण नाला जाने बाटो | ३७५२०० | ४५४५५० | ४४४५६० | २१।२१% | १९७००१ | २४८४६० | ५१६३९ |
| ३।०७९।६।२ | तक्षशिला जाने बाटो मर्मत | ११९५९९० | १३७६९९७ | | | ७११६१४ | ८३७१९३ | १२५५७८ |
| ४।०७९।६।३१ | वोस्टन स्कुल देखि प्रेमा शाहीको घर जाने सडक | ४६६३५० | ५६४०१० | ५६४०१० | २०.००% | २६१४१७ | ३१६१४१ | ५४९९९ |
| ६।०७९।७।२२ | आपको रुख देखि पूर्व जाने सडक मर्मत | ६०१४०० | ७३१२९३ | ७१४६१२ | २२.००% | ३३००४८ | ४११३७२ | ८१३१३ |
| ७।०७९।७।२२ | भट्ट सरको घर देखि पश्चिम राधाकृष्ण प्रतिक्षालय | ८९०००० | ११११५०० | ११११५०० | २०.००% | ४९८८९८ | ६२१६०० | १२२७०१ |
| ५२।०८०। | जगदन थारुको धर देखि रमेश थारुको धर सम्म जाने सडक | ७५६८०० | ९५१६२३ | ९३०९९१ | २१.००% | ४२११६० | ५१३१७५ | ९२०१५ |
| जम्मा | | | | | | | | ५७१३१५ |

| प्रमाण पेश नगरेको | ५,७१,३१५ |
|---|---|

१०७ **उपभोक्ता समितिबाट कार्य** - सडक वोर्ड निर्देशिका २०६१ को परिच्देश ५ अनुसार उपभोक्ता समितिले स्थानीय निकायबाट हिस्सेदारी हुने रकम मध्ये केहि वा पुरै रकम जनश्रमदानको रुपमा व्यहोर्ने भएमा सडक वोर्डले स्थानीय उपभोक्ता समितिबाट समेत कार्य गर्न सक्ने व्यवस्था रहेको छ । पालकाले आफुले सोहि निर्देशिका अनुसार कार्य गर्ने भनी योजना पठाउने र प्राप्त योजनालाई पुनः संशोधित लागत अनुमान तयार गरी सडक वोर्ड

अनुमति नै संलग्न नगरी उपभोक्ता समितिबाट कार्य गराई अनियमित भएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

१०८ **अनुगमन तथा यातायात खर्चः -** लुम्बिनी प्रदेश स्थानियतहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सकम्बन्धि ऐन २०७६ मा यातायात र इन्धन सुबिधा पाउने पदाधिकारी तथा सदस्यहरुले पालिकाधित्र अनुगमनमा जाँदा थप यातायात भत्ता तथा ईन्धन सुविधा लिन पाउने ब्यबस्था देखिदैन। निम्न पदाधिकारी एवम् कर्मचारीहरुलाई अनुगमनमा यातायात खर्चबापत निम्नानुसार भुक्तानी दिएको देखिएकोले दोहोरो खर्च लेख्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| गो.भौ.नं. मिति | विवरण | रकम | करकट्टी | भुक्तानी |
|---|---|---|---|---|
| ४५१।२०७९।१०।१२ | पशु सुत्केरी भत्ता कार्यक्रम अनुगमन | ३५००० | ५२५० | २९७५० |
| ४५७।२०७९।१०।१२ | बजार अनुगमन | ४०००० | ६००० | ३४००० |
| १२०७।२०८०।०३।२० | पशु बीमा कार्यक्रम अनुगमन | ७०००० | १०५०० | ५९५०० |
| जम्मा | | १८०००० | २७००० | १२३२५० |

| प्रमाण पेश नगरेको | १,२३,२५० |
|---|---|

१०९ **भ्यू टावर निर्माण-** पालिकाले भ्युटावर निर्माण गर्नको लागि रु ७४२०५२६८.५३ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु. ५८८४७३९९.६० कवोल गर्ने असोसीयट। जय। भवानी जे.भी. सँग २०७८।१०।२५ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७६।१०।२९ मा सम्झौता गरी प्रथम पटक म्याद थपको लागि दर्ता नै नभएको पत्र साथै निर्माण व्यवसायीले म्याद थप गर्नुपर्ने कारण उल्लेख नगरी निवेदन पेश गरेको आधारमा मिति २०७८।१०।२१ मा टिप्पणी उठान गरी म्याद थप भएको र पुनः दोस्रो पटक म्याद थप गरी अन्तिम विल बापत भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) पि एस आइटमको भुक्तानी गर्दा विल भरपाई सहित तथा उपयुक्त प्रमाणको आधारमा भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था रहेकोमा भु टावर निर्माण कार्यको लागि ल्याव टेष्ट तथा अन्य क्वालिटि मेटिनेन्स रनिङ्ग विल भुक्तानी गर्दा मासिक रु ५००० का दरले २४ महिनाको रु. १२०००० को प्रमाण कागजात तथा विजक पेश नभएको रु

ख) विमा बापत रु ४८५९१५.४६ भुक्तानी भएकोमा रु. ४६३५७१ को मात्र विजक पेश भएको हुदा घटी रु २२३४४ को प्रमाण पेश हुनुपर्ने रु

ग) कोहोलपुर उपत्यकामा चारै तिर पहाडले घेरेको तथा मध्य आवासिय क्षेत्रमा निर्माण गरिएको साथै लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा ALMUNIUM PARTATION को कार्य गर्दा लामो क्षेत्रफलमा विजमा बलियो तथा मोटो सपोर्टिङ्ग फ्रेम तयार नगरीकनै सवै एकमुष्ट रुपमा तयार गरेको हुदा हल्लिने र मजबुद नदेखिएको हुदा दुर्घटना हुन सक्ने देखिन्छ ।

घ) दक्षिण तिरको भागमा माटो फिलिङ्ग कार्य राम्रो नभएको कारण वेसमा चर्केको देखिएको हुदा त्यसको मजवुदि परिक्षण गरेर मात्र भ्यू टावर सर्वसाधरणको लागि खुल्ला गर्नुपर्दछ ।




| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४२,३४४ |

११० **रामनगर पश्चिम बिराट खानेपानीको गेट हुँदै पुन नेपालगन्ज सुर्खेत रोड जोड्ने बाटो कालोपत्रेः** (९७-२०८०-२-२८):

पालिका रामनगर पूर्व बिराट खानेपानीको गेट हुँदै पुन नेपालगन्ज सुर्खेत रोड जोड्ने बाटो कालोपत्रे( banke/komun/w/ncb-17/2079/80) को लागि संघीय समपुरक योजना अन्तर्गत रु. ४५९२९७७.०८ को लागत अनुमान तयार गरी रु. २९२११६० कबोल गर्ने मां त्रिपुरा सुन्दरी निर्माण सेवा सँग मिति २०८०।२।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।२४ मा सम्झौता गरी कार्यदेश दिएकोमा प्रथम रनिङ्ग विल बापत रु. ३३८४९९ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को बुदा नं ९ अनुसार स्थानीय तहले समपुरक अनुदान रकम खर्च गर्दा जुन आयोजना ,कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो ही आयोजना । कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित योजनाको लागि विनियोजन भएको बजेट बाट राम नगर पूर्व विराट खानेपानी आयोजन (NCB १७।०७९।८०) मा बजेट बिनियोजन नभइ अर्को ठेक्काको लागि बिनियोजन भएको संघीय समपुरक योजनबाट खर्च लेखेकोले उक्त खर्च संघिय सरकारबाट

समर्कथन गराउनुपर्ने अन्यथा स्थानिय संचित कोषबाट बेहोरी संघीय संचित कोषमा फिर्ता पठाएको प्रमाण पेश गर्नुपर्ने रु

ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(५ र ६) निर्माण व्यवसायीले जनु प्रयोजनको लागि खर्च भएको सो को विवरण अध्यावधिक गरी सम्वन्धित सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलब्ध गराउनुपर्छ। निर्माण व्यवसायीले पेश्की सम्वन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैङ्क जमानत जफत हुने व्यवस्था रहेकोमा पालिकाले माथी उल्लेखित कार्यको लागि पेश्की बापत रु. ८३३४९९ उपलव्ध गराएकोमा हालसम्म जम्मा रु ६७९९९८ अर्थात सम्झौता रकमको २३.२७ प्रतिशत मात्र कार्य प्रगति भएको र त्यस पछि थप केहि कार्यप्रगति नभएको साथै पेश्की कुन प्रयोजनको लागि खर्च भएको त्यो विवरण समेत सार्वजनिक गरेको देखिएन। कार्यालयले मिति २०८०।८।५ र २०८०।८।२१ मा २ पटक किन कार्य नगरेको भनी ताकेता पत्र पठाएता पनि कुनै प्रगति भउको देखिएन। अग्रिम पेश्की बापत रु. ८३३४९९ भुक्तानी भएकोमा उक्त पेश्कीको लागि राखिएको अग्रिम भुक्तानी जमानी पत्रको समेत म्याद समाप्त भईसकेको हुदा पेश्की जोखिममा परेकोले नियमानुसार पेश्की रकम असुल गरी खरिद नियमावलीको दफा १२१ बमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति समेत लिइ म्याद थप तथा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३८,४९९ |

१११ **कक्षा ८ को परिक्षा शुल्क** (४८-२०८०-३-२२):- आर्थिक कार्यवधि तथा वित्तीय उत्तदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले कक्षा ८ को परिक्षा शुल्क शिर्षकबाट मिति २०७९।१२।५ देखि २०७९।१२।१४ सम्म कक्षा ८ को परिक्षाको मूल्याङ्कन गरेको भनी २३ जना प्रा स लाई रु. १२७५२२ भत्ताभुक्तानी गरेको देखियो। । परिक्षाको मूल्याङ्कन गरेको स्वीकृत दरको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२७,५२२ |

११२ **विमाको रकम भुक्तानी** (२६-२०७९-६-२७):-सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण ब्याबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खन्ड वा अंशमा उपनियम (२ )मा उल्लेख भएको कारण बाहेकअन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानी वा क्षतिको पुर्णप्रतिश्थापन खर्च समेट्ने गरि निर्माण ब्याबसायीले बिमा गराउनुपर्ने ब्यबस्था छ। पालिकाले ठेक्का नं १५।०७८।७९ को महारुद्र निर्माण सेवालाई त्यसको सम्झौता अवधि को अन्तिम दिन २०८०।३।१९ गते जारी भएको विमाको विजकको आधारमा रु ३४८९० भुक्तानी दिएको देखियो। नियमावलीले तोकेको समयमा नै बिमा गरेको प्रमाणको आधारमा मात्र बिमाको रकम भुक्तानी गर्नुपर्दछ।

११३ **शिव आ. वि. को पर्खाल निर्माण** (५९-२०७९-८-१):- पालिकाले वडा नं २ स्थित शिव आ वि को पर्खाल निर्माण गर्नको लागि सिल कोटेशन माग गरेकोमा हार्दिक कन्ट्रक्सनले रु १२७३८११ कबोल गरी मिति २०७९।३।२५ सम्पन्न गर्ने गरी मिति २०७९।१।२६ मा सम्झौता भएकोमा आ व २०७८।७९ मा गो भौ नं ४८।०७९।३।२५ बाट रु९१९५८३ भुक्तानी भएको आ व २०७९।८० मा गो भौ नं

५९।०७९।८।१ बाट अन्तिम विल बापत रु४४३७६९ गरी रु १३५४३५३ भुक्तानी दिएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) मिति २०७९।३।२५ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा सो नगरी २०७९।८।१ मा निर्माण सम्पन्न भएको हुदा म्याद थप नगरिकनै ५ महिना ढिला निर्माण कार्य गरेकोमा सम्झौता रकम रु १२७३८११ को ०.०५ % प्रति दिनको दरले १५० दिनको पूर्व निर्धारित क्षतिपूर्ति बापत रु ९६१७२ असुल नगरी नगरी अन्तिम कार्यस्वीकार गरेकोले नियमानुसार म्याद थपको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

ख) खरिद नियमावली २०६४ अनुसार भेरियसन आदेश स्वीकृत गर्दा खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता बखत पूर्वानुमान गर्न नसकिने अवस्थामा मात्र भेरियसन आदेश स्वीकृत गर्नुपर्ने तथा ५ प्रतिशत भन्दा बढी भेरियसन आदेश स्वीकृत गर्दा एक तह माथीको पदाधिकारीबाट स्वीकृत गर्नुपर्नेमा सो नगरी ७.५४ प्रतिशत भेरियसन बापत को रु ६६१६३ भुक्तानी गरेको देखिएकोले नियमानुसार भेरियसन स्वीकृत प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६२,३३५ |

११४ **वडा नं ८ सरस्वती मा. वी. भवन निर्माण** (१८१-२०७९-१०-१७):- पालिकाले वडा नं ८ को सरस्वती मा वी भवन निर्माणको लागि रु १३०९४०७ कवोल गर्ने न्यौपाने कन्ट्रक्सन सङ्गग २०७९।३।३० मा निर्माण सम्पन्न गर्ने गरी २०७९।२।४ मा कार्यादेश दिइ कुल १३०९४०७ को कार्य सम्पन्न भई यस आ. व. मा अन्तिम विल बापत गो. भौ .नं १८१।०७९।१०।१७ बाट रु २७१४२० को भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्मानुसारको व्यहोरा देखियो ।

क) मिति २०७९।३।३० मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको मा तोकिएको समयमा निर्माण कार्य नभएको तथा म्याद थपको लागि कुनै आधारिक कारण तोकि २१ दिन अगाडि निवेदन समेत पेश नगरेको हुदा सम्पन्न गर्नुपर्ने म्याद भन्दा १८३ दिन ढिला गरी निर्माण कार्य सम्पन्न गरेकोमा मू अ कर वाहेक सम्झौता रकमको प्रति दिन ०.०५% का दरले १८३ दिनको पूर्वनिरधारित क्षतिपुर्ति बापत रु१०४८१२ असुल नगरी अन्तिम कार्यस्वीकार गरेकोले नियमानुसार म्याद थपको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०४,८१२ |

११५ **रत्न राजमार्गदेखि मन्दिर सम्म पक्की नाला निर्माण** (२६२-२०७९-१२-२):- रत्न राजमार्गदेखि मन्दिर सम्म पक्की नाला निर्माण नाली निर्माण र बाटो स्तर उन्नती कार्यको लागि ९५०००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) मेसिनको प्रयोग गरी खन्ने काम भएकोमा मानिस द्धारा खनेको भनी प्रति क्यू मि रु. ४५२ का दरले मेसिनको रेट रु. ९० भन्दा प्रति क्यू मि रु. ३६२ बढी हुनेगरी ६० क्यू मि माटो खनेको भनी बढी भुक्तानी

भएकोले मेशिनबाट नगरी मेनुयल कार्य गर्नुपर्ने आधार पेश गर्ने अन्यथा रु. २१७२० असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) ड्राई स्टोन सोलिङ्ग कार्यको लागि स्वीकृत दर ४२०० दरले भुक्तानी गर्नुपर्नेमा १७ को क्यू मि सोलिङ्ग गरे बापत प्रति क्यू मि ५२३१.२७ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. १७५३२ असुल गरी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,२५२ |

११६ **नम्स भन्दा बढी भुक्तानी -** सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेतको सेक्सन १३००- BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति बर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने र प्रि मिक्स को अधिकतम् २० एम एम मोटाई दिन सकिने व्यवस्था रहेको छ । पालिकाले देहायका निर्माण कार्यमा सडक कालोपत्रे कार्यमा प्रि मिक्स तथा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रिमिक्समा ३० एम एम र ट्याक कोटमा औसत ०.७३ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो। पालिकाले स्वीकृत नमर्स भन्दा बढी भुक्तानी गरी बढि ब्ययभार पारेको रु.

| गो भौ नं र मिति | निर्माण व्यवसायी | भुक्तानी परिमाण | भुक्तानी हुनुपर्ने परिमाण | स्विकृत दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३९।०७९।७।१६ | NCB 8.078.79 शोभा लक्ष्मी कन्ट्रक्सन | ट्याककोट ८३० | १२११.७५ | १०० | ३८१८० |
| | | प्रिमिक्स ३१ | ४६.२३ | १२००० | १८४९२० |
| ४७।०७९।३।२५ | NCB 15.078.79 महारुद्र निर्माण सेवा | ट्याक कोट २९३ | २०० | १३० | १२०९० |
| | प्रिमिक्स | १२ | ८ | १४५०० | ५८००० |
| जम्मा | | | | | २९३१९० |

| | |
|---|---|
| अनियमित भएको | २,९३,१९० |

११७ **पूर्व निर्धारिक्ष क्षतिपूर्तिः** (१८६-२०७१-१०-२०):- पालिकाले वडा नं १२ को आधारभुत केन्द्र भवन (NCB ४३।०७६।७७) निर्माण को लागि रु. ६४२३८९२.९५ को लागत अनुमान तयार गरी रु. ५०१४८९७

को कवोल गर्ने पिस कन्ट्रक्सनले मिति २०७७।११।२५ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७७।३।१८ मा सम्झौता गरी कार्यदिश भएको र मिति २०७८।९।९ मा कार्यपालिकाले सबै आयोजनाको लम सममा २०७९।२।३० सम्म म्याद थप भएको र त्यसपछि कुनै पनि म्याद थप भएको देखिएन। । साथै आ व २०७८।७९ मा कुनै पनि कार्य नभई आ व २०७९।८० मा गो भौ नं १८६।०७९।१०।२० बाट अन्तिम विल बापत रु. १६४३७५५ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) २०७९ जेष्ठ मसान्त पछि कुनै पनि म्याद थपको लागि निवेदन समेत पेश नभएको हुदा जेष्ठ मसान्त देखि माध १५ गते सम्मको ११० दिनको निर्माण व्यवसायीको कवोल अंक को प्रति दिन ०.०५% का दरले क्षतिपूर्ति बापत रु ३८७६७८ असुल गर्नुपर्नेमा असुल नगरी अन्तिम कार्यस्वीकार गरेकोले नियमानुसार म्याद थपको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८७,६७८ |

११८ **लामो दुरीको बसपार्क निर्माण -** पालिकाले लामो दुरीको बसपार्क(W/NCB/10/2077/78) निर्माणको लागि रु. ४४८२९३४८४.९३ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु. २७८४६६६९५.११ कवोल गर्ने खड्का।दया।सगुन जे.भी. सँग २०७९।११।२५ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७७।११।२४ मा सम्झौता गरी हालसम्म मूल्य समायोजन तथा मु अ कर सहित रु २९६३००८९३ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद नियमावली २०६४ मा PS ITEM लाई भेरियसन आदेश स्वीकृत गरी आइटम थप गरेर भुक्तानी दिन नहुने व्यवस्थ रहेको छ । कार्यालयले २ पटक भेरियसन आदेश स्वीकृत गरी AS BUILT DRAWING को SBD मा नभएको पि एस आइटमलाई भेरियसन आदेशबाट थप गरी रु ५००००० भुक्तानी दिएको देखिएकोले भुक्तानी पाउने आधार पेश गर्नुपर्ने रु

ख) Provide operate maintain insurance quality control lab and including all necessary equipment accessories and consumable with manpower as per instruction of site engineer भनी प्रति महिना १०००० का दरले २४ महिनाको रु.२४०००० भुक्तानी भएकोमा उक्त कार्य भएको प्रमाण र प्राबिधिक पुष्ट्याइ पेश गर्नुपर्ने रु

ग) सार्वजनिक खरिद ऐन २०६३ को दफा नं ५४(१) अनुसान खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्यिवन क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई भेरियसन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले उक्त कानूनी व्यवस्थाको विपरित हुने गरी पूर्वानुमान गर्न सकिने ग्याविङ्ग र स्टोन मेसिनरी वालको कार्य समेत पूर्वानुमान गर्न नसकिएको भनी भेरियसन आदेश स्वीकृत गरेको हुदा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन वास्तविक र यथार्थपरक नभएको हुन सक्ने भएकोले डि पि आर अध्ययन कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।साथै पालिकाले दोस्रो भेरियसन आदेश स्वीकृत गर्दा कुनै स्पेसिफिक आइटम भेरियसन आदेश स्वीकृत गरी थप वा घट के गर्नुपर्ने हो सो नगरी हाई लाइट को आइटम थप गरी भुक्तानी दिएको कार्य नियमसम्मत देखिएन ।

घ) मूल्य समायोजन दिने गरी निर्माण सम्झौता गर्दा प्रत्येक महिना निर्माण कार्य सामाग्री लगायतको अन्य कारोबारोको विवरण तयार गरी त्यसको आधारमा मूल्य समायोजन दिनुपर्नेमा पालिकाले विल पेश गरेको आधारमा मूल्य समायोजन दिएको छ । आगामी दिनमा जति महिनाको अवधिको मूल्य समायोजन माग गर्दा त्यती महिनाको औषत फ्याक्टर लिई मूल्य समायोजन बापतको रकम भुक्तानी दिनुपर्दछ । पालिकाले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

ङ) पालिकाले २० वर्षको लागि नगरविकास कोष सँग ६० प्रतिशत ऋण अनुदान ( बार्षिक ८ % व्याज) लिई न लामो दुरिको वसपार्क निर्माण गरेकोमा आ व २०७९।८० मा केहि सटर हरुको ठेक्का लागेको भएतापनि मूख्य विल्डिङ्गको अहिले सम्म ठेक्का व्यवस्थापन हुन सकेको देखिदैन । लामो दुरीको वसपार्क भनेतापनि मूख्य राजमार्ग देखि विपरित दिशामा अवस्थिति हुनुको साथै अन्तिम स्टेशनको रुपमा समेत नजिकै नेपालगंज बसपार्क भएको अवस्थामा ऋण लगानी गर्दा लाभ लागत अनुमानको विश्लेषण गरी प्रतिफलयुक्त योजनामा लगानी गर्नुपर्नेमा सो नगरेको देखिएकोले आगामी दिनमा पालिकाले बास्तविक तथा यथार्थपरक योजनामा लगानी गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४०,००० |

११९ **राजमार्ग जोड्ने सडक कालोपत्रे कार्य** - पालिकाले राजमार्ग जोड्ने सडक कालोपत्रे कार्य (banke/komun/w/ncb-08/2079/80) को लागि रु १२७६४८६६.२० को लागत अनुमान तयार गरी रु. ८४९९३४२.७५ कबोल गर्ने श्री के वि गुरुङ्ग कन्ट्रक्सन प्रा ली सँग मिति २०८०।२।३० मा सम्पन्न गर्ने गरी मिति २०७९।८।२८ मा सम्झौता गरी गो भौ नं १२५।०७९।९।१७ बाट रु. ७३७५०० र गो भौ नं १४७।०७९।१०।४ बाट दोस्रो पेश्की वापत रु ७३७५०० गरी कुल रु १४७५००० पेस्की उपलव्ध गराएकोमा प्रथम रनिङ्ग विलको गो भौ नं २०५।०७९।११।२ बाट रु. १८५८८७६ र दोस्रो रनिङ्ग विलको गो भौ नं ४७१।०८०।२।३१ बाट रु. २९९६०१२ गरी लेखापरीक्षण अवधि सम्म रु. ४८५४८८८ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) निर्माण कार्य मिति २०८०।२।३० मासम्पन्न गर्नुपर्नेमा कार्यसम्पन्न नभएको तथा पालिकाले २०८०।८।५ मा ताकेता पत्र पेश गरेको अवस्थामा अग्रिम पेश्की जमानत पत्र को मिति २०८०।४।३० मा सकिसकेको देखिएकोले उक्त पेश्कीको जमानतको म्याद थप प्रमाण पेश गर्नुपर्ने वा पेश्की बापतको रु.१४७५००० असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ।

ख) सम्झौता को एस सि सि कल्जमा विमाको प्रावधान नै नभएको हुदा विमा बापत भुक्तानी भएको रु. १४८२० भुक्तानी पाउने आधार पेश गर्नुपर्ने अन्यथा बिमा बापत भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

ग) कार्यालयले विभिन्न मितिमा निर्माण कार्यको ताकेता गर्दा समेत निर्माण कार्य नभएको हुदा उक्त योजना सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(११) आवस्यक प्रकृया अनुसार ठेक्का सम्पन्न गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८२० |

१२० **रत्न राजमार्ग हुँदै विर बहादुर शाहीको घर देखि बाल कुमार शर्माको घर सम्म पक्की नाली निर्माण र बाटो स्तर उन्नतीः** (२४८-२०७९-११-२६):

पालिकाले रत्न राजमार्ग हुँदै विर बहादुर शाहीको घर देखि बाल कुमार शर्माको घर सम्म पक्की नाली निर्माण र बाटो स्तर उन्नती कार्यको लागि रु. ११४६१०५.९८ को लागत अनुमान तयार गरी कृष्णनगर टोल विकास सँग १८ प्रतिशत श्रमदान हुने गरी सम्झौता गरी कार्यदेश दिएकोमा कुल कार्यसम्पन्न प्रतिवेदन रु. रु.११४१३४७ को आधारमा रु ९४६०५५ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) मेसिनको प्रयोग गरी खन्ने काम भएकोमा मानिस द्धारा खनेको भनी प्रति क्यू मि रु. ४५२ का दरले भुक्तानी भएको देखियो। मेसिनको सडकको रेट रु. ९० भएको हुदा मेशिनबाट गर्ने काम मानिसबाट गरी प्रति क्यू मि रु. ३६२ ले ४६ क्यू मि माटो खनेको रु. १६६५२ बढि भुक्तानी भएको देखियो। उक्त स्थानमा मेशिन प्रयोग गर्न नसक्ने आधार पेश हुनुपर्ने अन्यथा बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु

ख) ड्राई स्टोन सोलिङ्ग कार्यको लागि स्वीकृत दर ४२०० दरले भुक्तानी गर्नुपर्नेमा १५.१७ को क्यू मि सोलिङ्ग गरे बापत प्रति क्यू मि ५२३१.२७ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. १५६४५ असुल गरी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,२९७ |

१२१ **भेरियस आदेशः -** सार्वजनिक खरिद ऐन २०६३ को दफा नं ५४(१) अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्यिवन क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई भेरियसन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था छ । पालिकाले कोहलपुर चौराहा देखी उत्तर तर्फ राजमार्ग जोड्ने सडक निर्माण कार्य (ncb-10/2079/80 ) को लागि रु ९४२३६६७ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु. ६४०९९७० कवोल गर्ने डि एस कन्ट्रक्सनलाई मिति २०८०।२।३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९।९।११ मा सम्झौता गरी कार्यदेश दिएकोमा नालाको लम्वाई वढाउनुपरेको भनी १५ प्रतिशत भेरियसन आदेश स्वीकृत गरी ५८६६२७ भुक्तानी भएको छ । ऐन अनुसार पूर्वानुमान गर्न नसकिने अवस्थामा मात्र भेरियसन आदेश स्वीकृत गर्नुपर्नेमा नालीको नापो यकिन गरी ठेक्का आव्हान गरेकोमा पछि निर्माण गर्दा नालीको लम्वाई बढेको भनी भेरियसन द्धारा बढी भुक्तानी गरेको देखियो। यस्तो पुर्वानुमान गर्न सकिने कार्य शुरुमा नै एकिन गरी ठेक्का ब्यबस्था गर्नुपर्दछ।

१२२ **२ नं वडा अन्तर्गत रत्न राजमार्गदेखि सामुदायिक भवन हुँदै कृष्ण मा.वि. हुँदै मुगाली टोल बाटो कालोपत्रे** (३९-२०७९-७-१६):- २ नं वडा अन्तर्गत रत्न राजमार्गदेखि सामुदायिक भवन हुँदै कृष्ण मा.वि. हुँदै मुगाली टोल बाटो कालोपत्रे योजनाको निर्माणको लागि शोभा लक्ष्मी कन्ट्रक्सन सँग मिति २०७९।३।३० मा ठेक्का सम्झौता गरी आ व २०७८।७९ मा प्रथम रनिङ्ग विल बापत रु ६४५१३२ र आ व २०७९।८० को गो भौ नं ३९।०७९।७।१६ बाट अन्तिम विल बापत रु . १०५५१२९ भुक्तानी भएकोमा सम्पन्न गर्नुपर्ने मिति

२०७९।३।३० भन्दा ८९ दिन ढिला कार्य गरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति बापत रु.७९१२७ असुल नगरी अन्तिम कार्यस्वीकार गरेकोले नियमानुसार म्याद थपको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७९,१२७ |

१२३ **रोयल्टी** - लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि ÷६ बमोजिम तराइका जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु ८ र माटो संकलनमा प्रति क्युव फिट रु ३ का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुलउपर गर्नुपर्ने ब्यबस्था छ।पालिकाभित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो ,ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नगर्दा यस बर्ष स्थानिय सरकारको राजष्व घटी असुल भएको रु

| गो भौ नं र मिथि | उपभोक्ता समितिको नाम | निर्माण सामाग्री | परिमाण | रोयल्टी |
|---|---|---|---|---|
| ७३।०७९।८।२० | तिलक मल्मको घर देखि उमाकान्त काफ्लेको घर सम्मको बाटो निर्माण उ स | माटो | १८४ | १९५०० |
| ६७।०७९।८।१९ | लुद्र सुनारको घरदेखि टोप बहादुर रसाईली को धरसमम् | माटो | ९० | ९५२५ |

| | | | | |
|---|---|---|---|---|
| | पक्की नाला निर्माण | | | |
| ८१।०७९।८।२३ | विपनराको घर देखि हरिप्रसाद थारुको घरसम्म ताली निर्माण उस | माटो | ३३ | ३३६० |
| ८९।०७९।८।१८ | फुलबारी टोल देखि थापा सरको घर जोड्ने आर सि सि नाली निर्माण उस | माटो | ४८ | ५०८० |
| १०६।०७९।९।७ | कृषि हाट बजार चोकदेखि पूर्वपट्टी नाली निर्माण उस | माटो | ८७ | ९१४४ |
| १९३।०७९।१०।२५ | नर्सरी देखि बाला कामीको घर सम्म जाने बाटोको माटो पटान | माटो | १२२ | १३०६६ |

| | | | | |
|---|---|---|---|---|
| | तथा ग्राभेल कार्य निर्माण उ स | | | |
| जम्मा | | | | ५९६७५ |

| | |
|---|---|
| अनियमित भएको | ५९,६७५ |

१२४ **सडक वृक्षारोपण कार्यक्रमः** (६०-२०७९-८-९):- पालिकाले सडक वृक्षारोषण प्रदेश सहकार्य भुक्तानि बाकी दायित्व अन्तर्गत सडक क्षेत्र बृक्षारोपण कार्यक्रम संचालन गरे बापत सडक बृक्षारोपण उपभोक्ता समितिलाई रु ६४८८५० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) राष्ट्रिय राजमार्गमा स्थानीय तहको कार्यक्षेत्र नहुने हुदा उक्त क्षेत्रमा वृक्षारोपण कार्य गरी भुक्तानी दिने कार्य नियमसम्मत देखिएन।

ख) सकडक वृक्षारोपणमा बजेट विनियोजन गरेकोमा ८ र ९ नं वडाको सडक क्षेत्रमा वृक्षारोपण तथा रेलिङ्ग निर्माण योजना कार्य गरेबापतको रकम उपभोक्ता समितिलाई कति विरुवा विक्षारोपण गरेको कहाँ बाट ल्याएर कति रोपेको हो सो को प्रमाण पेश नभएको तथा निर्माण गरेको रेलिङ्ग समेत वलियो र दीर्घकालिन नदेखिएकोले उक्त कार्यको बिरुवा संख्या र रेलिङको गुणस्तर सम्बन्धमा पालिकाले स्थलगत अनुगमन बाट एकिन गरी प्रतिबेदन लिनुपर्ने देखियो।

१२५ **विभिन्न वडामा कालोपत्रे कार्यः** (५७९-२०८०-३-२४):- पालिकाले विभिन्न कालोपत्रे निर्माण को लागि रु. ९०६८१४०९.८१ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु. ४९७४७०५४ कवोल गर्ने दिवा यति विल्डर्स जे भी लाई मिति २०७९।३।२५ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।८।२१ मा सम्झौता गरेकोमा यस आ व २०७९।८० मा गो भौ नं ५७९।०८०।३।२४ बाट अन्तिम विल भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ अनुसार काबूबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिले निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सकिने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित कार्यको लागि मूल्य अभिबृद्धिको कारण तथा अन्य विविध कारण उल्लेख गर्दै मिति २०७९।३।१० मा म्याद थपको लागि निवेदन गरेकोमा प्रथम पटक मिति २०७९।९।३० सम्म म्याद थप भएकोमा पछी पुनः जाडो तथा अन्य कारण भनी पुनः म्याद थपको लागि २०७९।११।१७ मा निबेदन पेश गरेको म्याद समाप्त हुनु भन्दा २१ दिन अगाडि नै म्याद थपको

उचित कारण पेश गरी निवेदन पेश गर्नुपर्ने सो नगरेको हुदा मिति २०७९।१०।१ देखि २०८०।३।८ सम्म १५९ दिनको पूर्व निर्धारित क्षतिपूर्ति बापत रु. ३९५४८९० असुल गर्नुपर्नेमा असुल नगरी अन्तिम कार्यस्वीकार गरेकोले नियमानुसार म्याद थपको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

ख) निर्माण साइट प्राप्त गरेपछी निर्माण व्यवसायीले विमा गरी निर्माण कार्य सुरु गर्नुपर्नेमा निर्माण कार्यको अवधि २०७८।८।२१ लागु हुने गरी विमा जारी गरेको हुनुपर्नेमा निर्माण कार्य सकिनु भन्दा १ महिना अगाडी जारी गरेको विमा बापतको विजकको आधारमा रु ३२७६२० भुक्तानी भएको हुदा उक्त रकम असुल गरी दाखिला प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२८२५१० |

१२६ **पूर्व निर्धारिक्ष क्षतिपूर्तिः -** पालिकाले वडा नं ११ को भवन( NCB 32.076.77) निर्माण को लागि रु. ५०१४८९७ को कवोल गर्ने जय दुर्गे महालक्ष्मी निर्माण सेवाले मिति २०७७।१२।२५ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७७।२।२५ मा सम्झौता गरी आ व २०७७।७८ सम्म प्रथम र दोस्रो रनिङ्ग विल भुक्तानी भएको र मिति २०७८।८।८ म्याद थपको लागि निवेदन दिएकोमा कार्यपालिकाले सवै आयोजनाको लम सममा २०७९।२।३० सम्म म्याद थप भएको छ र त्यसपछि कुनै पनि म्याद थप भएको छैन । साथै आ व २०७८।७९ मा कुनै पनि कार्य नभई आ व २०७९।८० मा गो भौ नं ६५।०७९।८।१२ बाट अन्तिम विल बापत रु. १६४३७५५ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो

क) २०७९ जेष्ठ मसान्त पछि कुनै पनि म्याद थपको लागि निवेदन समेत पेश नभएको हुदा जेष्ठ मसान्त देखि कार्तिक २७ गते सम्मको १४९ दिनको निर्माण व्यवसायीको कवोल अंक को प्रति दिन ०.०५% का दरले १४९ दिनको क्षतिपूर्ति बापत रु ३३१२३० रकम कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु.९८४६० मात्र कट्टी गरेको देखिएकोले बाँकी रु.२३२७६८ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२२,७६८ |

१२७ **पेश्की जमानत -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ बमोजिम तोकिएको म्यादभित्र कार्य सम्पन्न हुन नसकी निर्माण ब्याबसायिको नामको मोबिलाइजेशन पेश्की बाकी रहेमा निजको बंक जमानतबाट पेश्की रकमको सयकडा १० प्रतिशत ब्याज समेत असुल गरी पेश्की फछ्यौट गर्नुपर्ने ब्यबस्था छ। सरस्वती माध्यमिक बिद्यालयको ४ कोठे भवन निर्माण कार्यको सम्झौता रकम रु ३८६१४०१।३४ को कार्य २०७९।०३।२५ भित्र सम्पन्न गर्ने गरी मिति २०७८।८।१४ मा कार्यदिश दिएकोमा दोस्रो विल सम्मको रु १५४८३१३।०० (सम्झौता रकमको ४०.०९ प्रतिशत) को कार्यमुल्याङ्कन भएकोमा पालिकाले प्रथम पटक निर्माण ब्याबसायिको २०७९।३।४ को निबेदन अनुसार २०७९।३।१९ को कार्यपालिकाको निर्णयले २०८० जेष्ठ मसान्त सम्म म्याद थप गरेकोमा उक्त म्याद भित्र पनि कार्य सम्पन्न हुन नसकेकोमा म्याद थप तथा कार्य सम्पन्न भएको देखिएन।अतः नियमावली अनुसार निर्माण ब्याबसायी के.आर कन्ट्रक्सनको नाममा रहेको मोबिलाइजेशन पेश्की रु ६८३००० बैंक जमानतबाट असुल गरी पेश्की फछ्यौट गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८३,००० |

१२८ **निर्माण व्यवसायीको कर बिजक** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ क मा उपभोक्ता समिति ले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति सँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेकोमा उक्त कार्यका बिल अधिकांस निर्माण व्यवसायीको कर बिजक देखिएकोमा पालिकाले अनुगमन गरी उक्त कार्य उपभोक्ता समितिबाट नै भएको हो वा निर्माण ब्यावसायिबाट भएको हो भनी अनुगमन प्रतिबेदनमा खुलाएको देखिएन। कार्यालयबाट निर्माण कार्यको अनुगमन प्रभावककारी हुनुपर्दछ।

१२९ **उपभोक्ता समितिलाइ मु.अ.कर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, रड, साल काठ ,जस्ता पाता र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको भन्दा बढी मुल्य अभिबृद्धि कर रकम असुल गर्नु पर्ने रु.

| गो.भा.नं. | उपभोक्ता समितिको नाम | कार्य विवरण र मुल्यांकन परिमाण | निर्माण सामाग्री खपतमा समावेश भएको मूल्य अभिवृद्धि कर | कर विजक अनुसार उ.सले खरिदमा तिरेको मू.अ.कर | बढी भुक्तानी मू.अ.कर |
|---|---|---|---|---|---|
| ३४१÷२० ८०।१।७ | ने.रा.नि.मा.बि.चौधारीया ४ कोठे भवन निर्माण | १: ३ : ६÷१९.४३ घ.मि. ( सिमेन्ट ८६ बोरा ) | ९७७४९ | ६८९२६( सिमेन्ट खरिद प्रति बोरा रु ५५० ) | २८८२३ |
| | | आर.सि.सि. ÷१: १ / २ : ३÷.८४.१५ घ.मि. ( सिमेन्ट | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६७३ बोरा ) | | | |
| | | ब्रिकमेशनरी १ः ४÷६१.९८ घ.मि. ( सिमेन्ट १२४ बोरा ) | | | |
| | | प्लाष्टर ८०९ ब.मि. ( सिमेन्ट ८१ बोरा ) | | | |
| ३४१÷२० ८०।१।७ | ने.रा.नि.मा.बि.चौधारीया ४ कोठे भवन निर्माण | ब्रिकमेशनरी १ः ४÷६१.९८ घ.मि. ( इट्टा ३४७०९ गोटा ) | ६७००५ | ३९००० ( इट्टा २० हजार खरिद ) | २८००५ |
| ३४१÷२० ८०।१।७ | ने.रा.नि.मा.बि.चौधारीया ४ कोठे भवन निर्माण | डन्डी÷८७१ ९ के.जि. | १११०८० | ४१५८९ ( ३३२७ के.जि. खरिद ) | ६९४९१ |
| ३३९÷२० ८०।१।७ | १० नं वडामा मेट्रो मार्टदेखि दक्षिण दिल बहादुर खत्रीको घरसम्म बाटो आर सि सि | आर.सि.सि. ÷१ः १ ⁄ २ : ३÷३०.१ घ.मि. ( सिमेन्ट २४१ बोरा ) | २४४३७ | १४१३०( सिमेन्ट खरिद प्रति बोरा रु ४५१ ) | १०३०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७÷२०८०।१।७ | ११ नं वडा स्थित पेन्सन क्याम्प शिखर जडिबुटी देखि पुर्व ढाकाराम पौडेलको घरसम्म पक्की नाली निर्माण | पि.सि.सि.१ः २ ः ४÷२९.९९ घ.मि. ( सिमेन्ट १९२ बोरा ) | १९४६९ | ८८२१( १४६ बोरा सिमेन्ट खरिद प्रति बोरा रु ४६५ ) | १०६४८ |
| ३५४÷२०८०।१।१२ | कव गुन्जेश्वरी श्रेष्ठको घरदेखि पुर्व कृष्ण अधिकारीको घरसम्म जाने बाटो निर्माण | पि.सि.सि.१ः २ ः ४÷४१.३० घ.मि. ( सिमेन्ट २६४ बोरा ) | २६७६९ | १८२२४( सिमेन्ट खरिद प्रति बोरा रु ५३१ ) | ८५४५ |
| ३७९÷२०८०।१।२० | पुर्व पश्चिम राजमार्ग देखि गोविन्द पौडेलको घर हुँदै १२ नं वडा कार्यालय आउने बाटोमा नाली निर्माण | पि.सि.सि.१ः २ ः ४÷२१.४६ घ.मि. ( सिमेन्ट १३७ बोरा ) | १३८९२ | ८७२७( सिमेन्ट खरिद प्रति बोरा रु ४९० ) | ५१६५ |
| ३८४÷२०८०।१।२१ | ५ नं वडा स्थित विकासनगर मिना घर्ति मगरको घरदेखि वेष्टर्न स्कुलको गेटसम्म आर सि सि नाली निर्माण | पि.सि.सि.१ः २ ः ४÷४४.४६ घ.मि. ( सिमेन्ट २८५ बोरा ) | २८८९९ | १७०४३( सिमेन्ट खरिद प्रति बोरा रु ४६० ) | ११८५६ |
| ४६४÷२०८०।२।२९ | ढोली खोला बाढी नियन्त्राण रानीघाट र चौधरी गाँउमा पक्की नाला | पि.सि.सि. १ः २ ः ४÷८.३३ घ.मि. ( सिमेन्ट ५४ बोरा ) | १५७१७ | ६९३५ | ८७८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्टोनमेशनरी १ः ६÷३१.७१ घ.मि. ( सिमेन्ट १०१ बोरा ) | | | |
| ४१२÷२० ८०।२।५ | ८ नं वडा स्थित मन्नापुरमा नाली निर्माण | पि.सि.सि. १ः २ : ४÷१२.१४ घ.मि. ( सिमेन्ट ७८ बोरा ) | ७९०९ | ४००५( सिमेन्ट खरिद प्रति बोरा रु ३९५ ) | ३९०४ |
| ४११÷२० ८०।२।५ | १० नं वडा स्थित समृद्धि ट्रेडर्सदेखि पुर्व कँडेलको घर हुँदै चोकसम्म जाने बाटोमा आर सि सि नाली निर्माण | आर.सि.सि. ÷१ः १ / २ : ३÷१४.७२ घ.मि. ( सिमेन्ट ११८ बोरा ) | ११९६५ | ७४६९( सिमेन्ट खरिद प्रति बोरा रु ५१३ ) | ४४९६ |
| ४१६÷२० ८०।२।१० | १२ नं वडा स्थित गोविन्द पौडेलको घर देखि भोज बहादुर थापाको घर सम्म अधुरो नाली निर्मा० | .सि.सि. १ः २ : ४÷१८.८४ घ.मि. ( सिमेन्ट १२१ बोरा ) | १२२६९ | ७३६३( सिमेन्ट खरिद प्रति बोरा रु ४८० ) | ४९०६ |
| ४६४÷२० ८०।२।२९ | ८ नं वडँ मा कालिका मन्दिरमा ट्रष्ट निर्माण कार्य र तार जाली कार्य | फ्ल्याटब्रीक सोलिङ÷४७.२५ ब. मि. ( १९८५ इट्टा ) | १४८३५ | १२२८५ ( खरिद दर इट्टा रु १४ र सि.५५०) | २५५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पि.सि. सि. १ः २ : ४÷८.५६ घ.मि. ( सिमेन्ट ५५ बोरा ) | | | |
| | | ब्रिक मेशनरी १ः ४÷३.८ घ.मि. ( सिमेन्ट ८ बोरा ) | | | |
| | | ब्रिक मेशनरी १ः ४÷३.८ घ.मि. ( २१२८ इट्टा ) | | | |
| | | प्लास्टर १२÷५ एमएम १ः ४÷४४ब.मि. ( सिमेन्ट ५ बोरा ) | | | |
| ४५०÷२०८०।२।२५ | कोहलपुर थारु गाउँ राम दयाल यादवको घर देखी पश्चिम जाने बाटो निर्माण तथा आर सी सी नाली निर्माण | पि. सि. सि. १ः २ : ४÷२० घ.मि. ( सिमेन्ट १२८ बोरा ) | १२९७९ | ७६५४( सिमेन्ट खरिद प्रति बोरा रु ४६० ) | ५३२५ |
| | | पि.सि.सि. १ः २ : ४÷२६.७२ | १८६५८ | १३३२३( सिमेन्ट खरिद | ५३३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५५÷२० ८०।२।२ ८ | रत्न राजमार्गदेखि मन्दिर सम्म पक्की नाली निर्माण कार्य | घ.मि. ( सिमेन्ट १७१ बोरा )<br>स्टोनमेशनरी १ः ४÷४.१७ घ.मि. ( सिमेन्ट १३ बोरा ) | | प्रति बोरा रु ५५७ ) | |
| ५०४÷२० ८०।३।१ ० | ३ नं वडा अन्तगर्त महेन्द्र हाइवेदेखि उत्तर रिता जैसीको घरतर्फको सडक नाली निर्माण | पि.सि.सि. १ः २ : ४÷२९.५६ घ.मि. ( सिमेन्ट १९० बोरा ) | १९२६६ | १०४९७( सिमेन्ट खरिद प्रति बोरा रु ४२५ ) | ८७६९ |
| ५०९÷२० ८०।३।१ २ | १५ नं वडा मा श्री ने रा आ वि चौधरियाको २ कोठे भवन निर्माण तथा तला थप | ब्रिकमेशनरी १ः ४÷२४.८९ घ.मि. ( सिमेन्ट ५० बोरा )<br>प्लास्टर १२.५ एमएम १ः ४÷५०३ ब.मि. ( सिमेन्ट ५० बोरा )<br>आर.सि.सि. ÷१ः १ / २ : ३÷३०.२५ | ३४६७९ | १८०९२ | १६५८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घ.मि. ( सिमेन्ट २४२ बोरा ) | | | |
| ४९६÷२० ८०।३।७ | १४ नं वडा स्थित श्री राम मा वि बैजनाथपुरमा शौचालय निर्माण | पि.सि. सि. १: २ : ४÷५.५९ घ.मि. | २६३६४ | २०७०९ | ५६५५ |
| | | आर.सि.सि. ÷१: १ / २ : ३÷.१४ घ.मि. | | | |
| | | ब्रिक मेशनरी १: ४÷२८ घ.मि | | | |
| | | प्लास्टर १२.५ एमएम १: ४÷५४४ ब.मि. | | | |
| ५१५÷२० ८०।३।१३ | ११ नं वडा स्थित बागेश्वरी बहुमुखी क्यामपसमा पर्खाल निर्माण कार्य | पि.सि.सि. १: २ : ४÷२३.५६ घ.मि. | २५३५० | १४४९५ | १०८५५ |
| | | पि.सि. सि. १: ३ : ६÷२.७८ घ.मि. | | | |
| | | ब्रिकमेशनरी १: | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४÷१८.६८ घ.मि | | | |
| | | प्लास्टर १२.५ एमएम १ː ४÷४९६ ब.मि. | | | |
| ५३९÷२०८०।३।१९ | १२ नं वडा स्थित सुमित्रा खड्काको घरदेखि गोपाल शर्माको घर हुँदै सुवेदीको घरसम्म सडक मर्मत | पि.सि.सि.१ː २ ː ४÷२९.८५ घ.मि. | १९३७१ | १३०५७ | ६३१४ |
| ४३१÷२०८०।२।१४ | ११ नं वडा स्थति पेन्सन क्याम्पको गेट देखि पश्चिम प्रेमा शाहीको घर जाने बाटोमा आर सि सि नाली निर्माण | पि.सि.सि.१ː २ ː ४÷२३.५६ घ.मि ( सिमेन्ट ८६ बोरा ) | ८७२० | ५२४३( सिमेन्ट खरिद प्रति बोरा रु ४६९ ) | ३४७७ |
| २८२÷२०७९।१२।१० | १५ नं वडामा शमशेरगंज स्वास्थ्य चौकीलाई शहरी प्रवर्धन केन्द्रमा स्तरोन्नती गर्न भवन निर्माण तथा भित्री पक्की बाटो निर्माण | पि.सि.सि.१ː २ ː ४÷२०.१७ घ.मि ( सिमेन्ट १२९ बोरा ) | १६९३३ | ५९८२( सिमेन्ट १०० बोरा खरिद प्रति बोरा रु ४६० ) | १०९५० |
| | | ब्रिकमेशनरी १ː ४÷७.३४ घ.मि. ( सिमेन्ट १५ बोरा ) | | | |
| | | प्लास्टर १२.५ एमएम १ː | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४÷२२८ ब.मि. ( सिमेन्ट २३ बोरा ) | | | |
| २८३÷२० ७९।१२। १० | १४ नं वडामा वडा कार्यालयको वाउण्डरी वाल र गेट मर्मत, खानेपानी धारा समरसेल जडान , फिल्टर जडान तथा शौचालय निर्माण | पि.सि.सि.१ः २ ः ४÷२.५७ घ.मि ( सिमेन्ट १६ बोरा ) | १४६०१ | ९२८५( सिमेन्ट खरिद प्रति बोरा रु ४९६ ) | ५३१६ |
| | | ब्रिकमेशनरी १ः ४÷२३.८७ घ.मि. ( सिमेन्ट ४८ बोरा ) | | | |
| | | प्लास्टर १२.५ एमएम १ः ४÷२०९ ब.मि. ( सिमेन्ट २० बोरा ) | | | |
| | | आर.सि.सि. ÷१ः १ / २ ः ३÷.७.४६ घ.मि. ( सिमेन्ट ६० बोरा ) | | | |
| २८१÷२० ७९।१२। १० | २ नं वडामा मनकामना चोक राम थारुको घर देखि | पि.सि.सि.१ः २ ः ४÷१२.४६ घ.मि ( | ८११२ | ४६०२( सिमेन्ट खरिद | ३५१० |

| | | | | | |
|---|---|---|---|---|---|
| | गंगा शाहीको घरसम्म नाली निर्माण | सिमेन्ट ८० बोरा ) | | प्रति बोरा रु ४९६ ) | |
| २९०÷२०७९।१२।१२ | १५ नं वडा श्रवण तमोलीको घरदेखि सियाराम गोडियाको घरसम्म बाटोको दायाँ बायाँ पक्की नाली निर्माण | पि.सि.सि.१ः२ ः ४÷२६.२६ घ.मि ( सिमेन्ट १६८ बोरा ) | १७०३५ | ११९६८( सिमेन्ट खरिद प्रति बोरा रु ५४८ ) | ५०६७ |
| २९९÷२०७९।१२।१७ | ५ नं वडामा गत आ व २०७८।७९ मा सिद्यार्थ मा बि भवन तथा गेट निर्माण | फ्ल्याट ब्रीक सोलिङ÷७५ ब.मि ( इट्टा ३१५० गोटा )<br>ब्रिकमेशनरी १ः ४÷५.४२ घ.मि. ( इट्टा ३०३५ गोटा ) | ११९४० | ३९००( इट्टा खरिद २००० गोटा ) | ८०४० |
| २९९÷२०७९।१२।१७ | ५ नं वडामा गत आ व २०७८।७९ मा सिद्यार्थ मा बि भवन तथा गेट निर्माण | पि.सि.सि.१ः२ ः ४÷८.६ घ.मि ( सिमेन्ट ५५ बोरा )<br>ब्रिकमेशनरी १ः ४÷५.४२ घ.मि. ( सिमेन्ट ११ बोरा ) | ६९९६ | ४४४०( सिमेन्ट खरिद प्रति बोरा रु ४९५ ) | २५५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्लास्टर १२.५ एमएम १ः ४÷२९ ब.मि. ( सिमेन्ट ३ बोरा ) | | | |
| २८८÷२० ७९।१२।१२ | ३ नं वडा स्थित पुर्ण बहादुर सुनारको घरदेखि पश्चिम पक्की नाली निर्माण | पि.सि.सि.१ः २ : ४÷१९.५२ घ.मि ( सिमेन्ट १२५ बोरा ) | १२६७५ | ७८००( सिमेन्ट खरिद प्रति बोरा रु ४८० ) | ४८७५ |
| ३०६÷२० ७९।१२।२२ | ११ नं वडा स्थित सुशिला शाहीको घरदेखि न्यौपानेको घरसम्म नाली निर्माण | पि.सि.सि.१ः २ : ४÷१४.९५ घ.मि ( सिमेन्ट ९६ बोरा ) | ९७३४ | ५५२८( सिमेन्ट खरिद प्रति बोरा रु ४४३ ) | ४२०५ |
| ३०१÷२० ७९।१२।१७ | ६ नं वडा स्थित हर्मतक मिलदेखि पुर्व बालविद्या स्कुल जाने बाटो पक्की नाली निर्माण | पि.सि.सि.१ः २ : ४÷२१.७९ घ.मि ( सिमेन्ट १४० बोरा ) | १४१९६ | ८८६३( सिमेन्ट खरिद प्रति बोरा रु ४८७ ) | ५३३३ |
| ३१९÷२० ७९।१२।२४ | १३ नं वडा अन्तर्गत भरैया ढुङ्ग्रहवा टोलमा पक्की नाली निर्माण | पि.सि.सि.१ः २ : ४÷२०.६ घ.मि ( सिमेन्ट १३२ बोरा ) | ३३९६९ | १०२८९ ( १७५ बोरा प्रति बोरा रु ४६९ ) | २३६८० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्टोनमेशनरी १ः ६÷५३.८ घ.मि. ( सिमेन्ट २०३ बोरा ) | | | |
| ३१८÷२०७९।१२।२३ | १० नं वडा अन्तर्गत रामनगर शिवशक्ती मन्दिरमा सत्संग भवन निर्माण | पि.सि.सि.१ः २ : ४÷११.१६ घ.मि ( सिमेन्ट ७२ बोरा ) | १२३७० | ७७०८( सिमेन्टखरिद प्रति बोरा रु ४८६ ) | ४६६२ |
| | | पि.सि.सि.१ः ३ : ४÷५.६१ घ.मि ( सिमेन्ट २५ बोरा ) | | | |
| | | ब्रिकमेशनरी १ः ४÷१२.५८ घ.मि. ( सिमेन्ट २५ बोरा ) | | | |
| ३७२÷२०८०।१।१९ | ६ नं वडा को कार्यालयमा कम्पाउण्ड वाल निर्माण | १ः ३ : ६÷१.४९ घ.मि. ( सिमेन्ट ७ बोरा ) | ११७६२ | ८४००( सिमेन्टखरिद प्रति बोरा रु ५५७ ) | ३३६२ |
| | | पि.सि.सि.१ः ३ : ४÷७.६८ घ.मि ( | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिमेन्ट ४९ बोरा ) | | | |
| | | ब्रिकमेशनरी १ः ४÷३० घ.मि. ( सिमेन्ट ६० बोरा ) | | | |
| जम्मा | | | | | ३४१३५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४१,३५१ |

१३० **अभिलेख र भर्पाइ** - पालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक स्थान तथा परिवारमा व्याक्तिगत तथा सामुहिकरुपमा खानेपानी धारा तथा हेन्डपम्प जडानगर्दा कुन व्यक्ति वा समूहमा जडान गरेको हो सोको अभिलेख राखी धारा बुझेको भर्पाइ गराउनुपर्नेमा यस बर्ष निम्नानुसार उपभोक्ता समितिबाट निम्नानुसारको हेन्डपम्प जडान गरेको भुक्तानी गरेकोमा लाभग्राहिको अभिलेख र भर्पाइ गराएको नदेखिएको रु

| गो.भौ.मिति | उपभोता समितिको नाम | धारा जडान संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ५३६÷२०८०।३।१९ | १४ नं वडाको विभिन्न ठाउँमा खानेपानी धारा, ह्याण्डपम्प जडान | हेन्डपम्प÷६ वटा | ९०१०४ |
| ५६८÷२०८०।३।२३ | १५ नं वडाको अकलघरवा टोलमा खानेपानी धारा जडान | ४ नम्बर हेन्डपम्प धारा जडान ÷२३ वटा | २८५००० |
| जम्मा | | | ३७५१०४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७५,१०४ |

१३१ **बैठक भत्ता** - लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४ (ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४ (ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयको नियमित क्रियाकलापसंग सम्वन्धित विषयवस्तुमा समेत बैठक वसी बैठक भत्ता भुक्तानी गरेको छ । कानून अनुसार मात्र बैठक भत्ता वितरण गर्नुपर्नेमा सो भन्दा बाहिरको समितिलाई समेत बैठक भत्ता भुक्तानी भएको हुदा उक्त खर्च नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं./मिति | विवरण | रकम | करबाहेक भुक्तानी रकम |
|---|---|---|---|
| १२।२०७९।०७।१६ | उपभोक्ता हित संरक्षण समितिको बैठक | ४९००० | ४१६५० |
| ९१।२०८०।०३।१२ | उपभोक्ता हित संरक्षण समितिको बैठक | ३५००० | २९७५० |
| १७६।२०७९।०७।०३ | का.स.मु. पुनरावलोकन समितिको बैठक | ५६००० | ४७६०० |
| १७७।२०७९।०७।०३ | का.स.मु. पुनरावलोकन समितिको बैठक | २७००० | २२९५० |
| ४६४।२०७९।१०।१६ | करार कर्मचारी का.स.मु. पुनरावलोकन समितिको बैठक | २४००० | २०४०० |
| १२११।२०८०।०३।२० | करार कर्मचारी का.स.मु. पुनरावलोकन समितिको बैठक | ३०००० | २५५०० |

१३२ **अनुत्पादक तथा वितरणमुखी खर्च-** स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने देहायवमोजिक वितरणमुखी कार्यक्रमहरु खर्च लेखेको छ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिंदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | दिवशिय कार्यक्रमहरु | ४४००५८ |
| २ | रेडक्रससंग सहकार्य | ६००००० |
| ३ | नगरस्तरीय युवाक्लवको कार्यालय व्यवसापन तथा क्षमता विकास कार्यक्रम | २२२३९० |
| ४ | नगरप्रमुख छात्रवृत्ति कार्यक्रम | ३५४६०० |
| ५ | संचारक्षेत्र प्रोत्साहन कार्यक्रम | ३९८९९९ |
| ६ | सडकमानव सेवा गर्ने संस्थालाई सहयोग कार्यक्रम | ५००००० |
| ७ | लोकसेवा तयारी कक्षा | ४८६००२ |
| ८ | पुस्तकालय अनुदान | ५०००० |

१३३ **पत्रपत्रिका, सुचना प्रकाशन प्रसारणमा कर** - आयकर ऐन २०५८ को दफा ८९ अनुसार सार्वजनिक निकायले मू अ कर दर्ता सेवा प्रदायकबाट सेवा लिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको सेवा खरिद गर्दा सेवा प्रदायको मू अ कर विजक जारी भएको अवस्था १.५% का दरले कर कट्टी गर्ने र प्यान विलमा १५ % का दरले कर कट्टी गर्नुपर्नेमा सो नगरी १.५% मात्र कर कट्टी गरेको हुदा कम कट्टी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं | वितरकको नाम | रकम | करकट्टी | कट्टी हुनुपर्ने थप कर रकम |
|---|---|---|---|---|
| ३४३।२०७९।९।४ | राजेश्वरी मिडिया हाउस प्रा.लि. | २८००० | ४२० | ३७८० |
| ३६१।२०७९।९।६ | मिसन मल्टिमिडिया प्रा.लि. | २२०१५ | ३३१ | २९७१ |
| ४३०।२०७९।१०।६ | च्यानलरासि दर्पण प्रालि | २०००० | ३०० | २७०० |
| जम्मा | | ७००१५ | १०५१ | ९४५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४५१ |

१३४ **सवारी भाडा** -अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ बमोजिम भुक्तानी दिंदा रित पुगे नपुगेको चेक जाँच गरि भुक्तानी दिने व्यवस्था छ। पालिकाले गो भौ नं मितिबाट जिल्ला दररेट र स्वीकृत दर बेगर गाडि प्रयोगको पुष्टी हुने प्रमाण बेगर सवारी भाडामा खर्च लेखेकोमा आगामी दिनमा दररेट स्वीकृत गरी मितव्ययी तवरले खरिद विधि अनुसार भुक्तानी गर्नुपर्दछ।

| भौ नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| २८९।२०७९।०८।१८ | स्कार्पियो भाडा | विष्णु किरण आचार्य | ९००० |
| २९६।२०७९।०८।१८ | स्कार्पियो भाडा | विष्णु किरण आचार्य | १८००० |
| १२३७।२०८०।०३।२१ | स्कार्पियो भाडा | सीता सुवेदी | ७०००० |
| | जम्मा | | ९७००० |

१३५ **गैरसरकारी संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले श्री सामुदायिक एफ.एम. प्रतिशोधलाई भवन निर्माण कार्यका लागि रु. ४७४०४७ भुक्तानी गरेको देखियो। । नाफामुलक संस्थालाई शेयर सदस्यको स्वामित्व हुने भवन निर्माणमा अनुदान दिन नमिल्ने हुदा उक्त खर्च नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,७४,०४७ |

१३६ **आन्तरिक लेखापरिक्षणको ब्यहोरा**

१३६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ अनुसार आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरूजु फस्यौट गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको आन्तरिक लेखापरिक्षणबाट औंल्याएको वेरुजु लेखापरीक्षणको अवधि सम्म फछ्यौट गरेको नदेखिएकोले उक्त बेरुजु असुल फछ्यौट गर्नुपर्ने देखिन्छ.।

१३६.२ (१०२-२०७९-५-३०):औ बिल भर्पाइ पेश नभएकोः भुमि आयोगको कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चबाट टोटल स्टेशन खरिद गर्दा सामाग्रीको सपेशिफिकेशन, कोटेशन माग गरेको पत्र, कोटेशन दर्ता, र प्राविधिक मुल्यांकन बेगर रु.४,८०,०००|- भुक्तानी गरेकोले प्रमाण कागजात पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८०,००० |

१३६.३ (१३०-२०७९-६-२):औ सम्झौता बेगर भुक्तानीः कोहलपुर Digitaization कार्यक्रम बाट रिपिटर टावर उपकरण जडान कार्य बापत इलेक्ट्रो स्टार इन्टनेशनल प्रा.लि. लाई रु.४,९६,६३५|- भुक्तानी गरेकोमा,

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ र ५ तथा नियमावली ११ बमोजिम प्राविधिक सपेशिफिकेशन सहितको लागत अनुमान तयार गरि खरिद गर्नु पर्नेमा नगरेको रु.४,७१,७७५|-

इलेक्ट्रो स्टार इन्टनेशनल प्रा.लि. र कोहलपुर नगरपालिका विच सम्झौता बेगर इलेक्ट्रो स्टार इन्टनेशनल प्रा.लि. का कर्मचारी को.न.पा. आए बापत आतेजाते, खाना र बसाई बापत स्टार इन्टनेशनल प्रा.लि.को Invoice No. 004 बाट Travel ( २ जना रु.६५०० का दरले) रु.१३,०००|-(भ्याट बाहेक) र Accommodatation बापत रु.(३ दिन ३००० का दरले) ९,०००|-(भ्याट बाहेक) प्रा.लि.को बिल पेश गरि जम्मा रु. २२,०००|-(आयकर सहित) भुक्तानी गरेको हुदा सो बापत खर्च सम्बन्धित प्रा.लि ले गर्नु पर्नेमा को.न.पा.ले स्टार इन्टनेशनल प्रा.लि. लाई रकम भुक्तानी गरेको हुदा, स्पेशिफिकेसन सहितको लागत अनुमान र सम्झौता बेगरको रकम नियमित नदेखिएको रु २२०००

| | |
|---|---|
| अनियमित भएको | ४,९३,७७५ |

१३६.४ (१३३-२०७९-६-२):- सक्कल बिल भर्पाइ पेश नभएकोः नगर सभा बाट पारित गरेको भुक्तानी दिन बाँकि दायित्वमा टि.एल.ट्रेड एण्ड सप्लायर्सलाई रु.२,००,०००|- भुक्तानी गरेकोमा विल, खरिद आदेश र दाखिला प्रतिवेदन छाँयाप्रति देखिएकोले गत बर्ष भुक्तानी नभएको पुष्टी गरी सक्कल बिल भर्पाइ पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

१३६.५ (१९६-२०७९-७-४):- बिल भर्पाइः वेवारिसे लाश व्यवस्थापन (मानव तथा पशुपन्छी) शीर्षकबाट जटायु रिसाईक्लर्स प्रा.लि. लाई बिना बिल रु.७३,५००|- भुक्तानी गरेको देखिएकोले बिल भर्पाइ पेश गर्नपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,५०० |

१३६.६ (२०४-२०७९-७-१६):- भर्पाइ पेश नभएकोः पशु स्वास्थ्य तथा परजीबी नियन्त्रण घुम्ती सिबिर कार्यक्रम खर्च शिर्षकबाट अमृता पाण्डेलाई रु.९९,९५०|- भुक्तानी भएकोमा वितरण गरेको भरपाईको क्र.स. ९ र १० मा

बुझिलिनेको हस्ताक्षर नदेखिएको हुदा खर्च भएको एकिन गर्न नसकिएको एवम् सो वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,९५० |

१३६.७ (४३-२०७९-८-११):- सक्कल बिलः मणी निर्माण सेवा कोहलपुर -११ बाँकेको व्याकहो लोडर कार्यालयले सम्झौता बेगर सवारी साधन प्रयोग गर्दा तोडफोड भएको भनि सवारी साधन मर्मत खर्च शीर्षकबाट आई.एम.ई. अटोमोटिम्भ प्रा.लि. लाई रु.४३,८११|- व्याक लोडर मर्मत वापत भुक्तानी गरेको देखिन्छ, जस्मा तोडफोड गरेको एकिन गर्न नसकिएको हुदा एकिन हुने प्रमाण पेश गर्नु पर्ने साथै Tax Invoice विलको छाँयाप्रति पेश भएको हुदा सक्कल विल पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,८११ |

१३६.८ (७-२०७९-५-१६):- स्पेशिफकेशन र लागत अनुमान बेगर खरिदः (क ) Kabil Health tech Pvt. Ltd. Nepalgunj 2 Newroad Banke को Inovice No. 261 बाट 1) Lead Sheet Door/Window ; 2) Lead Glass 10*12 रु.१,१६,७००|-(भ्याट सहित) बराबरको सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ र ५ तथा नियमावली ११ बमोजिम प्राविधिक सपेशिफिकेशन सहितको लागत अनुमान बेगर खरिद गरेको नियमित देखिएन।

(ख ) जनज्ञानज्योति मा.व. मा विभिन्न विपत व्यवस्थापन गर्न सी. सी. टि. भी. जडान गर्न वडा न. १ को निर्णय अनुसार Pritam Multi Media Center Nepalgunj 20 Banke को Invoice No. 71 बाट रु.४८,५९९|५९ (भ्याट सहित) बराबरको सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ बमोजिम प्राविधिक सपेशिफिकेशन बेगर खरिद गरेको नियमित देखिएन।

(ग)शसर्तको रकम दायित्व सारेकोः आ.व. २०७८/७९ को भुक्तानी दिन बाँकि दायित्वहरु अनुसूची “क” बमोजिम शीर्षकबाट वडा न. २ पुश्पनगर स्थित बाल अस्पताल निर्माण कार्य गरेबापत आ.व. २०७८/७९ (शशर्त पुजीगत गो.भौ.न. ४९) को अन्तिम बिलको अपुग रकम रु.३,३३,१८३|- बाल अस्पताल भौतिक पूर्वाधार निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ।, यसरि कार्यालयले समयमानै भुक्तानी नगरी शसर्तको रकमको खर्च दायित्व सार्दा कार्यालयलाई थप व्ययभार परेको देखिन्छ।

**(घ)सोझै खरिदः- गो भौ १२२ मिति २०७९।६।२-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ र सार्वजनिक खरिद नियमावली २०६४ को ८५ को ४ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्न हुन्न भनि कानुनि व्यावस्था रहेतापनि कार्यालयले एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा कम्तिमा तिनवटा आपूर्तिकताको दरभाउपत्र वा प्रस्तावना माग गरि खारिद गर्नु पर्छ भनि कानुनि व्यवस्था रहेकोमा यस कार्यालयले नापी तथा मालपोत कार्यालयको उद्धघाटनमा मुस्कान टेन्ट हाउस कोहलपुरबाँके बाट बिना प्रतिस्पर्धा प्यान बिलको माध्यम बाट रु.१,३९,३००|- बराबरको सेवा सोझै खरिद गरेको नियमसम्मत देखिएन।

(ङ) गो भौ १३५ मिति २०७९।६।२- **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्न हुन्न भनि कानुनि व्यावस्थ रहेतापनि तपसिलको कार्यालयले सार्वजनिक खरिद नियमावली भुक्तानी २०६४ को ८५ को ४ बमोजिम एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा कम्तिमा तिनवटा आपूर्तिकताको दरभाउपत्र वा प्रस्तावना माग गरि खारिद गर्नु पर्छ भनि कानुनि व्यवस्था रहेकोमा यस कार्यालयले वागेश्वरी स्पोर्टस हाउस कोहलपुर १०, बाँके बाट बिना प्रतिस्पर्धा रु.१,२०,४५८|- बराबरको सामाग्री सोझै खरिद गरेको देखिन्छ जुन नियमसम्मत नदेखिएको।

(च )गो भौ ४९४मिति २०७९।१०।२५- **सोझै खरिदः-** सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ मा परामर्श सेवा सम्बन्धि व्यवस्था गरेको छ सोहि परिच्छेदको नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गर्नु पर्ने कानुनि व्यवस्था रहेकोमा को.न.पा. ले विज्ञ समूह संचालन व्यवस्थापन तथा श्ववेः पत्र निर्माण कार्यक्रम खर्च शिर्षकबाट स्पेशिफिकेशन सहितको लागत अनुमान बेगर रु.७,४८,६२५|- बराबरको सोझै वार्ताबाट खरिद गरि नेटिजन मिडिया प्रा.लि. लाई गरेको देखिन्छ जुन नियमसंगत नदेखिएको ।

**(छ ) सोझै खरिद/ लागत अनुमान बेगर खरिदः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्न हुन्न भनि कानुनि व्यावस्थ रहेतापनि तपसिलको कार्यालयले सार्वजनिक खरिद नियमावलीभुक्तानी २०६४ को ८५ को ४ बमोजिम एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा सोहि नियमावलीको नियम १ को "क" बमोजिम दश लाख रुपैंया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसमान खरिद गर्दा कम्तिमा तिनवटा आपूर्तिकताको दरभाउपत्र वा प्रस्तावना माग गरि खारिद गर्नु पर्छ भनि त्यहि नियमलाई छल्न एकै प्रकृतिका सामाग्री एकै समयमा वा फरक समयमा टुक्रापारीः खरिद गरेको देखिन्छ जस्ले गर्दा सामाग्री खरिद गर्दा यो नियमले बान्छनीय गरेको कार्य गरेको देखिदैन। यो खरिद प्रकृया नियम संगत नदेखिएको रु ३१९३०२९

**(ज)अनुगमनः-**नगरपालिकाले नगरसभाबाट आ.व.२०७९/८० को बजेट निर्माण गर्दा बजेट किताबमा विभिन्न कार्यक्रममा विभिन्न भत्ताको दर निर्धारण गरेको देखिन्छ, जस्मा विभिन्न प्रकारको भत्ताको व्यवस्था गरेको पाईयो । नेपाल सरकारको (अर्थमन्त्रालयको) कार्यसंचालन निर्देशिका २०७७ मा उल्लेखित भत्ता रकम भन्दा अधिक भत्ता रकम निर्धारण गर्नुको स्पस्ट आधार पाईएन (नेपालको संविधानको धारा ५७ को ६ बमोजिम प्रदेश र स्थानीय तहले बनाएको कानुन संघिय कानुनसंग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ एवम ७ बमोजिम स्थानियले बनाएको त्यस्तो कानुन प्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ भनि कानुनि व्यवस्था छ।) । नगरपालिकाले आफुले सम्पादन गर्नु पर्ने कार्यहरु जस्तैः- वजार अनुगमन, योजना अनुगमन, कार्यक्रम अनुगमन, पालिकाद्वारा सञ्चालित तालिम कार्यक्रम जस्ता कार्यहरु गरेवाफत समेत अनुगमन लगाएतका भत्ताहरू बुझिलिएको देखिन्छ, जहाँ कार्यालयले सम्पुर्ण कर्मचारीलाई प्रोत्साहान भत्ता प्रदान गरेकोमा अनुगमन भत्ता समेत प्रदान गर्दा कार्यालयलाई थप व्ययभार परेको देखिन्छ।

(झ ) **अनुदान तथा अभिलेख व्यवस्थापन :-** कृषि, पशु तथा अन्य विकास कार्यक्रम अन्तर्गत विभिन्न व्यक्ति, फर्म तथा कृषक समुहलाई विउ, विजन, कृषि सामाग्री, पशु सामाग्री, सिचाई, च्याउका सामाग्री र अन्य कार्यक्रम

वाफत अनुदान रकम भुक्तानी गरेको देखिन्छ। उक्त भुक्तानीमा कृषि सामाग्री तथा सिचाई सामाग्री सम्बधि फर्म तथा समुहले आफ्नो सँस्थामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने सो प्रमाण पेश नगरेकोमा, पालिकाले उपलब्ध गारेको कृषि विउ, विजन र अन्या सामाग्री प्रयोग गरि कृषकले कति उत्पादन गर्यो, कति विक्री वितरण गर्यो, र कति नाफा गर्यो भन्ने विषयको नियमित अनुगमन तथा प्रतिवेदन नभएको, पालिकाले उपलब्ध गराएको विभिन्न कृषि विउ विजन तथा सामाग्री कुन व्यक्तिले कति परिमाणमा प्राप्त गरेको छ, सो को अभिलेख नराखेको, जस्ले गर्दा अर्को वर्ष सोहि व्यक्तिले सोहि प्रकृतिको अनुदान रकम प्राप्त गर्ने सम्भावना रहने हुँदा यस्ता अनुदान रकमको अभिलेख व्यस्थित गरि नियमित अनुगमन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

१३६.९ (१०९-२०७९-५-२१):- भर्पाइ पेश नभएकोः हिउदे घासको विउ वितरण (बर्सिम) को विउखरिद गरी एस.पि. एग्रो सेन्टरलाइ भुक्तानी गरेकोमा को.न.पा. पशु शाखाले बर्सिम घास १६५० के.जी. खरिद मध्ये ८० के.जी. रु २४००० को र वडा न.३ का सचिब प्रकाश खत्रीले बुझिलिएको १०० के.गी. रु.३०,०००|- बराबरको बर्सिम घास वितरण गरेको भर्पाइ पेश नभएको हुदा भरपाई पेश गर्नु पर्नेरु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,००० |

१३६.१० (१३१-२०७९-६-२):- बितरण भर्पाइः क्षितिज न्यूज सेन्टर कोहलपुर ११, हरियालीमार्ग बाँकेको बिल न.१४० बाट खरिद गरेको स्पईरलर कलम रु.१५० का दरले ९० वटा खरिद गरेकोमा ६० जनालाई मात्र वितरण गरेको भरपाई देखिएको हुदा बाँकि (९०-६०) ३० वटा रु.(३०*१५०) ४,५००|- को वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०० |

१३६.११ (१७५-२०७९-७-३):- बितरण भर्पाइः वडा न.७ मा डेंगु सचेतना कार्यक्रम संचालन बापत सुधन बुढाथोकीलाई कृष्णा स्टेशनरी एण्ड गिफ्ट हाउस कोहलपुर ८ बाँकेको बिल न.५६ बाट डायरी र पेन २३ वटा रु.१०० का दरले रु.२,३००|- बराबरको वितरण गरेको भरपाई नदेखिएको हुदा वितरण भरपाई पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्नु रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३०० |

१३६.१२ (२०६-२०७९-७-१६):- भर्पाइ पेश नभएकोः कार्यालय संचालन तथा प्रशासनिक खर्च शिर्षकबाट मिन ब.बि.क लाई पशु स्वास्थ्य घुम्ती शिविर संचालन गरे वापत रु.९९,९५०|- भुक्तानी गरेकोमा वितरण गरेको

भरपाईको क्र.स. १, २, ३, ४, १६, २३, २४, २९, र १२६ मा बुझिलिनेको हस्ताक्षर नदेखिएको हुदा खर्च भएको एकिन गर्न नसकिएको एवम् सो वितरण गरेको भरपाई पेश गर्नु अन्यथा सो रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,९५० |

१३७ **तिज कार्यक्रम -** पालिकाले महिला उद्यमशिल केन्द्रलाई वडा स्तरीय तिज कार्यक्रम संचालन गरेको भनी गो भौ नं २९।०७९।७।३ बाट रु. ३०००० भुक्तानी दिएकोमा खरिद नियमावली अनुसार उद्यमशिल केन्द्र लाई प्रतिष्पर्धाको आधारमा जनचेतनामुलक कार्यको लागि मात्र परिचालन गर्न सकिने व्यवस्था रहेकोमा यस्तो बितरणमुखि खर्च नियन्त्रण गर्नुपर्दछ।

१३८ **२ दिने क्षमता अभिबृद्धि कार्यक्रम** - पालिकाले शैक्षिक कार्यक्रम क्षमता विकास कार्यक्रम अन्तर्गत २ दिने क्षमता विकास कार्यक्रम संचालन बापत भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा दखियो ।

क) प्रशिक्षक श्री जित बहादुर श्रेष्ठलाई ६ सेसन को प्रति सेसन १६०० का दरले रु ९६०० भुक्तानी भएकोमा कार्यपत्र बापतको प्रमाण संलग्न नगरिकनै भुक्तानी दिएकोले कार्यपत्र पेश हुनुपर्ने रु

ख) शिला गौतम लाई १ कक्षाको १६०० का दरले प्रशिक्षण भत्ता बापत भुक्तानी दिएको मा कार्यपत्र पेश हुनुपर्ने रु.

ग) कार्यसंचालन निर्देशिका २०७७ अनुसार अनुगमन बापत बढीमा ३ जनासम्मलाई अनुगमन भत्ता भुक्तानी गर्न सकिनेमा ७ जनालाई अनुमगन बापत जनही १००० का दरले भुक्तानी दिइ रु ५९५० बढि व्ययभार पारेकोले भुक्तानी दिने आधार पेश हुनुपर्ने रु.

घ) ३४ जना सहभागीलाई नगदै रुपमा १००० का दरले यातायात खर्च दिएकोमा त्यसको १५ प्रतिशतका दरले कर रु २२५० असुल गरी दाखिला प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,४०० |

१३९ **एकतानगर देखि सिमरी गाउँ हुदैं दिशाजन्य लेदो पदार्थ व्यवस्थापन केन्द्र पहुचमार्ग निर्माण वडा न १०, ११ र १३ -** पालिकाले एकतानगर देखि सिमरी गाउँ हुदैं दिशाजन्य लेदो पदार्थ व्यवस्थापन केन्द्र पहुचमार्ग निर्माण वडा न १०, ११ र १३ को लागि रु. १३७४०७०३ को लागत अनुमान तयार गरी टेक्का आव्हान गरेकोमा रु ६९०९३२९ कबोल गर्ने शोभा कन्ट्रक्सन सँग मिति २०८०।२।३० मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७९।८।२० मा सम्झौता भइ ४१ र ४९९।०८०।३।७ बाट अन्तिम विल बापत भुक्तानी भएको श्रेष्ता परिक्षण गर्द निम्नानुसारको व्यहोरा देखियो ।

क) सम्झौता भए पश्चात साईट मोजिलाईज गर्दा विमा गरी कार्य सुरुवात गर्नुपर्नेमा सो नगरी मिति २०८०।२।११ गते जारी भएको विमालेख पेश गरी बिमा बापतको रु. ५४००० भुक्तानि भएको हुदा उक्त रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,००० |

१४० **१५ शैया अस्पताल** - पालिकाले १५ शैया अस्पतालको लागी रु.९५३०५५३५.५१ कबोल गर्ने सि वि एन बयान एन एस जे भी सँग मिति २०८०।१।१५ सम्म सम्पन्न गर्ने गरी मिति २०७८।१।१० मा सम्झौता भई हाल सम्म आठौ रनिङ्ग विल सम्म रु. ३८३७७८५३ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) ठेक्का अवधि २०८०।१।१० सम्म भएकाले उक्त अवधि भन्दा १ महिना अगाडिको अवधिको फ्याक्टरलाई फ्रिज गरी त्यस पछिको आइ. पि .सि. मा मूल्य समायोजन दिनुपर्नेमा आठौ रनिङ्ग २०८० अषाढमा माग गरेकोमा फ्याक्टर फ्रीज नगरी सोही अवधिको फ्याक्टरले मुल्य समायोजन भुक्तानी भएको देखिएकोले कार्यालयबाट शुरु म्याद समाप्त हुनु अगाडीको फ्याक्टरले भन्दा बढि भुक्तानी भएको मुल्य समायोजन रु २५१४६३१ असुल गर्नुपर्ने रु

ख) निर्माण कार्य सुरु हुने वित्तिकै विमा गर्नुपर्नेमा ठेक्काको सुरु अवधि २०७८।१।१५ देखि २०८०।१।१५ भन्दा पछि मिति २०८०।३।२४ मा आठौ रनिङ्ग विलको भुक्तानी दिदा उक्त अवधिमा जारी भएको विमा बापतको रु ११०९७०५ भुक्तानी भएको साथै सम्झौताको स्पेसल कल्जमा विमा बापतको कल्ज नराखेको तथा सम्झौता अन्तिम मिति भन्दा पछि जारी भएको विमा बापत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,२४,३३६ |

१४१ **प्रशासनिक भवन निर्माण** - पालिकाले स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ अनुसार प्रशासकनिय भवनको लागि ५० । ५० प्रतिशत साझेदारी मा निर्माण कार्य गर्ने सम्झौता अनुसार रु. १९५९७७४००.४२ को लातत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु १५३८४८७१०।४२ मा ठेक्का सकार गर्ने एसोसियट जय भवानी रन्जितकार जे भी ले मिति २०७९।३।२६ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी हालसम्म तिन वटा रनिङ्ग विलबाट रु. ३४१७३४१० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) माथी उल्लेखित कार्यविधि को बुदा नं ११(४) अनुसार संघीय सरकारले हिमाली जिल्लामा तिन वर्षको लागि र तराईको जिल्लाको लागि दुई वर्षको निर्माण अवधिका लागि दामासाहीका हिसावले स्थानीय तहको संचित कोषमा रकम उपलव्ध गराउने व्यवस्था रहेको र सो भन्दा पछि हुने कार्यको व्ययभार सम्वन्धित पालिकाले व्यहोर्ने उल्लेख भएकोमा पालिकाले प्रशासनिक भवन २ वर्षमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता

गर्नुपर्नेमा सो नगरी साढे दुई बर्षको कार्यदेश दिई सम्झौता गरेको हुदा पालिकालाई थप व्ययभार पर्ने देखिन्छ ।

ख) ल्याव टेष्ट बापत २१००० भुक्तानी दिएको फोटोकपी विल पेश भएको हुदा सक्कल विल पेश गर्नुपर्ने रु.

ग) CONTRUCTION OF TEMPORARY BRICK BLOCK लाई JOB मा राखी रु २००००० भुक्तानी दिएकोमा कति काम भएको हो कति इट्टा लागेको हो सो इट्टा को प्रयोग निर्माण कार्यमा प्रयोग भइ दोहोरो भुक्तानी हुन कस्ने हुदा उक्त रकम प्राबिधिक पुस्ट्याइ पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,००० |

१४२ **जनज्ञान ज्योती मा. वि .भवन निर्माण**

पालिकाले जनज्ञान ज्योति मा वि को भवन निर्माण को लागि रु ४८३५६५२.६२ कबोल गर्ने जारा इन्जिनियरिङ्ग कन्ट्रक्सन एण्ड सर्भिसेज प्रा ली लाई मिति २०८०।२।३० सम्म निर्माण कार्य गर्ने गरी मिति २०७९।८।२२ मा सम्झौता भइ ३ ओटा रनिङ्ग विल बाट रु. ४६३३४८७ भुक्तानी भएकोमा अन्तिम विल १४४।०८०।३।२२ गते भुक्तानी गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) निर्माण व्यवसायीले २०८०।२।२९ गते अन्तिम विल भुक्तानीको लागि निवेदन गरेको अवस्थामा प्राविधिकले जेष्ठ महिनामा ल्याव टेष्ट गर्न पत्राचार गरेको प्रमाण तथा उक्त अवधिमा ल्याव टेष्ट गरेको विजक संलग्न गर्नुपर्नेमा सो नगरी ल्याव टेष्ट गरेको भनी फोटोकपि विलमा रु २७००० भुक्तानी गरेकोले उक्त रकम असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,००० |

१४३ **प्रशेनीपुर चौधारीया गोहवा गाउँ हुदै रझेना गाउँ जोड्ने सडक कालोपत्रे वडा न ४, ५, ६, १०, र १५ -** पालिकाले प्रशेनीपुर चौधारीया गोहवा गाउँ हुदै रझेना गाउँ जोड्ने सडक कालोपत्रे वडा न ४, ५, ६, १०, र १५(NCB 03.079.30) को निर्माण कार्यको रु. १९११६८१०.४७ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु.११५१६६३७.९७ कवोल गर्ने शोभा लक्ष्मी कन्ट्रक्सन सँग मिति २०८०।२।३० मा सम्पन्न गर्ने गरी मिति २०७९।८।१९ मा सम्झौता गरी हाल सम्म प्रथम रनिङ्ग विल बापत गो भौ नं ३४ र ४५७।०८०।२।२८ बाट रु २४०६०८० अर्थात सम्झौता रकमको २०.८९ प्रतिशत भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) २ पटक गरी अग्रिम पेश्की जमानत बापत १ पटक म्याद थप गरी मिति २०८०।४।५ सम्म म्याद भएको भएतापनि लेखापरीक्षण अवधि सम्म समेत कुनै पनि कार्य प्रगति नभएको हुदा पेश्की बापत भुक्तानी लिएको रु. ९८२६१२ को अग्रिम जमानत पत्रको म्याद समेत समाप्त भइसकेको हुदा उक्त जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने वा रकम असुल गरी पेश्की फछ्र्यौट गर्नु पर्दछ।

ख) कार्यालयले विभिन्न मितिमा निर्माण कार्यको ताकेता गर्दा समेत निर्माण कार्य नभएको हुदा उक्त योजना सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(११) अनुसार धरौटी, कार्यसम्पादन जमानत लगायत अन्य कुरा जफत गरी ठेक्का सम्झौता अन्त वा नियमानुसार पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४४ **सामाग्री खरिद** - विशेष योजना संचालन अनुसार जुन कार्यक्रमको जुन जुन क्रियाकलाप संचालन गर्ने गरी प्रस्ताव पेश गरेको हो उहि कार्यमा अनुदान रकम खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सिकल्सेल एनिमिया ल्याव संचालन तथा व्यवस्थापन कार्यक्रम पुँजिगत मा विनियोजित बजेट बाट निम्नानुसार विभिन्न सामाग्री खरिद तथा भवन निर्माण बाईक र ल्यापटप खरिद गरेको देखिएकोले उक्त खर्च नियमित नदेखिएको रु

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने पक्ष | भुक्तानी रकम |
|---|---|---|---|
| १४२।०८०।३।२२ | बाईक खरिद | ग्रीन ईनर्जी मोटर्स प्रा.ली | २७२५०० |
| १२९।०८०।०८०।३।२० | ल्याब भवन मर्मत कार्य | दिपेश कन्ट्रक्सन | ३९१०३२ |
| ६३।०८०।१।७ | भवनको तला थप | सात भाई कन्ट्रक्सन | १९५७३६१ |
| जम्मा | | | २६२०८९३ |

| अनियमित भएको | २६,२०,८९३ |
|---|---|

१४५ **खेलकुद पूर्वाधार निर्माण वडा नं २** - पालिकाले संघीय ससर्त बजेट अन्तर्गत खेलकुद पूर्वाधार निर्माण कार्यको लागि रु. ७५७७२८६६.६९ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु. ५८०८४५६९.३१ कवोल गर्ने धुलिखेल।जे.के.। जे भी (प्यान नं. ६१३२८८००४) सँग मिति२०७९।११।१५ मा सम्पन्न

गर्ने गरी मिति २०७७।११।१७ मा सम्झौता भई हालसम्म चौथौ रनिङ्ग विल सम्म रु १४४००००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

क) आ व २०७७।७८ मा गो भौ नं ३२२।०७७।११।२८ बाट पेश्की बापत रु १०००००००० भुक्तानी भएकोमा प्रथम रनिङ्ग विल बापत गो भौ नं ६५।०७८।६।२४ बाट रु ५०००००० पेश्की फर्छ्यौट भएको र त्यसपछि पेश्की फर्छ्यौट भएको छैन। साथै अग्रिम भुक्तानी जमानतपत्रको म्याद समेत सकिसकेको हुदा पेश्की बापतको रु ५०००००० नियमानुसार असुल गरि पेश्की फछ्यौट गर्नुपर्ने रु

ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा मात्र भेरिएशन आदेश स्वीकृत गराउनुपर्ने व्यवस्था रहेकोमा निर्माण कार्यको सुरुमै माटो भरी हाईट उठाउनुपर्ने सामान्य आकलन गर्न सकिने अवस्था साथै निर्माण कार्य गर्नुपूर्व विस्तृत अध्ययन प्रतिवेदन तयार गरी ठेक्का व्यवस्थापन भएकोमा माटो भर्ने कार्यको भेरियसन आदेश स्वीकृत गरी गो भौ नं ५६।०७९।१२।१५ बाट रु. १६४७२८२ भुक्तानी भएको देखिएकोले गलत डि पि आर रिपोर्ट तयार गर्ने परामर्शदातालाई कानून अनुसार जिम्मेवार बनाउनु पर्दछ ।

ग) निर्माण व्यवसायीलाई निर्माण साईट हस्तान्तरण गरिसकेपछि विमा गरेर निर्माण कार्य सुरु गर्नुपर्नेमा निर्माण कार्यको म्याद सकिसकेर म्याद थप गरी तेस्रो रनिङ्ग विल गो भौ नं २०८०।१।२० मा माग गर्दा मिति २०८०।१।२४ देखि लागु हुने गरी सोहि मितिमा जारी भएको विमाको पत्रको आधारमा बिमा बापत रु. १११५०२० भुक्तानी भएको हुदा प्रयोजन विहिन रकम भुक्तानी दिनको लागि मात्र विमा पत्र पेश भएको र त्यसपछि निर्माण कार्य अलपत्र पारेर छाडेकाले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

घ) निर्माण व्यवसायीले म्याद समाप्त हुनु भन्दा २१ दिन अगाडि निर्माण कार्य समयमा समाप्त नहुनुको कारण सहित निवेदन दिनुपर्नेमा सो नगरि २०७९।११।१४ मा म्याद समाप्त हुनेमा २०७९।१२।१२ मा निवेदन दर्ता गरेको देखिएकोमा पालिकाले उक्त मूल्य वृद्धिको कारण कति दिन निर्माण कार्य रोकिएको हो सो आधारमा म्याद थप गर्नुपर्नेमा साथै खरिद नियमावली २०६४ को बाह्रौ संशोधन अनुसार २०८०।३।३० भन्दा पछिको अवधिमा म्याद थपको व्यवस्था नै नरहेको भएतापनि पालिकाले २०८०।५।३० सम्म म्याद थप गरेकोमा लेखापरीक्षणको अवधी २०८०।९।३० मा स्थलगत निरीक्षण गर्दा कुनै पनि नयाँ प्रगति भएको नदेखिएकोले खरिद नियमावली २०६४ को नियम १२०(११) अनुसार खरिद सम्झौता अन्त्य वा नियमानुसार पुर्वनिर्धारित क्षतिपुर्ति रकम असुल गरी कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ।

 

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,१५,०२० |

१४६ **विशेष योजना** - पालिकालाई यस वर्ष संघीय विशेष आयोजना कार्यान्वयनको लागि सिकल्सेल एनिमिया ल्याव संचालन तथा व्यवस्थापन कार्यक्रममा रु १ करोड विनियोजन गरी रु ८८३१७५७ खर्च भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा दखियो ।

क) विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ को बुदा नं ७(क) मा नेपाल सरकारले प्रदान गरिने विशेष अनुदान रकम तलवभत्ता, मसलन्द लागतका साधारण खर्च तथा ऋण लगानी मा खर्च गर्न नपाइने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको गो भौ नं र मितिबाट एनिमिया ल्याव संचालन तथा ब्यबस्थापन कार्यक्रम पुजिगत शिर्षकबाट ल्याव सँग सम्वन्धित नभएका ६ कर्मचारीलाई मंसिर देखि अषाढ सम्मको तलव भत्ता भुक्तानी गरेको नियमित नदेखिएको रु

| गो भौ नं र मिति | कर्मचारी | तलव स्केल | जम्मा भुक्तानी |
|---|---|---|---|
| विभिन्न | अञ्जली धामी | ३४७३० | २७७८४० |
| | लक्ष्मी अधिकारी | ३४७३० | २७७८४० |
| | शिव गौतम | ३४७३० | २७७८४० |
| | सुनिता थारु | ३४७३० | २७७८४० |
| | बाल कुमारी परियार | ३२९०२ | २६३२१६ |
| | शलिफ अलि जुगर | २४७०२ | १९७६१६ |
| जम्मा | | | १५७२१९२ |

| | |
|---|---|
| अनियमित भएको | १५,७२,१९२ |

१४७ **जनज्योती आ वि को भवन निर्माण** - पालिकाले जनज्योती आ वि को भवन निर्माण गर्नको लागि रु ५३९८६२६ को लागत अनुमान तयार गरी चार कोठे भवन निर्माण उपभोक्ता समितिको १६.६५ प्रतिशत लागत साझेदारी हुने गरी मिति २०८०।२।१५ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७९।९।१९ मा सम्झौता भएको निर्माण कार्यको ३ बटा रनिङ्ग विल बापत भुक्तानी भएको रु. ४५२१०४७.८१ र त्यसको जनश्रमदान बापत रु.७५२७५५(जनश्रमदान १६.६५%) सहित रु.५२७३८०१.३२ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) आय कर ऐन २०५८ को दफा नं ८९(३क) अनुसार उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले जनज्योति आ वि को ४ कोठे भवन निर्माण उपभोक्ता समितिलाई रु ५२७३८०१.३२ भुक्तानी भएको त्यसको अग्रिम कर बापत रु ७९१०७ रकम कट्टी गर्नुपर्नेमा कट्टी गरेको नदेखिएकोले कर रकम असुल गरी दाखिला प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,१०७ |

१४८ **अनुगमन खर्च र बैठक भत्ता** - विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ को बुदा नं ७(क) मा नेपाल सरकारले प्रदान गरिने विशेष अनुदान रकम मसलन्द लागतका साधारण खर्चमा खर्च गर्न नपाइने व्यवस्था रहेको छ ।पालिकाले विशेष अनुदान अन्तर्गत सिकल्सेल एनिमिया सम्वन्धि ल्याव संचालन तथा व्यवस्थापन कार्यक्रममा पुजिगत शिर्षकमा विनियोजन भएको रकमबाट अनुगमन जस्ता विभिन्न साधारण खर्च गरेकोले उक्त खर्च नियमित नदेखिएको रु

| गो भौ नं र मिति | कार्यक्रमको नाम | भुक्तानी पाउने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|
| १५।०७९।८।२९ | सिकलसेल एनिमिया स्क्रिनिङ्ग र पहिचानका लागि गठित समन्वय समितिका पदाधिकारीहरुलाई बैठक भत्ता र खाजा/खानाको रकम भुक्तानी - | शिव गौतमलाई | २७८०० |
| २२।०७९।९।२९ | सिकलसेल ल्याबमा कार्यारत कर्मचारीहरुको २०७९ साल साउन देखी मंसिर महिना सम्म समुदायस्तरमा गई रक्तनमुना संकलन तथा | | ८७००० |

| | | | |
|---|---|---|---|
| | सिकल सेलको रिपोर्ट वितरण कार्य गरेबापतको यातायात खर्च रकम भुक्तानी - | | |
| ३०।०७९।१०।१० | २०७९ साल माघ ४ गतेका दिन को न पा को सिकलसेल एनिमिया तथा थालसेमिया रोग न्युनिकरण सम्बन्धी बैठक बसेबापतको रकम भुक्तानी - | | ९८०० |
| ३४।०७९।१०।२५ | सिकल सेल ल्याब शाखामा कार्यारत कर्मचारीहरुको २०७९ साल पौष महिनामा वडा नं १ देखि १५ सम्मको विभिन्न टोलमा गई रिपोर्ट वितरण एंव रक्त परिक्षणका लागि नमुना संकलन कार्य गरेबापत यातयात खर्च रकम भुक्तानी - | | २२२५० |
| ३५।०७९।१०।२५ | सिकलसेल एनिमिया तथा थालेसिमिया रोगको अभिमुखिकरण कार्यक्रम गरेबापतको रकम शिव गौतमलाई भुकतानी - | | ४५१५० |
| ५१।०७९।१२।७ | सिकलसेल एनिमिया रोग न्युनिकरणका रिपोर्ट वितरण कार्यक्रमको नगर उप प्रमुखको संयोजक्त्वमा मिति २०७९।१०।१८ गते र २०७९।११।०४ | | १०००० |

| | | | |
|---|---|---|---|
| | गते अनुगमन गरेबापतको रकम भुक्तानी | | |
| ६४।०८०।१।८ | सिकल सेल ल्याब शाखामा कार्यारत कर्मचारीहरुको २०७९ साल माघ देखि चैत्र महिनामा वडा नं १ देखि १५ सम्मको विभिन्न टोलमा गई रिपोर्ट वितरण एंव रक्त परिक्षणका लागि नमुना संकलन कार्य गरेबापत यातयात खर्च रकम भुक्तानी | | ६२००० |
| ६६।०८०।१।११ | सिकलसेल एनिमिया तथा थालेसेमिया रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रमको संचालन वापत रकम भुक्तानी - | | ४५९१६ |
| १००।२।३२ | वडा नं.५ र ६, वडा नं.८ र वडा नं. १० मा सिकलसेल एनिमिया तथा थालेसेमिया रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेबापतको रकम भुक्तानी - | विभिन्न २० जना | १६९०८० |
| १०७।०८०।३।७ | कोहलपुर मिडिया हाउस प्रा लिलाई विभिन्न मितिमा सिकलसेल तथा थालेसेमिया सम्बन्धी सुचना प्रचारप्रसार गरेबापतको रकम भुक्तानी - | | ४९९९९ |

| | | | |
|---|---|---|---|
| ११४।०८०।३।१४ | मिति २०८०।०३।०९ गते १३ नं वडामा र मिति २०८०।०३।१० गते ११ नं वडामा सिकलसेल एनिमिया रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरेबापतको रकम भुक्तानी - | | ८३८९५ |
| १३३।०८०।३।२१ | जिन्सी शाखाको दाखिला, सम्झौता र भुक्तानी दिने तोक आदेश अनुसार सिकलसेल रोगको बारेमा डकुमेन्ट्री गराएबापतको रकम भुक्तानी - | किसान आवाज प्रा लि लाई | २४७००० |
| जम्मा | | | ८५९८९० |

| | |
|---|---|
| अनियमित भएको | ८,५९,८९० |

१४९ **रकम फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५०(४) मा आर्थिक वर्षको अन्त्यसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन, त्यस्तो रकम अन्य कोषमा जम्मा गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले बजेट फ्रिज हुन नदिनको लागि संघीय बजेट बाट विनियोजन भएको रकम वर्षान्तमा विद्यालयको खातामा भुक्तानी गरी बजेट रोक्का राख्नको लागि प्रत्र लेखेको देखिएकोले उक्त रोक्का राखेको रकमको भौतिक निर्माणको कार्य सम्पन्न प्रतिबेदन पेश हुनुपर्ने रु.

| गो भौ नं र मिति | विद्यालयको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११०।०८०।३।१० | श्री त्रिभुवन मा वि | प्राविधिक धार संचालन को लागि अनुदान | ४०००००० |
| १३०।०८०।३।२० | श्री त्रिभुवन मा वि | नमुना विद्यालय | १०००००० |
| जम्मा | | | ५०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

१५० **आन्तरिक लेखापरिक्षणको ब्यहोरा**

१५०.१ (१४- आर्थिक, सामाजिक-२०७९-७-१६):

बिल भर्पाइः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ।

(क) Sagarmatha Books House Kohalpur 11, Banke Bill No.7 बाट खरिद गरेका विभिन्न सामाग्री वितरण गरेको रु.१०,११०|- को भर्पाइ पेश नभएको रु

(ख) मिलि जुली पिन्टर्स कोहलपुर ११ न्युरोड(बाँके) को विल न.५७ अनुसार भिडियो निर्माण छायांकन र सम्पदान बापत रु.१०,०००|- भुक्तानी भएकोमा भिडियो पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,११० |

१५०.२ (१६-२०७९-८-१४):

दाखिला प्रमाणः खेलकुद तथा युवा लक्षित कार्यक्रम शिर्षकबाट बाँके जिल्ला खेलकुद विकास समितिलाई Nep Next Pvt. Ltd. Newroad, Nepalgunj Invoice No.241 मा खरिद भए बमोजिम Bag – 4; Sport Shoe -4; Short -8; खरिद गरेको सामाग्री दाखिला प्रतिवेदन र वितरण गरेको भरपाई बेगर रु.५२,५००|- समितिलाई भुक्तानी गरेको देखिएकोले समितिले जिन्सि दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,५०० |

१५१ **आन्तरिक लेखापरिक्षणको ब्यहोरा**

१५१.१ (३४२-२०७९-९-३):- बिल भर्पाइ तथा खरिद प्रक्रीयाः आ.व.२०७८/७९ को भुक्तानी दिन बाँकि दायित्वहरु अनुसूची "क" बमोजिम भुक्तानी दिन बाँकि दायित्वको शीर्षकबाट हेफर प्रोजेक्ट नेपाललाई रु.४,०१,६५३|- भुक्तानी दिएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को प्रक्रिया पुरा गरेको देखिएन।

• साना किसान उध्यमी परियोजना संचालनको लागि मिति २०७६/१०/५ गते हेफर नेपाल र कोहलपुर नगरपालिका विच सम्झौता भएकोमा निम्न बमोजिम देखियो।

• पालिका स्तरमा कृषि, पशु, स्वास्थ्य, खानेपानी, शिक्षा, लगायत अन्य सामाजिक क्षेत्रमा कार्य गर्ने विषयगत शाखा तथा विषयगत विशेषज्ञ कर्मचारी सम्बन्धि क्षेत्रमा सेवा प्रवाह र उक्त कार्यक्रम संचालन गर्न सक्ने दक्षता हुदाहुदै कन्सल्टेन्सी हायर गर्नु पर्ने आधार पुष्टि हुन सकेन।

• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) को १(क) मा नगरप्रमुखको काम कर्तव्य र अधिकारको व्यवस्था अनुसार नगर प्रमुखले खरिद सम्बन्धि कार्य गर्न पाउने व्यवस्था उल्लेख नभएकोमा सो विपरित नगर प्रमुखबाट खरिद सम्झौता भएको देखियो।

• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) को (ट) मा प्रमुख प्रशासकीय अधिकृतले सार्वजनिक खरिद योजना तयार गरि खरिद सम्बन्धि कार्य गर्ने गराउने व्यवस्था भएकोमा प्रमुख प्रशासकिय अधिकृत रोहवरमा मात्र देखियो।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५०(१) मा कार्यालयले मालसामान खरिद गर्न सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धि कामको लागि सरकारी कर्मचारी बाहेक कुनै व्यक्ति, फर्म, सँस्थ वा कम्पनीलाई पेश्की दिदा प्रचलित कानुन बमोजिम बैंक जमानत लिनु पर्ने व्यवस्था रहेकोमा सो विपरित पेश्की दिएको देखियो।

